
मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ८८ वैशाख २०७३


भाग-३

मौलिक हक र कर्तव्य

१६. सम्मानपूर्वक बाँच्न पाउने हक : (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।

(२) कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन ।

१७. स्वतन्त्रताको हक : (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

तर,

(१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, संघीय



मूल्य : रु. २०।-

## नेपालको संविधान र मौलिक हकहरू

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू



### सुविधाहरू

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

मानवअधिकारसम्बन्धी

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति


अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१, इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष २० पूर्णाङ्क ८९ वैशाख ०७३




- नेपालको संविधान र मौलिक हकहरू
  - *अधिवक्ता तेजमान श्रेष्ठ* ७

- संविधान कार्यान्वयनका जटिल पक्षहरू/ *शोभाकर बुढाथोकी* १६
- कर्णाली र खाद्यान्नको अधिकार/ *श्रीराम अधिकारी* २१
- मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा संवैधानिक निकायहरूको भूमिका/ *सूर्यबहादुर देउजा* २४
- नेपालमा बोक्सीको आरोपसम्बन्धी कानुनी व्यवस्था र प्रयोग/ *टिकाध्वज खड्का* २९
- क्रसर उद्योग चुरे संरक्षणमा चुनौती बन्दै/ *अजयकुमार साह* ३३
- खाद्य सङ्कटको मारमा कर्णाली/ *कालीबहादुर मल्ल* ३५
- पुस्तक समीक्षा / *गीता माली* ३७
- लघुकथा/ *आत्माराम शर्मा पुडासैनी* ३८
- कविता/ *लेखनाथ भण्डारी* ३८
- नेपालमा बिक्री वितरण गरिने सबै वस्तु गुणस्तरयुक्त छैनन्/ ज्योति बानियाँ ३९

**नियमित स्तम्भहरू**

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
विजयराज गौतम

**सम्पादक**
मदन पौडेल

**व्यवस्थापन**
शैलेश शर्मा

**मुद्रक**
ड्रिम ग्राफिक्स
काठमाडौँ

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)** द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१, इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

## यथावत

भूकम्पपछिको पुनःनिर्माणसँग जुध्न पनि राष्ट्रिय शक्ति मिलेर जानुपर्छ। संविधान कार्यान्वयन र तराई आन्दोलनलाई सम्बोधन गर्नको लागि पनि सबै शक्ति एक ठाउँमा आउनुपर्छ भन्ने मेरो भनाइ छ। त्यसको निम्ति राष्ट्रिय सहमतिको सरकार उत्तम विकल्प हो भन्ने मलाई लाग्छ।



**पुष्पकमल दाहाल**, पूर्व प्रधानमन्त्री एवम् अध्यक्ष, एनेकपा माओवादी
वर्तमान समस्या र समाधानबारे अन्तर्वार्ता दिँदै
०७२ चैत १९-२५, विमर्श साप्ताहिक



नेपालको संविधान विश्वकै समावेशी र उत्कृष्ट छ। ९० प्रतिशत जनता सहभागी भएर संविधान निर्माण भएको इतिहास विश्वमा कतै छैन। संविधान कार्यान्वयनको चरण आएकाले विवादको अर्थ रहँदैन। संविधान जनताका ९० प्रतिशत प्रतिनिधिबाट अनुमोदन भएको हो।

सुवासचन्द्र नेम्वाङ, पूर्व सभामुख
थारु पत्रकार सङ्घको पाँचौं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा नयाँ संविधानको वैधानिकता र प्राप्त जनमतबारे प्रष्ट्याउँदै
अन्नपूर्ण पोष्ट दैनिक, ०७२ चैत २१

कसले के विचारले के के कुरा गरिरहेका छन्, त्यो मलाई थाहा छैन। तर, जनताले आन्दोलनबाट ल्याएका कुनै पनि उपलब्धिहरूमा पुनः विचार गर्नुपर्छ भन्ने ठीक होइन। जनताले ल्याएको गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षताको कुरा गुमाउने भन्नु काँग्रेस मास्ने कुरा हो।



**सुजाता कोइराला**, नेतृ, नेपाली काङ्ग्रेस
जनआन्दोलनका उपलब्धि र काङ्ग्रेसको महाधिवेशनबारे अन्तर्वार्ता दिँदै
०७२ चैत १५, नेपाल साप्ताहिक



सरकार वास्तवमै आगोको भुङ्ग्रोमै खडा भएको थियो। सरकारले पाँच महिनामा सबैभन्दा महत्वपूर्ण काम राष्ट्रिय स्वाधीनतालाई कायम राखेर भारतीय नाकाबन्दी टुङ्ग्याएको छ। खासगरी चीनसँग दूरगामी महत्वका समझदारी सरकारले निर्माण गरेको छ।

**प्रदीपकुमार ज्ञवाली**, सचिव, नेकपा एमाले
सरकारका ६ महिने कामको मुल्याङ्कन र अन्य समसामयिक स्थितिबारे अन्तर्वार्ता दिँदै
०७२ चैत २२, साँघु साप्ताहिक

## कार्टून




**साभार** :
कान्तिपुर दैनिक
२०७२ चैत २०

प्रिय पाठक !

### तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?

### प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?

### कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

**सम्पादक**

# संविधान कार्यान्वयनका चुनौतीहरू

संविधानसभाले नेपालको संविधान जारी गरेसँगै यसको असल कार्यान्वयनका सन्दर्भमा बहसहरू सुरु भएका छन्। अबको यो समय संविधान कार्यान्वयनको हो। विश्वका अन्य देशमा पनि संविधान लागु भईसकेपछि संविधानका बारेमा अन्तरविरोधहरू देखिएका छन्। संविधानलाई सबैले साझा दस्तावेज मान्न नसक्दा यस्ता समस्याहरू देखिने गरेका छन्। विश्वका कतिपय देशमा संविधान जारी भएपछि द्वन्द्वको विजारोपण भएको उदाहरण पनि हाम्रा माझमा छन्। यसअघि फ्रान्स, अमेरिका, भारत, इन्डोनेसिया, बेलिभियालगायत करिब तीन दर्जन देशमा संविधानसभा गठन भएको र संविधानसभाबाट संविधान जारी हुने बेला अधिकांश देशमा विरोध भएको थियो। महत्वपूर्ण कुरा के हो भने धेरै देशमा संविधान जारी भएपछि विरोधको स्वर कमजोर भएर गएका छन् त्यसलाई थेग्न नसकेर कतिपय देश सङ्कटमा पनि परेका छन्।

नेपालमा संविधान जारी हुँदा अहिले मात्र हैन २०४७ साल, २०६३ सालमा पनि विरोध भएकै हो। त्यस्तै संविधानसभाबाट संविधान निर्माण गरेका अधिकांश देशले जारी हुने अन्तिम घडीमा ठूलै विरोध र सङ्कट सामना गरेका छन्। जनताको प्रतिनिधिले बनाएको भए पनि जारी गर्ने समयमा अल्पमतमा पर्ने पक्षले विरोध गर्ने गरेका छन्। समयक्रमसँगै विरोधका स्वरहरू क्रमशः मत्थर हुँदै जाने गरेको हामीले देखे भोगेकै हो

संविधान जारी भएसँगै यसको कार्यानवयनको पहिलो काम नयाँ सरकार गठनबाट सुरु भयो। संविधानमा व्यवस्था भएअनुरुप नै राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखको चुनाव सम्पन्न गरी संविधानको कार्यान्वयनको सुरुआत भएको छ। तर, यो संविधानले तय गर्नुपर्ने बाटो निकै लामो छ। संविधान जारी भएको सात महिना पूरा हुन लाग्दा संविधानले अपेक्षा गरेअनुसारका कानुन तथा नियमावली बनाउने कार्यमा सरकारी तदारुकता अपेक्षाकृत देखिएका छैनन्।

संविधानमा लेखिएका सबै कुरा लागु लागु भइहाल्छन् भन्ने हुँदैन। क्रमशः यसको कार्यान्वयन सुरु हुनुपर्ने हो। हाम्रो संविधानमा मधेसी, दलित, महिला, आदिवासी जनजाति तथा पछाडि पारिएका मानिसको अधिकार संरक्षणका लागि प्रगतिशील व्यवस्थाहरू छन्। संविधान प्रदत्त यी अधिकार प्राप्तिका लागि संविधान कार्यान्वयन गर्ने सवालमा राज्य चुक्यो भने जनतामा व्यापक निराशा छाउनेछ। जसका लागि जनस्तरबाट पनि व्यापक दबाब सृजना गरिनुपर्छ ।

संविधान जारी भएसँगै तराई मधेसमा भएको आन्दोलन तथा अन्य समुदायमा देखिएको असन्तुष्टि समाधानका लागि राज्यका तर्फबाट प्रभावकारी पहल कदमी हुन जरुरी छ। तराई मधेस तथा जनजातिलगायत अन्य क्षेत्रीय, जातीय, लैङ्गिकरूपमा देखिएका असन्तुष्टिको सम्बोधन गर्नेतर्फ ध्यान जानुपर्छ। संविधानप्रति असन्तुष्टि भएकै हुनाले आन्दोलनका कार्यक्रमहरू भएका हुन् भन्नेतर्फ सत्तासिन राजनीतिक दलहरू सचेत हुनुपर्छ। संविधान जारी भएसँगै राष्ट्रिय एकता, अक्षुण्णता र सार्वभौमिकताका सन्दर्भमा पनि स्वरहरू मुखरित भएका छन्। युगौंदेखि कायम सामाजिक सद्भाव, अभ्यास र गतिलाई संरक्षित र परिष्कृत गर्दै उन्नत दिशातिर राज्यलाई हिँडाउने चुनौती वर्तमान नेतृत्वलाई छ।

नयाँ संविधान लागु गर्न १ सय भन्दा बढी नयाँ कानुन बनाउनुपर्ने साथै हालका कार्यान्वयनमा रहेका ३ सय भन्दा बढी कानुन संशोधन आवश्यक छन् । यो संविधानमा उल्लेख भएका ३१ वटा मौलिक हकमध्ये २१ वटा कानुन बनाएर मात्र उपभोग गर्न सकिने व्यवस्था गरिएको छ जुन आफैँमा एउटा जटिल विषय हो। मौलिक हकमा उल्लेख गरिएका विषयहरुको कार्यान्वयनका लागि असल कानुन बनाउन सकिएन भने तिनको उपभोग जनताले गर्न पाउने छैनन्। नयाँ संविधान कार्यान्वयनका क्रममा थुप्रै चुनौती आइपर्न सक्छन् जसको समाधानका उपाय राजनीतिक नेतृत्वले बुद्धिमतापूर्वक खोज्न आवश्यक छ। संविधानमा उल्लेख भएअनुसार स्थानीय निकायको निर्वाचन सम्पन्न गर्नेतर्फ राजनीतिक दलहरूमा देखिएको उदासिनताले उनीहरू अझै पनि स्थानीय निकायको निर्वाचन गर्नेतर्फ अग्रसर भईहाल्लान् जस्तो देखिएको छैन। यसैगरी दुई वर्षभित्र संसद्को निर्वाचन सम्पन्न गुर्नपर्ने कार्यभारसमेत संविधानले तोकेको छ। सरकार गठन भएलगत्तै सरकार ढाल्न सुरु हुने खेलले मुलुकमा सँधै अस्थिरता कायम रहन्छ र जनताका दैनन्दिनका समस्या समाधान तथा देशको समुन्नतितर्फ ध्यान जाँदैन।

संविधानले एकात्मक शासन प्रणाली अन्त्य गर्दै सङ्घात्मक व्यवस्थाको बाटो खोलेको छ। सङ्घीय व्यवस्थाको यो अभ्यास हाम्रा लागि नितान्त नौलो हो। सङ्घीय व्यवस्थाको अभ्यासका लागि आवश्यक पर्ने संस्थाहरूको स्थापना र पूर्वाधार विकासमा तदारुकता देखाइ यससम्बन्धी आवश्यक प्रबन्ध गर्नु आवश्यक छ। सङ्घीयताको कार्यान्वयनपछि पनि मुलुकको राजनीतिक, आर्थिक, प्रशासनिकलगायत थुप्रै पक्षमा कुनै परिवर्तन देखिएन भने यसैले सर्वसाधारणमा निराशा ल्याउने सम्भावनासमेत उत्तिकै प्रवल छ। त्यसैले पनि नयाँ यो सवालमा प्रमुख राजनीतिक दल, सरकार, व्यवस्थापिका–संसद्का साथै अन्य सरोकारवालापक्षले ध्यान दिनैपर्छ।

समस्या र चुनौतीकाबीच जारी भएको नयाँ संविधानले विमतिका विषय र अहिलेका आन्दोलनका विषयलाई समेत सम्बोधन गर्नसक्ने गरी संशोधनको लचिलो व्यवस्था गरेको छ। सहमतिमा संशोधन र सुधार हुन सक्छ। लोकतान्त्रिक मान्यताले हिंसालाई नस्वीकार्ने हुँदा शान्तिपूर्ण प्रक्रियाको माध्यमद्वारा वार्ता, छलफल र संवादबाट उचित निष्कर्षमा पुग्न सकिन्छ। व्यवस्थापिका संसद् सबै असहतिको निकास निकाल्ने थलो हो। मुलुकको हित र सामाजिक सद्भावलाई सर्वोपरि मानी संविधानप्रति सबैको अपनत्व हुने वातावरण सिर्जना गरी अगाडि बढ्नु र संविधानलाई प्रभावकारी कार्यान्वयनमा ल्याउन अनेकौं चुनौती र समस्या रहेको सन्दर्भमा राजनीतिक तबरबाट सहज अवस्थाको सिर्जना गर्नेतर्फ सबैको ध्यान जानु जरुरी छ।

इतिहासको पानाबाट

# गुणस्तरका चुनौतीहरू

गुणस्तर परिभाषित नहुनुमा नै चुनौतीहरू छन्। कसको परिभाषा स्वीकार्ने भन्ने चुनौती। सरोकारवालापिच्छेको गुणस्तर खोजौं न त भन्न नसक्ने प्रशासनको चुनौती। स्कूलपिच्छेको गुणस्तर यही हो भनी किटान गर्न नचाहने प्रवृत्तिगत चुनौती। केन्द्रले दिएको गुणस्तरको सूची नस्वीकार्ने अटेरीपनाको चुनौती। विकेन्द्रीकरण गर्दा पनि केन्द्रबाटै गुणस्तर यो हो भनिरहने दबावी चुनौती। स्थानीय सरकारको तहमै गुणस्तर यो हो भन्न नसक्ने राजनीतिक उदासीनताको चुनौती। सवैलाई जोडजाड गरेर भन्ने हो भने सन्दर्भको चुनौती। यो चुनौतीले स्थानीय प्राज्ञिक, राजनीतिज्ञ, शिक्षक, विद्यार्थी, अभिभावक आदि मिलेर हाम्रो लागि शिक्षाको गुणस्तर यो हो भनेर तोक्न नसक्ने अपरिचालित सन्दर्भको चुनौती। लगानीको हिसाबमा पेशेवर शिक्षक नपाउने बाध्यात्मक चुनौती। पाइहाले पनि ढिक्किने (Blanknized) स्वभावको चुनौती। विद्यार्थी भएर ढिक्किने। अभिभावक भएर ढिक्किने। विज्ञ भएर ढिक्किने। यस्ता ढिक्काबीच सम्वाद नहुने चुनौती। गुणस्तरकालागि चाहिने न्यूनतम भौतिक सेवा नहुने चुनौती। 'थाकेकाहरू'ले लिने नेतृत्वको चुनौती। 'गतिछाडाहरू'ले पढाउने चुनौती। पढ्ने र सहयोगी सामग्री नपुग्ने चुनौती। पढाई 'ठप्प पार्ने' जबरजस्ती बुद्धिको चुनौती। बोलेअनुसार नगर्ने संस्कारको चुनौती। विकल्पै विकल्पहरूको चुनौती। समाजप्रति सदैव सचेत हुने मानसिकताको चुनौती।

प्रक्रियासम्बन्धी अर्कै खाले चुनौतीहरू छन्। ती हुन्-को भित्रिन्छन् स्कूलमा भन्ने कुराको खोजी गर्ने चुनौती। भित्रिएकाहरूको पृष्ठभूमि अनुसार शिक्षण सिकाइ गर्ने चुनौती। तिनका ज्ञान र अनुभवलाई मुल प्रणालीमा जोड्ने चुनौती। अर्थात शिक्षण सिकाइमा हामी नै जिम्मेवार छौं भन्ने शिक्षक जन्माउने चुनौती। यसमा पनि शिक्षक र विद्यार्थीको क्षमताबीच तालमेल बनाउने चुनौती। त्यहीं समावेशी भाषा बोल्ने र बोलाउने चुनौती। विद्यार्थीका अनुभव सापेक्ष हुने चुनौती। पढाइ छोडेका र छोड्न चाहनेलाई वैकल्पिक बाटो. खोजिदिने चुनौती। शिक्षक तयारीको चुनौती।

प्रतिफलसम्बन्धी चुनौतीहरूको अर्कै स्वभाव छ। ती चुनौतीहरूले शिक्षालयबाट विद्यार्थी कस्तो निस्कियो भनी खोजी गर्छन्। काम लाग्ने र काम नलाग्ने भनी निर्धारण गर्दछ। यस स्थितिमा हाम्रा चुनौतीहरू हुन्-के बनाउँन खोजेको के बने भन्ने कुराको निरोपण गर्ने प्रवन्ध गर्न नसक्नु। यसको लागि व्यक्तिगत, विद्यालयगत, समाजगत, संस्कारगत र राजनीतिकगत स्वरुपको अपेक्षित प्रतिफलको मापो बनाउँन नसक्नु। व्यक्तिले पनि मेरो यो क्षमता छ भन्ने प्रदर्शन गर्न नसक्नु। समग्रमा भन्दा संरुचनाजन्य चुनौती, संस्कारजन्य चुनौती। चाहनागत चुनौती। लगानीगत चुनौती अर्थात हाम्रा चुनौतीहरू एक ठाउँमा मात्रै छैनन्।

**प्रश्न के ?**

शिक्षाका सरोकारवालाहरूले समस्या र चुनौती खुट्याएनौं । समस्यामै रुमलियौं । चुनौती नै स्वीकारेनौं । शैक्षिक वातावरण छैन भनिरह्यौं । त्यस्तो वातावरणमा पनि अपेक्षित व्यक्ति जन्माउँन के गर्ने त भनेर सोच नै गरेनौं । किन हामीले त्यस्तो बुद्धि नबनाएको ? बनेको बुद्धि किन नकिनेको ? प्रश्नहरू यिनै हुन् । यथार्थ सन्दर्भ, लगानी, प्रक्रिया र प्रतिफलका चारओटै विन्दूमा यी प्रश्नहरू गर्न सकिन्छ । सन्दर्भ बदल्न म के गर्न सक्छु भन्ने प्रश्न । यहि लगानीमा म कसरी स्तरीय विद्यार्थी उत्पादन गर्न सक्छु भन्ने प्रश्न । यो प्रक्रियामा मैले के फेरवदल गरेमा राम्रो नतिजा हुन्छ भन्ने प्रश्न । यहि स्थितिमा मैले कसरी गुणस्तरीय विद्यार्थी जन्माउन सक्छु भन्ने प्रश्न । यसरी आफैंमा प्रश्न गर्ने र उत्तर सर्वत्र खोज्ने शिक्षक तथा विद्यार्थी बनाउँन सकेनौं । दीक्षित हुन सकेनौं। दीक्षा दिन सकेनौं । त्यसैले हाम्रा लागि प्रश्न नै बनेनन् ।

पूर्णाङ्क ६४, कात्तिक-मङ्सिर, २०६४
गुणस्तरीय शिक्षाका चुनौती र
सरोकारवालाको भूमिका
- डा. विद्यानाथ कोइराला

---

# पाठक पत्र

**सम्पादकज्यू,**

प्राचीका हरेक अङ्क विशेष अङ्क जस्तो लाग्छ। प्राचीमा आएका हरेक लेखले मानवअधिकारको केही न केही ज्ञान दिइरहेको हुन्छ। लेखहरूमार्फत मानवअधिकारका विभिन्न पाटोलाई मसिनो ढङ्गले केलाउने प्रयास भइरहेको छ। तर, प्राचीमा छापिएका लेख असाध्यै लामा लामा हुने हुनाले भर्खरै मानवअधिकारको बारेमा जान्न चाहने म जस्ता पाठकहरूका लागि पढ्न केही असहज महसुस भएको हुँदा मानवअधिकारका बारेमा छोटाछोटा लेखहरू पनि प्रकाशन गर्नुभए हामी थप लाभान्वित हुने थियौं। प्राचीमा छापिएका कार्टुनले मनोरञ्जन मात्रै दिएका छैनन्। केही न केही सन्देश पनि प्रवाह गरिरहेका छन्। जे होस् प्राची पठनीय र सङ्ग्रहनीय छ। तर, लेखहरू छोटाछोटा भए अझै राम्रो हुने थियो।

**धनञ्जय शर्मा**
कुलेश्वर, काठमाडौं

**सम्पादकज्यू**

प्राची सचेतना द्वैमासिक साँच्चै सचेतना जगाउन अग्रणी भूमिका निभाइरहेको छ। सामाजिक सेवाका लागि समर्पित र मानवअधिकारप्रति प्रतिबद्ध हरेक व्यक्तिले यो द्वैमासिक पढ्नै पर्छ। समसामयिक विषयवस्तुलाई प्रमुख आधार बनाएर मसिनो ढङ्गले व्याख्या र विश्लेषण गर्ने गरिएकाले छानिएको विषयवस्तुप्रति प्राची पढ्ने जो कोही पाठक जानकार हुने गर्छ। यसका सामग्रीले मलाई लाभ मिलेको छ। आगामी दिनमा यो द्वैमासिकलाई कम्तीमा पनि मासिक प्रकाशनका रूपमा ल्याएर वर्षमा १२ ओटा विषयवस्तुमा विश्लेषण गर्ने गरे थप फाइदा हुने थियो। त्यसैले म सम्पादकज्यूलाई यसबारे सोचिदिनु हुन विनम्रतापूर्वक अनुरोध गर्दछु।

**रामबहादुर तामाङ**
धुलिखेल, काभ्रेपलाञ्चोक

# मौलिक हकहरूको प्रगतिशील प्राप्ति



सुबोधराज प्याकुरेल

**पछाडि पारिएका वर्गका लागि राजनीतिले दिने अवसर भनेको प्रतिनिधित्वका माध्यमले हो। हरेक दलको कार्यसमिति आफ्नो भूगोलको जनसङ्ख्याको अनुपात मिलाएर गठन गर्नुपर्ने कुरामा अस्पष्टता भए निर्वाचन आयोगसम्बन्धी कानुनमार्फत् वा दल गठन र सञ्चालनसम्बन्धी कानुनमार्फत् स्पष्ट पार्न सकिन्छ।**

**पछाडि पर्ने भनेको कुनै खास जात वा समुदाय मात्र हुँदैन। मूलतः भूगोल पछाडि पर्छ। त्यसमा शासक वा शासन मात्र होइन प्राकृतिक विकटता आदिको प्रमुख भूमिका हुन्छ। त्यसैले पछाडि परेको भन्दै जातीय आरक्षण माग्नेले भौगोलिक प्रतिनिधित्वका मामिलामा भने प्रगतिशील प्रतिनिधित्व प्रणालीको विरोध गर्नु आफैमा विरोधाभाषी कुरा हुन जान्छ।**

नेपाली जनताका मौलिक हकको प्रत्याभूति संविधानले गरेको छ कि छैन ? भन्ने बारेमा निष्पक्ष बहस भइरहेको छैन। नागरिकको ठूलो सङ्ख्या नेताहरूको बहसबाट वाक्कदिक्क भइसकेका छन्। चिकित्सक, लेखकदेखि भूतपूर्व नेताहरूसमेत अभुतपूर्व ढङ्गले विरोधका कार्यक्रमहरूमा चर्का कुरामा नुन चुक थप्न मच्चिएर भाग लिन्छन्। नेपालमा भएका जुनसुकै राजनीतिक आन्दोलनमा उग्रता र हिंसाको सामेली भएकै हो। माओवादीले गरेको 'जनयुद्ध'का बेलामा वर्ग दुश्मन, पार्टी दुश्मन वा सुराकीको आरोप लगाएर तड्पाउने, मार्ने र लुटपाट गर्ने कर्मसमेत गाँसियो। मालेको वर्ग दुस्मन सफाया, काङ्ग्रेसको राष्ट्रिय सम्पत्ति लुटपाटको कथा जनताको स्मृतिमा अझै छँदैछ। मधेस आन्दोलनका नाममा संविधानको झूठो व्याख्या मात्र गरिएन जातीय विद्रोह गर्न र हत्या हिंसा गर्न खुला आह्वानसमेत गरियो। त्यतिले नपुग्ने देखेर होला मर्नेलाई ५० लाख रुपियाँ नगद दिने, सहिद घोषित गर्ने जस्ता कुराको प्रत्याभूति दस्तखत गरेर जारी गरियो। पहिलो संविधानसभाको विघटनको ठीक अघिल्लो दिन मधेस केन्द्रित दल र माओवादी नेतृत्वको सरकारले जातीय भिन्नताको वकालत गर्दै संविधानसभाको विघटन गरायो। सबैले थाहा पाएकै कुरा हो कि त्यो विघटन जातीय राज्य र जातीय अग्राधिकार भएन भन्ने आरोपमा गरिएको थियो। चाहे मानव अधिकार भनौँ चाहे विश्व श्रम सङ्गठनको कानुन १६९ कै कुरा गरौँ अथवा आत्मनिर्णयको अधिकार कै कुरा गरौँ कुनै कानुनले पनि जाति विशेषको अग्राधिकारको पक्षपोषण गर्दैन। कानुनको अगाडि हरेक व्यक्ति समान हुन्छन् र भेदभावजन्य कानुन बनाउन पाइन्न। त्यसैले सबै अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनमा समान रूपमा लेखिएको पाइन्छ कि सबैलाई अवसरमा समानता दिइनु पर्छ।

हामी आधुनिक नेपाल बनाउने अभियानमा छौँ। आजको पुस्ता व्यक्तिको उत्पादकत्वको नाताले चिनिन्छ र ऊ आफ्नो परिचय पनि आफ्नो त्यही उत्पादनशीलता वा क्षमताका आधारमा मर्यादापूर्वक स्थापित होस् भन्ने चाहन्छ। उत्पादकत्व आधुनिक समाजमा तीन प्रकारका देखिन्छन्। वस्तु, विज्ञान र ज्ञान। वस्तुअन्तर्गत उद्यम, व्यापारलगायत उत्पादनशील क्षेत्रमा संलग्नको एक वर्गीकरण गर्न सकिन्छ। विज्ञानअन्तर्गत अर्को विभिन्न प्रकारका अनुसन्धानमा संलग्नहरूको कोटी छ र तेस्रो ज्ञानअन्तर्गतको वर्ग छ। जो उद्यम र अनुसन्धानमा संलग्न उल्लेखित दुई प्रकारका व्यक्तित्वको प्रभाव, परिणामलाई समाजमा कसरी अनुकूल ढङ्गले लागु गर्ने भन्ने कुरामा तल्लीन छ। तेस्रो कोटीमा कर्मचारी, सामाजिक अभियन्ता र राजनीतिज्ञलाई राख्न सकिन्छ।

समाजमा भेदभावजन्य चलन छ। संस्कारका हिसाबले हरेक जाति-समुदायमा राम्रा धेरै र थोरै नराम्रा रीतिथिति छन्। तर, समाज भित्रैबाट सुधारका प्रयास पनि भइरहेका हुन्छन्। हरकोही आफ्नो समाजलाई पवित्र देख्न चाहन्छ र समाजमा अनेक जातथरका मानिस मिलेरै बसेका हुन्छन्। भनिन्छ, तेस्रो पुस्तासम्म पुग्दा समाजको भावनात्मक अन्तरघुलनले पूर्णता पाइसक्छ।

यतिबेला भेदभावबाट मुक्तिको नारा सबैभन्दा बढी उछालिएको राजनीतिक नारा हो। समस्या सतहमा नआउन्जेल समाधानको वास्तविक सूत्र फेला पर्दैन। तर, समाधानको लागि भनेर आफैले स्थापित गरेको उपाय, त्यसमा भएको आफ्नै संलग्नता र प्राप्त उपायलाई उपयोग गर्दै नगरी झुट र प्रलाप गरेको भरमा अशान्ति र दबावद्वारा जबरजस्ती मनले चाहेको कुरा हासिल गर्छु भन्ठानिन्छ भने त्यो प्रत्यूत्पादक हुन्छ। अहिले नेपालमा भइरहेको उत्पात यही हो।

आरक्षणको कुरा गरौँ, संविधानले १८ क्लस्टर बनाएर जनसङ्ख्याको अनुपातमा आरक्षणको व्यवस्था गरेको छ। एकातिर हामी आफूलाई दर्शनमा आधारित बहुदलीय, खुला समाजको राष्ट्र घोषित गरिरहेका छौँ। अन्तरजातीय विवाहलाई प्रोत्साहित गरिरहेका छौँ। तन्नेरी पुस्ता जात निरपेक्ष हुँदै गएको छ। यस्तो बेलामा गतिवान समय चेतनाका कारण चाँडै असान्दर्भिक हुने जातीय विभाजनलाई नै मूल आधार मानेर राजनीतिज्ञहरू भने सरकारी दर्जामा जातीय आरक्षणको माग चर्काइ रहेका छन्। तिनै व्यक्ति र संस्थाहरू यो माग उठाउनमा लागेका छन् जो २०६४ यता सबैभन्दा लामो समय, बहुमत क्याबिनेट ओगटेर मन्त्री बने। त्यतिमात्र कहाँ हो र ? २०६४ यता लोकसेवा आयोगले आरक्षित सिटमा दिएको जागिर, शैक्षिक छात्रवृत्ति आदिमा र त्रिभुवन विश्व विद्यालयद्वारा प्रकाशित सामाजिक विकासको अध्ययनको नतिजा हेर्ने हो भने मधेसमा ७ प्रतिशत जनसङ्ख्याको पनि प्रतिनिधित्व नगर्ने शासक जमातका मान्छेले आरक्षणको झन्डै ९० प्रतिशत भन्दा बढी उपभोग गरेछन्। शङ्का लाग्नु स्वभाविक छ कि अबको चेतनशील तन्नेरी पुस्ताले नटेर्ने मागका आधारमा समाज विभाजन गरेर भए पनि सरकारमा गइहाल्ने र सकेको जोहो गर्ने

हतार लागेकाहरू यो अभियानमा तल्लीन त छैनन् ?

भारतमा गुजरातका पटेल समुदायको आन्दोलन र हरियाणाका जाट समुदायका आन्दोलनलाई दबाउन सरकारले मोबाइल, फोन, सञ्चार सर्वत्र बन्देज लगायो। सेना परिचालन गऱ्यो। हरियाणाको आन्दोलनका क्रममा सेनाको गोलीबाट तीन दिनमा १७ जनाको ज्यान गयो। हरियाणामा सरकारले जाटहरूको जनसङ्ख्या अनुपातमा आरक्षण दिने सहमति गरिसकेको छ। गुजरातमा त्यही हुँदै छ। थाहा भएको कुरा हो, पटेल र जाट आ-आफ्नो राज्यका सर्वाधिक ठूला र पेशा, राजनीतिलगायत हर क्षेत्रमा अग्रणी रहेका समूहका नागरिक हुन्। यसैगरी सबैलाई जनसङ्ख्याको अनुपातमा आरक्षण दिने हो भने आरक्षणको प्रगतिशील सिद्धान्तले हावा खानेवाला छ। जनसङ्ख्याको अनुपातभन्दा बढी जातीय आरक्षण दिने हो भने क्षमता भएर पनि परित्यक्तहरूले विद्रोह गर्नेछन्।

हामीले नेपाललाई समाजवाद उन्मुख भनेका छौँ। सामाजिक न्यायको कुरा हरेक दलका विधान र घोषणापत्रमा प्रतिबद्धताका साथ उल्लेखित छ। त्यसको सोझो अर्थ के हुन्छ भने जो आफ्नै सामर्थ्यको आधारमा प्रतिस्पर्धामा सामेल हुन सक्दैन अथवा उसको प्रतिस्पर्धामा प्रतिनिधित्व सीमित हुन्छ। त्यस्तो व्यक्ति र समाजलाई पहिलो प्राथमिकता क्रममा राखेर समविकास हुने वातावारणको सृजना गर्नु राज्यको परम कर्तव्य हुनेछ। त्यस्तो समाजको आवश्यकता, अपेक्षा र सम्भावनाको बारेमा सरकार र सिङ्गो राज्यका तमाम अङ्गहरू जानकार होउन् भनेर विकेन्दित शासन प्रणाली अपनाइन्छ। स्थानीय विविधता र वास्तविकतालाई तत्काल सम्बोधन गर्न विकेन्द्रिकरण मात्र पर्याप्त ठानिएन र हामीले सङ्घीयता अपनायौँ। नेपालको सङ्घीयताको दार्शनिक पक्ष यही हो र यत्ति नै हो। युरोपमा विभिन्न जातीय राज्यहरू आफ्नो सुरक्षाका लागि सङ्घीय मोर्चामा आबद्ध भए। सुरक्षाको खर्च जोहो गर्न आर्थिक प्रणालीमा संयुक्त भए। तर, हामी सिङ्गो नेपाल भित्रकै एकात्मकता, नागरिक एकताकै पृष्ठभूमि भित्र सङ्घीयतामा गएका हौँ। तथापि, अहिले संविधानले प्रान्त र स्थानीय सरकारलाईसमेत कानुन बनाउने अधिकार दिएर 'भुइँ मान्छे' सम्मले सङ्घीयता अनुभूत गर्न सकुन् भन्ने अपेक्षा राखेको छ।

हामी राजनीतिक सङ्क्रमणकालमा छौँ। यस्तो बेलामा राजनीतिक नेताहरूमा धैर्य, अनुशासन र सृजनशील एकता अति आवश्यक हुन्छ। कतिपय कुरा संवैधानिक अदालतले गरिदिने प्रगतिशील व्याख्याका आधारमा प्रष्ट हुन्छ। हाम्रो विगतको चलन, संविधान र अन्तर्राष्ट्रिय प्रतिबद्धताका आधारमा हाम्रो राजनीतिक उपक्रम न्यायपूर्ण हुन बाध्य छ। रोक्न खोज्नेले ढिलो पारिदेला। रोक्न सक्नेवाला छैन।

पछाडि पारिएका समूहका लागि राजनीतिले दिने अवसर भनेको प्रतिनिधित्वका माध्यमले हो। हरेक दलको कार्यसमिति आफ्नो भूगोलको जनसङ्ख्याको अनुपात मिलाएर गठन गर्नुपर्ने कुरामा अस्पष्टता भए निर्वाचन आयोगसम्बन्धी कानुनमार्फत वा दल गठन र सञ्चालनसम्बन्धी कानुनमार्फत स्पष्ट पार्न सकिन्छ।

पछाडि पर्ने भनेको कुनै खास जात वा समुदाय मात्र हुँदैन। मूलत: भूगोल पछाडि पर्छ। त्यसमा शासक वा शासन मात्र होइन प्राकृतिक विकटता आदिको प्रमुख भूमिका हुन्छ। त्यसैले पछाडि परेका भन्दै जातीय आरक्षण माग्नेले भौगोलिक प्रतिनिधित्वका मामिलामा भने प्रगतिशील प्रतिनिधित्व प्रणालीको विरोध गर्नु आफैमा विरोधाभाषी कुरा हुन जान्छ।

अचम्म के छ भने ठूलो जनसङ्ख्याको वास्तविक नेता हौँ भन्नेहरू जो हिजो आफै ८० प्रतिशत मतदाताको सहभागिता रहेको चुनावमा सगर्व सहभागी हुनु भयो, जसले निर्वाचनको कुनै प्रकृया र परिणामको विरोध गर्नु भएको छैन, जसले संविधान जारी भइसकेपछि प्रधानमन्त्रीको चुनावमा संसद्मा आएर मतदान पनि गर्नु भयो। उहाँहरू अहिले संविधानविरूद्ध लाग्नु भएको छ। यसरी लाग्नु भएको छ कि परचक्रीले आएर आफ्नै नागरिकले छानेको सरकारका मानिसलाई बेइज्जत गर्दा पनि रमाउने गरी लाग्नु भएको छ। हेक्का रहोस् पालो उहाँहरूको पनि आउने छ। वैशाख ६ गते जारी सङ्घीय गठबन्धनको मागपत्र हेर्दा यस्तो अनुभूति हुन्छ कि उहाँहरू जनताको अभिमत लिएर जनताको अधिकारको प्रत्याभूति दिनसक्ने पार्टीका रूपमा आफूलाई ठान्दै ठान्नु हुन्न। यस्तो लाग्छ मानौँ उहाँहरूको काम माग्ने मात्र हो र अरूको काम उहाँहरूको झोली भरिदिने हो। मलाई आशा थियो उहाँहरूले तुरून्त स्थानीय र प्रान्तीय सरकारको चुनाव गर्न चुनौती दिनु हुनेछ। प्रान्त र स्थानीय सरकारका लागि थप अधिकारको प्रत्याभूतिका बारेमा नागरिक स्तरमा बहस र राजनीतिक तहमा माग दावी गर्नु हुनेछ। तर, स्कूल कलेज पढ्दा विद्यार्थीले प्रिन्सिपलसमक्ष पेश गर्ने खालको लम्बे फेहरिस्त देखेर म निरास भएको छु।

नागरिकको प्रतिस्पर्धात्मक क्षमता विकासका क्षेत्रमा प्रगतिशील प्राप्तिको सिद्धान्त अपनाइयोस् ता कि कसैले पनि आरक्षणको अनुकम्पाले होइन कि आफ्नै प्रतिस्पर्धी क्षमताका कारणले विजयी भएको अनुभूति साथ सफलता पाउन सकुन्। परिवारको मानव विकास सूचकाङ्क तयार हुने गरी नागरिक अभिलेख र पारिवारिक अभिलेख राख्ने र अद्यावधिक गर्ने प्रबन्ध गरियोस्। र, सम्पूर्ण आरक्षणको विषय सम्बन्धित व्यक्तिको मानव विकास सूचकाङ्कसँग आबद्ध गरियोस्।

अब आइन्दा समस्या जहाँ छ समाधान त्यहीँ मात्र खोजियोस्। यदि सामाजिक भेदभाव छ भने त्यसको समाधानका लागि शैक्षिक, सामाजिक चेतनाको अभियानको कार्य योजना बनोस्। सबै दोष सरकारमाथि थोपरेर राजनीतिक र सङ्गठित निकायले उन्मुक्ति पाउँदैनन्। हरेक विषय सत्तासँग मात्र गाँसिदिने गर्नाले आजका तमाम् राजनीतिज्ञलाई जनताले सत्तालोलुप ठान्न थालेका छन्। अपमानित र भरोसा गर्न नालायक नेता भएको देश कमजोर हुन्छ। नेपालीलाई आवश्यक छ सबै प्रकारका विभेदविरूद्धको सामाजिक चेतना। जसले विभेदविरूद्ध प्रगतिशील अभियान चलाउन सक्नेछ, त्यसले नै जनताको अनुमोदन पाउनेछ। कूल रोजगारीको एक प्रतिशत पनि नदिने सरकारी सेवामा आरक्षणको माग घन्काएर बाँकी ९९ प्रतिशत ठाउँमा अपहेलित हुनुपर्ने नागरिकप्रति बेवास्ता गर्नेहरूको परिचय खुल्न लामो समय लाग्ने छैन। त्यसैले हामी भन्छौँ: पछाडि परेकालाई प्रगतिशील आरक्षण, प्रगतिशील आरक्षण सबै क्षमता विकाशका अवसरहरूमा र पछाडि परेकाहरूको वैज्ञानिक पहिचानका लागि मानव विकास सूचकाङ्कका आधारमा नागरिक र पारिवारिक अभिलेख।

# नेपालको संविधान र मौलिक हकहरू



अधिवक्ता तेजमान श्रेष्ठ[1]

**संविधानको धारा १८ मा समानता तथा अविभेदविरुद्धको हकको व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (१) मा "सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन" भन्ने व्यवस्था गरिएको छ भने त्यसै धाराको उपधारा (२) मा "सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन" भन्ने व्यवस्था छ।**

**१. पृष्ठभूमि**

नेपालको संवैधानिक इतिहास धेरै लामो छैन तथापि वि. स. २००४ मा तत्कालीन प्रधानमन्त्री तथा श्री ३ महाराज पद्मशमशेर जङ्गबहादुर राणाद्वारा जारी गरिएको नेपालको "नेपाल सरकार वैधानिक कानुन" सम्वत् २००५ साल वैशाख १ गतेदेखि लागु भएको थियो।[2] राणा प्रधानमन्त्रीद्वारा जारी गरिएको यो संविधानको आयु अन्त्यन्तै छोटो रह्यो। यो संविधान जारी भएको तीन वर्ष पछि नेपालमा प्रजातन्त्रको स्थापना भयो र नेपालको अन्तरिम शासन विधान, २००७ जारी भयो।

नेपालको अन्तरिम शासन विधान, २००७ जारी भएपछि पनि नेपालमा राजनीतिक स्थिरता हुन सकेन। २०१५ सालमा नेपाल अधिराज्यको संविधान, २०१५ जारी भयो। त्यसको चार वर्षमै राजा महेन्द्रले नेपाल अधिराज्यको संविधान, २०१९ जारी गरे। यसरी १५ वर्षको छोटो संवैधानिक यात्रामा चार वटा संविधान जारी भए पनि मौलिक हकको विकास र कार्यान्वयनमा नेपालले खासै फड्को मार्न सकेको थिएन। नेपालको पाँचौ संविधानको रूपमा नेपाल अधिराज्यको संविधान- २०४७ सम्वत् २०४७ साल कात्तिक २३ गते जारी भयो। संवैधानिक विकासको इतिहासमा २०४७ सालको यो संविधान ज्यादै महत्वपूर्ण छ जसले यस पूर्वको संविधान भन्दा विस्तृत रूपमा मौलिक हकहरूलाई स्वीकार गरेको थियो। यो संविधानलाई उत्कृष्ट भनिए पनि यो पनि लामो समयसम्म कार्यान्वयनमा रहेन। यस संविधानलाई विस्थापित गर्दै नेपालको अन्तरिम संविधान, २०६३ जारी गरियो जसले २०४७ को भन्दा पनि थप मानव अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गर्‍यो। उल्लेखनीय पक्ष भनेको यो संविधानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक प्रकृतिका मानव अधिकारहरूलाई मौलिक हकको रूपमा स्वीकार मात्र गरिएन कि स्वास्थ्य र शिक्षा जस्ता हकलाई मौलिक हकका रूपमा व्यापक रूपमा नै अङ्गिकार गरियो।

ऐतिहासिक रूपमा जननिर्वाचित दोश्रो संविधान सभाले नेपालको संविधान निर्माण गरी मिति २०७२ साल असोज ३ गते जारी भयो। मौलिक हकका सम्बन्धमा अन्तरिम संविधानमा भएका व्यवस्थाहरूलाई निरन्तरताका साथै यस संविधानमा थप केही हकहरूको समेत व्यवस्था गरिएको छ।

**२. मौलिक हक**

मौलिक हकलाई हकहरूमा सबैभन्दा उच्चकोटीको हकको रूपमा लिइन्छ। मौलिक हक हनन् भएको अवस्थामा सिधै सर्वोच्च अदालतमा रिटमार्फत कानुनी उपचार प्राप्त हुने व्यवस्था संविधानमा नै गरिएको हुनाले मौलिक हकलाई यसरी सबैभन्दा उच्चकोटीमा राख्ने गरिएको हो। यदि हक अधिकार उल्लङ्घन भएको अवस्थामा शुरु अदालतदेखि नै कानुनी उपचार खोज्दै आउने हो भने यसले तत्कालै उपचार नपाए हुन जाने अपूरणीय क्षतिले नागरिकको जिन्दगी नै बरबाद हुन सक्ने हुनाले रिटमार्फत मौलिक हकको संरक्षण गर्न यस प्रकारको विशिष्ट व्यवस्था अपनाइएको हुन्छ। नेपाली संवैधानिक इतिहासमा नेपाल सरकार वैधानिक कानुन, २००४ देखि नै मौलिक हकलाई संविधानमा छुट्टै खण्ड वा भागको रूपमा राखेर थप महत्व दिइएको छ। नेपालको संविधानले पनि यसअघिका संविधानहरूमा जस्तै मौलिक हकको रक्षा गर्न संवैधानिक उपचारको हक[3] प्रत्याभूत गरेको छ जसअनुसार धारा १३३ मा व्यवस्था भए

१. नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय (त्रि वि), मा अध्यापनरत अधिवक्ता श्रेष्ठ Legist Associates' & Research Centre (LARC), माइतीघर काठमाडौँमा आवद्ध छन्।

२. धारा २

बमोजिम सङ्घीय सर्वोच्च अदालत तथा धारा १४४ मा व्यवस्था भए बमोजिम प्रदेश उच्च अदालतमा यो उपचार खोज्ने व्यवस्था छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४० र १०७ मा संवैधानिक उपचारको हकको प्रत्याभूति गरिएको थियो।

## ३. नेपालको संविधानमा मौलिक हकहरूको व्यवस्था

नेपाल अधिराज्यको संविधान, २०४७ को तुलनामा नेपालको अन्तरिम संविधान, २०६३ मा धेरै मानव अधिकारहरूलाई मौलिक हकको रूपमा स्वीकार गरियो। ती हकहरूलाई मौलिक हकको रूपमा उपभोग गर्न पाइयो पाइएन भनेर लेखाजोखा गर्न त्यसका लागि संविधान स्वयम् नै अन्तरिम प्रकृतिको भएकाले र सो संविधान लामो समयसम्म कार्यान्वयन हुन नपाए पनि यी हकको कार्यान्वयनका लागि न्यायालयमा कानुनी उपचार खोज्न आउने प्रवृत्ति उत्साहजन रहेको थियो। संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ जसमा १६ देखि धारा ४७ सम्म ३२ वटा मौलिक हकको व्यवस्था गरिएको छ भने धारा ४८ मा नागरिकको मौलिक कर्तव्यको व्यवस्था गरिएको छ। सम्मानित जीवनको हक, स्वतन्त्रतासम्बन्धी हक, समानता, अविभेद, यातना विरुद्धको हक, फौजदारी न्यायको हक, न्यायिक उपचारको हक जस्ता नागरिक हक, राजनीतिक प्रकारका सङ्गठन खोल्ने जस्ता हक अधिकार उल्लेख छन्।

### ३.१ सम्मानपूर्वक बाँच्न पाउने हक

संविधानको धारा १६ मा "सम्मानपूर्वक बाँच्न पाउने हक" अर्न्तगत उपधारा (१) मा "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ" भन्ने व्यवस्था गरिएको छ। प्रत्येक व्यक्तिको "सम्मानपूर्वक बाँच्न पाउने हक" लाई बृहत् अर्थमा व्याख्या गरिएमा स्वास्थ्यसम्बन्धी हकको उपभोग गर्ने अवस्थाको श्रृजना हुन जान्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले पनि प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने (जीवन रक्षाको) अधिकार प्रदान गरेको थियो। सोही धाराको उपधारा (२) मा "कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन" भन्ने उल्लेख छ।

### ३.२ स्वतन्त्रताको हक

धारा १७ मा नागरिकका स्वतन्त्रतासम्बन्धी हकको व्यवस्था गरिएको छ र उपधारा (१) मा "कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गरिने छैन" भन्ने व्यवस्था छ भने उपधारमा (२) मा प्रत्येक नागरिकलाई आवश्यक विचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, मुलुक भित्र आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, र रोजगार जस्ता स्वतन्त्रताहरू यस धारामा व्यवस्था गरिएको छ। तर राज्यले समाजमा शान्ति सुरक्षा, मर्यादा कायम राख्न यी स्वतन्त्रताहरूमा केही अङ्कुश लगाउन सक्ने व्यवस्था पनि सोही दफाको प्रतिबन्धात्मक व्यवस्थामा गरिएको छ। यी नागरिक स्वतन्त्रताको प्रत्याभूतिले नागरिकलाई मर्यादित जीवन जिउनका लागि आधार तय भएको छ।

### ३.३ समानताको हक

संविधानको धारा १८ मा समानता तथा अविभेदविरुद्धको हकको व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (१) मा "सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन" भन्ने व्यवस्था गरिएको छ भने त्यसै धाराको उपधारा (२) मा "सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन" भन्ने व्यवस्था छ। त्यसैले कानुनको सामान्य प्रयोगमा सबै समान हुने र कोहीमाथि कुनै प्रकारको शारीरिक अथवा स्वास्थ्य अवस्थाका कारण विभेद गर्न पाइँदैन। जुनसुकै अधिकारको उपभोग गर्दा पनि विभेद विरुद्धको अधिकारलाई सँगै जोडेर हेर्नु पर्छ। तर राज्यले "सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका वर्गलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था गरेर आवश्यकता हुने वर्गको लागि विशेष कार्यक्रम गर्न सक्ने व्यवस्थासमेत गरेको छ। यसरी राज्यले सामाजिक विकासमा पछि परेका वर्गका नागरिकका लागि थप श्रोत परिचालित गरी उनीहरूको जीवनलाई पनि अरुको जस्तै मर्यादित बनाउने दायित्वलाई संवैधानिक रूपमा स्वीकार गरेको छ।

### ३.४ सञ्चारको हक

धारा १९ मा "विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध" नलगाइने प्रत्याभूति गरिएको छ।

### ३.५ न्यायसम्बन्धी हक

धारा २० मा न्यायसम्बन्धी हकको व्यवस्था गरिएको छ जसअर्न्तगत उपधारा (१) मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने, उपधारा (२) मा पक्राउ परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुने र "त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने" व्यवस्था छ। प्रतिबन्धात्मक व्यवस्थाको रूपमा "तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागु हुने छैन" भन्ने उल्लेख छ।

कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने (उपधारा (५)), एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय नदिइने (६), कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरुद्ध साक्षी हुन बाध्य नपारिने (७), प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारबाहीको जानकारी

३. धारा ४६

पाउने हक हुने (८) व्यवस्था छ। उपधारा (९) मा "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने" र उपधारा (१०) मा "असमर्थ पक्षलाई कानुन बमोजिम नि:शुल्क कानुनी सहायता पाउने हक हुने" व्यवस्था छ।

त्यसैगरी धारा २३ मा निवारक नजरबन्द विरुद्धको हकको उल्लेख छ। उपाधारा (१) मा के कस्तो अवस्थामा निवारक नजरवन्दमा राख्न सकिने भन्ने छ जस अनुसार "नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन" भन्ने छ। उपधारा (२) मा निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुन बमोजिम तत्काल जानकारी दिनु पर्नेछ भन्ने छ। यसरी निवारक नजरबन्दमा रहेको व्यक्तिका अवस्थाको वारेमा जानकारी पाउनु मौलिक हकभन्दा पनि बढी "कानुन बमोजिम जानकारी" मात्र पाउने हुनाले राज्य निरङ्कुश हुन सक्ने देखिन्छ।

### ३.६ अपराध पीडितको हक

धारा २१ मा . अपराध पीडितको हकको व्यवस्था गरिएको छ जसअनुसार उपधारा (१) मा "अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने" र उपधारा (२) मा "अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।"

### ३.७ यातनाविरुद्धको हक

संविधानको धारा २२ मा यातनाविरुद्धको हकको व्यवस्था गरिएको छ। उपधारा (१) मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने व्यवस्था छ भने उपधारा (२) मा उक्त कार्यलाई कानुन बमोजिम दण्डनीय बनाइएको छ। त्यसका साथै सोही उपधारामा "त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने" भन्ने व्यवस्था छ। यस यसपूर्वको अन्तरिम संविधानमा पनि यसै प्रकारको व्यवस्था थियो। तर अहिलेसम्म यातनालाई अपराधिकरण गर्न र दण्डनीय तुल्याउन कानुन बन्न नसक्दा यो हक उपभोग गर्न सक्ने अवस्था बन्न सकेको छैन।

### ३.८ छुवाछूत तथा भेदभाव विरुद्धको हक

नेपालको संविधान जारी हुनु पूर्व नै नेपाली समाजमा कानुनी रूपमा छुवाछूतलाई उन्मुलन गरिए पनि सामाजिक रूपमा यस प्रकारका कुप्रथाहरू अझैसम्म विद्यमान रहेका छन्। त्यसैले नेपालको संविधानले धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। उक्त धाराको उपधारा (१) मा "कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन" भन्ने छ। यसरी यस उपधारामा निजी तथा सार्वजनिक दुवै स्थानमा छुवाछूत निषेध गरिएको छ। उपधारा (२) मा वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा कुनै पनि विभेद नगरिने व्यवस्था छ। उक्त धाराका अन्य व्यवस्था यस प्रकार छन्:

*(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।*

*(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।*

*(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।*

सामाजिक रूपमा दलितहरूले छुवाछूतको विभेद भोग्नुपरेको मर्कालाई राज्यले यस नेपालको संविधानमा अविभेदको हकको रूपमा सम्वोधन गर्नका लागि विशेष व्यवस्था गरेको छ। उपधारा (१) को व्यवस्था दलित वर्गका व्यक्तिलाई "समुदाय, पेशा, व्यवसायको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव" नगरिने व्यवस्थाले कुनै पनि आधारमा छुवाछूत गर्न नपाइने व्यवस्था गरेको छ। उपधारा (२) को व्यवस्था वस्तु वा सेवाको उत्पादनसम्मको पहुँच र त्यस्ता वस्तु वा सेवाको उपभोगसम्मको पहुँचमा दलितलाई विभेद वा रोक लगाउन नपाइने अवस्थाको श्रृजना गरेको छ।

उपधारा (३) ले दलितलाई उत्पत्ति, जात, जातिको आधारमा कुनै नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने र यस प्रकारका घृणामा आधारित विचारको प्रचार प्रसार गर्न नपाइने व्यवस्था गरेको छ। यो व्यवस्थाले जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने व्यवस्था गरेको छ।

उपधारा (४) मा "जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन" भन्ने व्यवस्थाले कार्यस्थलमा दलित माथि कुनै प्रकारको भेदभाव गर्न नपाइने अरु जातिका मानिसको कर्तव्यको श्रृजना गरियो। तर कार्यस्थल भन्दा बाहेक अर्थात निजी घरमा भने यो व्यवस्था आकर्षित नहुने अथवा मौन हुने देखियो। यो उपधाराको व्यवस्था यस पूर्वको उपधारा (१) देखि (३) सम्मको व्यवस्था भन्दा ज्यादै नै संकुचित मात्र नभएर यस पूर्वका उपधाराको व्यवस्था कार्यान्वयन गर्न समेत चुनौतिपूर्ण हुन गएको छ किनकी निजी घरमा गरिएको भेदभावलाई अरु जातिका मानिसको आवासको हकसँग जोडिएर व्याख्या गरिएको अवस्थामा छुवाछूतको अधिकार उल्लङ्घन भइरहेको अवस्थामा पनि स्थापित गर्न गाह्रो हुन सक्छ।

यस धाराको उपधारा (५) ले छुवाछूत तथा भेदभावजन्य कार्यलाई गम्भीर सामाजिक अपराधका रूपमा स्वीकार गरे पनि पीडकलाई दण्ड गर्ने व्यवस्था र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति पाउने हक दुवै "कानुन बमोजिम" हुने व्यवस्थाले यो हकको तत्कालै कार्यान्वयन गर्न भने सहज देखिँदैन।

### ३.९ **सम्पत्तिको हक**

सम्पत्तिको हक उपभोग सम्बन्धमा सम्पत्तिसम्बन्धी छुट्टै हक धारा २५ मा व्यवस्था गरिएको छ। धारा २५ (१) मा "प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने" भन्ने व्यवस्था छ। यसरी सम्पत्तिको हक उपभोग गर्ने सम्बन्धमा पनि दलित वर्गलाई अन्य वर्गलाई जस्तै हक छ।

### ३.१० **धार्मिक स्वतन्त्रताको हक**

धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ भन्ने उल्लेख छ।[४] तर यो हकको "प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने"[५] भन्ने छ।

### ३.११ **सूचना तथा गोपनियताको हक**

धारा २७ मा सूचना तथा गोपनियताको हक प्रदान गरिएको छ जस अनुसार "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने" भन्ने छ तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन। यसरी सूचनालाई वर्गीकरण गरी राज्यले वर्गीकृत सूचना उपलव्ध नगराउन पनि सक्छ। धारा २८ गोपनियताको हकको व्यवस्था गरिएको छ। उपधारा (१) मा "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुन बमोजिमबाहेक अनतिक्रम्य हुने" भन्ने छ। यसरी नागरिकका निजी मामलालाई राज्यले अनतिक्रम्य तुल्याएको छ।

### ३.१२ **शोषणविरुद्धको हक**[६]

धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न नपाइने व्यवस्था गरिएको छ। त्यसैगरी कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन नपाइने भन्ने छ। उपधारा (४) मा "कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन" तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको नमानिने भन्ने छ। कसैलाई निजको इच्छा विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

### ३.१३ **स्वच्छ वातावरणको हक**[७]

स्वच्छ वातावरणको हक अन्तर्गत प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक तथा वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत क्षतिपूर्ति पाउने हक हुने व्यवस्था धारा ३० मा गरिएको छ। वातावरण विनाश वा ह्रास वा प्रदुषणबाट कसैलाई हानि पुग्न गएमा प्रदुषकले नै पुग्न गएको क्षतिवापत क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्थाले प्रदुषणकर्तालाई जवाफदेही तुल्याई स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मर्यादित तुल्याइएको छ। तर प्रदुषकले कति हानि पुऱ्याएको छ भनेर मापन गर्ने कुरा वस्तुपरक ढङ्गले सहज छैन। साथै सो सम्बन्धमा कार्यविधिगत कानुनको स्पष्टताको अभावमा समेत पीडितले क्षतिपूर्ति पाउने कार्य सहज छैन।

### ३.१४ **महिलाको हक**

मानिसहरूकाबीचमा लिङ्ग, जातीय उद्‌गम, रङ, राजनीतिक आस्था वा धार्मिक झुकाव वा यौनिक झुकाव जस्ता कुनै पनि आधारमा विभेद गर्न नपाइने कुरालाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरिसकिएको छ।[८] महिला पुरुष दुवैलाई राज्यद्वारा प्रदत्त हक अधिकार उपभोग गर्ने र समान रूपमा कानुनी संरक्षण प्राप्त हुने व्यवस्था नेपालको संविधान (२०७२) को धारा १८ मा छ। समानताको हकअर्न्तगत यस धाराको उपधारा (१) मा "सबै नागरिक कानुनको दृष्टिमा समान हुने", "कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने" व्यवस्था छ। त्यसैगरी उपधारा (२) मा सामान्य कानुनको प्रयोगमा लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्थालगायत अन्य कुनै पनि आधारमा भेदभाव नगरिने व्यवस्थाले महिलालाई पुरुष सरह हरेक हक प्राप्तिमा समान बनाएको छ।

महिलाको विशेष प्राकृतिक अवस्थाले गर्दा उनीहरूलाई केही विशेष प्रकारका हकहरू पुरुषलाई भन्दा छुट्टै रूपमा प्रदान गरिनु पर्छ। त्यसैले संविधानले महिला वर्गको हकलाई संविधानको मौलिक हक खण्डको धारा ३८ (२) मा "महिलाको हक" अर्न्तगत "प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ" भन्ने व्यवस्था गरिएको छ। सो बाहेक उक्त हकअर्न्तगत निम्न बमोजिमको हकहरूको छुट्टै व्यवस्था गरिएको छ:

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ।

(३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य,

---

४. धारा २६

५. उपधारा ३

६. धारा २९

७. धारा २९

८. संयुक्त राष्ट्रसङ्घको वडापत्र, धारा ४६, प्रस्तावना, मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८,

रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

उक्त धारा ३८ (१) ले लिङ्गको आधारमा महिलालाई भेदभाव नगर्ने सम्बन्धमा गरिएको व्यवस्था गरेको छ। तर "समान वंशीय हक" आफैंमा के हो भनेर नेपाली समाजमा प्रष्ट भइसकेको अवस्था छैन। त्यसैगरी उपधारा (२) को व्यवस्थाले संवैधानिक रूपमा नै नेपालले महिला भएकै आधारमा महिला माथि कुनै भेदभाव नगरिने प्रत्याभूति गरेको छ तर हक हननबाट पुग्न गएको क्षतिको लागि भने "कानुन बमोजिम" भन्ने व्यवस्थाले कमजोर तुल्याएको छ। उपधारा (४)अनुसार राज्यका सबै निकायमा "समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने", र उपधारा (५) को "शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने" व्यवस्था, तथा उपधारा (६) को पारिवारिक मामला तथा पारिवारिक सम्बन्धमा पुरुष र महिलाबीचमा समान हुने हकको प्रत्याभूतिले मानव अधिकारका मान्य अन्तर्राष्ट्रिय सिद्धान्तलाई पूर्ण रूपमा आत्मसात गरेको देखिन्छ।

धारा ३८ (२) मा व्यवस्था गरिएको प्रजनन हकको सम्बन्धमा भने अन्तरिम संविधानले प्रदान गरेको महिलाको हक भन्दा यो संविधान सङ्कुचित छ। महिलाको हकको सम्बन्धमा अन्तरिम संविधान, २०६३ को धारा २०(२) मा "प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुने" भन्ने व्यवस्था थियो। यसप्रकार महिलाको प्रजननसम्बन्धी हक यस संविधानले निरन्तरता दिएन।

उक्त धारा ३८ को उपधारा (४) मा "राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने" हकलाई महिला भएकै नाताले मात्र सहभागी हुन पाउने भन्दा पनि ती निकायमा सरिक हुन, नेतृत्व प्रदान गर्न चाहिने आवश्यक सिप र क्षमता अभिवृद्धि गर्ने तर्फ पनि राज्यले सोच्नुपर्ने हुन्छ। अन्यथा यस प्रकारको सहभागिता केवल औपचारिकतामा मात्र सीमित हुन पुग्छ।

संवैधानिक रूपमा नै सकारात्मक विभेदको माध्यमबाट सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरिएकाले राज्यका सबै निकायमा महिलाको प्रतिनिधित्व बढ्ने छ। उपधारा (५) मा "महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने" भन्ने व्यवस्था छ। तर कति वृद्धि गर्ने भन्ने सम्बन्धमा चाहिँ राज्यले महिलाको क्षमता अभिवृद्धि जस्तो की शिक्षा, स्वास्थ्यमाथि गर्ने लगानीमा पनि धेरै निर्भर गर्दछ त्यसैले उपधारा (४) मा व्यवस्थित गरिएको समानुपातिक सिद्धान्तको आधारमा सहभागी हुन पाउने हक र उपधारा (५) को सकारात्मक विभेदको व्यवस्थालाई राज्यको दायित्वको रूपमा लिइएमा मात्र यी व्यवस्थाको उद्देश्य हासिल हुन सक्छ।

### ३.१५ समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको विशेष हक

नेपालका संविधानको धारा ४२ (१) मा सामाजिक न्यायको हक अन्तर्गत महिला लगायतका सामाजिक रूपले पछाडि परेका वर्गलाई "समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने" भन्ने व्यवस्था छ। समाजमा अन्य पछि परेका वर्गजस्तै महिलालाई पनि "समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने" व्यवस्था गरिनु राम्रो हो। तर यी हक उपभोग गर्न राज्यले तीन वर्ष भित्र कानुन निर्माण गर्ने धारा ४७ को प्रावधानले यस भागमा प्रदत्त हकहरूको कार्यान्वयन चुनौतीपूर्ण छ। त्यसैगरी धारा ३०४ (१) को "यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका नेपाल कानुन खारेज वा संशोधन नभएसम्म लागु रहनेछन्। तर यो संविधानसँग बाझिएको कानुन यो संविधान बमोजिमको सङ्घीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वत: अमान्य हुने" भन्ने व्यवस्थाले यस भागमा प्रत्याभूत गरिएको हक अन्य कानुनी व्यवस्थाद्वारा उपभोग गर्न नपाइने रहेछ भने पनि सोकोविरुद्ध एक वर्षसम्म कानुनी उपाय खोज्ने अवस्था छैन।

### ३.१६ भाषा तथा संस्कृतिको हक

प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने तथा आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक धारा ३२ मा गरिएको छ।

### ३.१७ खाद्यसम्बन्धी हक

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को मौलिक हक खण्डमा "सामाजिक सुरक्षाको हक" अर्न्तगत धारा १८ (३) मा खाद्य सम्प्रभुताको हकलाई पहिलो पटक मौलिक हकको रूपमा स्वीकार गरिएको थियो। खाद्य सम्प्रभुताको हकलाई यसरी मौलिक हकको रूपमा व्यवस्था गरिएको भएता पनि सोही धारामा प्रयुक्त भएको "कानुनमा व्यवस्था भए बमोजिम" भन्ने वाक्यांशले खाद्य सम्प्रभुताको हकलाई कानुनमा व्यवस्था गरेपछिमात्र उपभोग गर्न पाउने अवस्था रहने भन्ने बुझाइ हुन जान्थ्यो।

धारा ३६ मा खाद्यसम्बन्धी हकको व्यवस्था गरिएको छ।

(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ।

(३) प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ।

अघिल्लो संविधानमा सामाजिक सुरक्षाको हकअर्न्तगत राखिएको खाद्य सम्प्रभुताको हकलाई यस संविधानमा पहिलाको तुलनामा विस्तृत पारिएको छ। उपधारा (१) मा खाद्यसम्बन्धी हकको कानुनी पक्ष, उपधारा (२) मा खाद्य वस्तुको अभाव हुन नदिने खाद्य सुरक्षा तथा उपधारा (३) मा खाद्य सम्प्रभुतासम्बन्धी हकको व्यवस्था गरेर खाद्यसम्बन्धी हकको कानुनी, खाद्य सुरक्षाको प्राविधिक तथा खाद्य सम्प्रभुता जस्तो राजनीतिक पक्ष गरी खाद्य हकको तीनै पक्षलाई समेटिएको छ। खाद्य सम्प्रभुता जस्तो राजनीतिक पक्ष समेतलाई मौलिक हकको रूपमा स्वीकार गरी नेपाल खाद्यसम्बन्धी हक प्रत्याभूत गर्ने अग्रणी मुलुक

(Pioneer state) भएको छ।[९] खाद्य सम्प्रभुतासहित नेपालले यसको कानुनी तथा खाद्य सुरक्षा समेतलाई मौलिक हकको रूपमा प्रत्याभूत गरे पनि खाद्य सम्प्रभुताको हकलाई "कानुनमा व्यवस्था भए बमोजिम" भन्ने वाक्यांश राखेर यस हकलाई कानुनी हक सरहमात्र बनाइएको छ।[१०] खाद्य सम्प्रभुतासम्बन्धी हक राजनीतिक प्रकृतिको भएको र यसले खाद्यान्न उत्पादनका श्रोत तथा वितरण प्रणालीसम्म कृषकको जानकारीमा हुनुपर्नेमा जोड दिन्छ। यसले खाद्यान्नलाई वस्तु वा पदार्थ भन्दा पनि जीवन धान्ने आधारको रूपमा बुझ्नु पर्दछ भन्ने मान्यता राख्दछ। त्यसैले यो हकको कार्यान्वयन सहज देखिँदैन।

खाद्यसम्बन्धी हक बाहेक अन्य मौलिक हकहरूको कार्यान्वयनले समेत यो हकको उपभोग गर्ने वातावरण तयार गर्दछन्। त्यसैले जीवनको हक, सामाजिक सुरक्षा तथा सामाजिक न्यायको हक जस्ता मौलिक हकहरूलाई समेत जोडर हेर्दामात्र यो खाद्यसम्बन्धी हकको कार्यान्वयन प्रभावकारी हुन जान्छ। तसर्थ नेपालको संविधानमा धारा १६ मा प्रत्याभूत गरिएको सम्मानपूर्वक बाँच्न पाउने हक उपभोग गर्न पाउनु पनि जरुरी छ। सम्मानपूर्वक या मर्यादापूर्वक नागरिक बाँच्न पाउने अवस्था हुनु भनेको नागरिकका खाद्य सम्बन्धी हक पनि उपभोग गर्ने वातावरण समेतको प्रत्याभूति भएको अवस्था हो।

### ३.१८ स्वास्थ्यसम्बन्धी हक

संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक अर्न्तगत नागरिकले राज्यका तर्फबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने, त्यस्तो सेवा प्राप्त गर्न वञ्चित नगरिने, त्यस्तो सेवा तथा उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने र नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुने सम्मका हकहरू प्रदान गरिएको छ।

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।

स्वास्थ्यसम्बन्धी हकअर्न्तगत नागरिकले राज्यका तर्फबाट प्राप्त गर्ने हकहरू सबैले समान रूपमा प्राप्त गर्ने व्यवस्था उपधारा ३ मा व्यवस्था गरिएकाले यस हकलाई धारा १८ को समानता सम्बन्धी हकलाई समेत जोडेर हेर्नुपर्ने हुन्छ। हालसम्मको प्रयासमा व्यक्तिगत रूपमा स्वास्थ्यकर्मी स्वयम् तथा निज आवद्ध संस्थाले बिरामी तथा परिवारले आफूले प्राप्त गर्ने उपचारको सम्बन्धमा जानकारी दिन जरुरी नठान्ने मनोवृत्तिले यस उपधारा (२) को "प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक" को कार्यन्वयन भने चुनौतिपूर्ण छ। यस हकको कार्यान्वयन हुनसके मात्र जवाफदेहीता बहनमा समेत वृद्धि हुनेछ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(२) ले आधारभूत स्वास्थ्यसम्बन्धी अधिकार प्रदान गरेको थियो।

### ३.१९ शिक्षासम्बन्धी हकको व्यवस्था

नेपालको संविधान (२०७२) मा मौलिक हकअर्न्तगत धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरेको छ। जसमा सबै नागरिकलाई आधारभूत शिक्षामा पहुँचको प्रत्याभूत गरिएको छ। त्यसैगरी आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने भनिएको छ। संविधानको व्यवस्था यसप्रकार छ :

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

अन्तरिम संविधान, २०६३ को मौलिक हक खण्डअर्न्तगत धारा १७ मा शिक्षा तथा संस्कृतिसम्बन्धी हक प्रदान गरिएको थियो। जसअनुसार प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ (उपधारा १) भने उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था थियो। अघिल्लो संविधान भन्दा यस संविधानमा आधारभूत तहको शिक्षालाई अनिवार्य बनाइयो।

अघिल्लो संविधानमा शिक्षालाई मौलिक हकको रूपमा स्वीकारिएको भए पनि प्रारम्भिक शिक्षालाई अनिवार्य गरिएको थिएन। अनिवार्य प्राथमिक शिक्षाको हक भएको अवस्थामा मात्र बाबुआमा वा अभिभावकलाई आफ्ना बालबालिकालाई विद्यालय अनिवार्य रूपमा पठाउनै पर्ने अन्यथा कानुनी सजायको भागिदार बन्नुपर्ने अवस्थाको श्रृजना हुन जाने हुँदा बालबालिकाको प्राथमिक तहको शिक्षामा अनिवार्य पहुँच पुग्न जान्छ। जुन परिवारले आफ्नो आर्थिक हैसियतले सक्दैन उसलाई सरकारी निकायले सहयोग गर्नुपर्ने दायित्व पनि आउँछ। यही दायित्व परिपालन गराउन प्रारम्भिक वा प्राथमिक शिक्षालाई अनिवार्य गरिनुपर्थ्यो जुन नेपालले गरेको थिएन। वर्तमान संविधानले यो व्यवस्था गरेकोले शिक्षासम्बन्धी हकको उपभोगमा वृद्धि हुने देखिन्छ।

९. Tejman Shrestha. "Right to Food and Its Justiciability with Reference to Nepal.",LLM Thesis Tribhuvan University (2012, Kathmandu).

१०. Ibid, p 99

**३.२० रोजगारी तथा श्रमको हक**

प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुन बमोजिम हुने भन्ने धारा ३३ (१) मा उल्लेख छ भने उपधारा (२) मा "प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुने" भन्ने छ। त्यसैगरी धारा ३४ मा श्रमको हकको व्यवस्था गरिएको छ।

**३.२१ आवासको हक**

धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने भन्ने छ। उपधारा (२) मा "कानुन बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन" भन्ने छ। यसरी नागरिकको बासस्थानलाई अनतिक्रम्य तुल्याउनाले यस हकलाई गोपनियताको हकसँग पनि सँगै उपभोग गर्न सकिने अवस्था श्रृजना हुन जान्छ।

**३.२२ बालबालिकाको हक**

बालबालिकाको हकहरू धारा ३९ मा व्यवस्थित गरिएको छ। उपधारा (१) मा "प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुने" व्यवस्था छ। उपधारा (२) मा "प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुने" व्यवस्था छ।

**३.२३ दलितको हक**

विभेदको शिकार भएका दलित वर्गका लागि धारा ४० मा "दलितको हक" अर्न्तगत विशेष हकको व्यवस्था गरिएको छ। उपधारा (२) मा "दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्मा छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिने", "प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने" भन्ने व्यवस्था छ। तर यो शिक्षासम्बन्धी व्यवस्था पनि कानुनमा व्यवस्था भए बमोजिम हुने भन्ने छ। त्यसैगरी

**मौलिक हकमा प्रत्याभूत गरिए बाहेक राज्यले महिलाका हकलाई व्यवहारिक रूपमा स्थापित गर्न र उनीहरूको सशक्तिकरणका लागि सरकारले आफ्ना कार्यक्रम मार्फत पनि जारी राख्ने व्यवस्था गरेको हुन्छ। नेपालको संविधानमा यस प्रकारका व्यवस्थाहरू छन्। सामाजिक न्यायको हकअर्न्तगत महिलालाई समावेशिताको आधारमा राज्यका सबै निकायमा समावेश गराउने व्यवस्था सराहनीय व्यवस्था हो।**

यस धाराका थप व्यवस्थाहरू यसप्रकार छन्:

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ।

(५) राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एकपटक जमीन उपलब्ध गराउनु पर्नेछ।

(६) राज्यले आवासविहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्नेछ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ।

यस धारामा गरिएका व्यवस्थाहरू निकै विस्तृत छन्। राज्यका सबै निकायमा समानुपातिक समावेशी रूपमा प्रतिनिधित्व गर्नेदेखि, उनीहरूको सशक्तिकरण गर्ने, शिक्षामा दलितहरूको सहभागिताको लागि विशेष व्यवस्था गरिनु, उक्त समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न विशेष व्यवस्था गरिने व्यवस्थाले दलित समुदाय सशक्त हुनुका साथै प्रतिनिधित्वमा वृद्धि हुने देखिन्छ। तर यी व्यवस्था कानुन बमोजिम गरिनुपर्ने र तत्कालै कानुन बन्न नसकेको अवस्थामा यी हकको पूर्ण कार्यान्वयन हुने कुरामा सन्देह रहन जान्छ।

त्यसैगरी, स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गरिने, दलित समुदायलाई आफ्नो परम्परागत ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास उनीहरूका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ, भूमिहीन दलितलाई कानुन बमोजिम एकपटक जमीन उपलब्ध गराउनु पर्ने, आवासविहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्ने जस्ता राज्यले सामाजिक न्यायका हिसाबले अति महत्वपूर्ण हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नु मानव अधिकारलाई मौलिक हकको रूपमा अङ्गीकार गरेको अवस्था हो। तर यी सबै हक "कानुन बमोजिम विशेष व्यवस्था गरिने" भनी विशेष कानुन निर्माण र सो कानुन कार्यान्वयनको भरमा मात्र छोडिदिने हो भने यी हकहरू मौलिक हक नभएर कानुनी हकको रूपमा परिणत हुनेछ। कानुनको निर्माणको अभावमा मौलिक हक कानुनी हक सरह हुन जान्छ।[११] मौलिक हकको व्यवस्थामा नै कानुन बमोजिम भन्ने तर कानुनको निर्माणको अभावमा मौलिक हक अधिकार उपभोग गर्न थप असम्भव हुन जाने हुँदा यस्तो प्रावधान कानुनको निर्माण नगरिएसम्म यसरी व्यवस्थित गरिएका हकहरू सौन्दर्यका लागि (Cosmetic Purpose) मात्र राखे सरह हुन जान्छ। दलितको हकलाई धारा १८ को समानता तथा विभेद विरुद्धको हक र धारा २४ को छुवाछूत विरुद्धको हकलाई समेतसँगै राखेर हेर्नुपर्ने हुन्छ।

**३.२४ सामाजिक न्याय तथा सुरक्षाको हक**

संविधानको धारा ४२ (२) मा "आर्थिक रूपले विपन्न तथा लोपोन्मुख

११. Tejman Shrestha. *Right to Food and Its Justiciability with Reference to Nepal*, LLM Thesis Tribhuvan University, Nepal (Kathmandu, 2012). page no.99

**कानुनी उपचार बिनाको हक हुन सक्दैनन्। त्यसैले संविधानको धारा ४६ मा "संवैधानिक उपचारको हक" अर्न्तगत कानुनी उपचारको हक प्रत्याभूत यसरी गरिएको छ "यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ।" यसरी मौलिक हक खण्डमा प्रदान गरिएका हकहरू उल्लङ्घन भएमा पीडितले तल्ला अदालतहरूबाट कानुनी उपचार शुरु नगरी सिधै सर्वोच्च वा उच्च अदालतहरूमा रिट मार्फत कानुनी उपचार प्राप्त गर्न सक्दछन्।**

समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक" को व्यवस्था गरिएको छ भने उपधारा (५) मा नेपालमा लोकतान्त्रिक परिवर्तनको लागि भएका सङ्घर्षका क्रममा "जीवन उत्सर्ग गर्ने सहिद तथा बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर पाउने हक हुने" व्यवस्था छ। तर, यी हकहरू कानुन बमोजिम हुने भन्ने व्यवस्था छ।

धारा ४२ को सामाजिक न्यायको हकअर्न्तगत उपधारा (४) मा खाद्यान्न सम्बन्धी हकलाई कृयाशील तुल्याउनको लागि भूमिमा पहुँच, परम्परागत ज्ञानको प्रयोग तथा रैथाने प्रजातिको छनौट जस्ता हकलाई पहिलो पटक संवैधानिक रूपमा स्थापित गरिएको छ। संविधानको उक्त व्यवस्था "प्रत्येक किसानलाई कानुन बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनोट र संरक्षणको हक हुनेछ" भन्ने छ। यसरी सामाजिक न्यायको हकअर्न्तगत खाद्यान्नसम्बन्धी हक उपभोग गर्नका लागि यसको उत्पादनका लागि पूँजी तथा परम्परागत ज्ञान तथ सीपसमेतको संरक्षणलाई मौलिक हकको रूपमा नयाँ व्यवस्था गरिएको छ। त्यसैगरी सोही धाराको उपधारा (२) मा "आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ" भन्ने समेत व्यवस्था भएकाले राज्यले खाद्यान्न उपलब्ध गराउन विपन्न वर्गका लागि विशेष कार्यक्रम गर्न सक्ने व्यवस्था समेत गरेको छ।

धारा ४३ मा सामाजिक सुरक्षाको हकअर्न्तगत असहाय एकल महिलाको लागि राज्यले सामाजिक सुरक्षा प्रदान गर्ने व्यवस्था उल्लेख छ। "आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।"[१२] तर, कानुनमा व्यवस्था भएबमोजिम हुने भनिएकाले राज्यले तत्कालै व्यवस्था नगरे उपभोग गर्न कठिनाइपूर्ण रहने देखिन्छ। तर यी हकहरूसम्बन्धी व्यवस्था लागु गर्नका लागि राज्यले तीन वर्ष भित्र आवश्यकता अनुसार कानुनी व्यवस्था गर्ने भन्ने व्यवस्था छ।[१३] यस प्रावधानको राज्यका निकायहरूले दुरुपयोग गर्न खोजेमा यसलाई रोक्न न्यायिक सक्रियताको जरुरी छ।

मौलिक हकमा प्रत्याभूत गरिए बाहेक राज्यले महिलाका हकलाई व्यवहारिक रूपमा स्थापित गर्न र उनीहरूको सशक्तिकरणका लागि सरकारले आफ्ना कार्यक्रममार्फत पनि जारी राख्ने व्यवस्था गरेको हुन्छ। नेपालले पनि संविधानमा यस प्रकारका व्यवस्थाहरू गरेको छ। सामाजिक न्यायको हक अर्न्तगत महिलालाई समावेशिताको आधारमा राज्यका सबै निकायमा समावेश गराउने व्यवस्था सह्राहनीय व्यवस्था हो।

नेपालको अन्तरिम संविधान, २०६३ मा अपाङ्ग, दलित, आदिवासी जनजातिको कसैलाई कुनै पनि आधारमा विभेद नगरिने सो गरिए दण्डनीय हुने व्यवस्था थियो।

### ३.२५ उपभोक्ताको हक

धारा ४४ (२) मा "उपभोक्ताको हक" अर्न्तगत "गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने" भन्नेसमेत व्यवस्था गरेकाले कुनै गुणस्तरहीन वस्तु वा सेवाको उपभोगबाट हानि पुग्न गई क्षति पुगेमा सो क्षतिवापतको क्षतिपूर्ति प्राप्त गर्ने मौलिक हकसमेत संविधानमा नै सुरक्षित गरिएको छ। यो हक संविधानमा पहिलोपटक समावेश गरिएको हो।

### ३.२६ संवैधानिक उपचारको हक

कानुनी उपचार बिनाको हक हुन सक्दैनन्। त्यसैले संविधानको धारा ४६ मा "संवैधानिक उपचारको हक" अर्न्तगत कानुनी उपचारको हक प्रत्याभूत यसरी गरिएको छ- "यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ।" यसरी मौलिक हक खण्डमा प्रदान गरिएका हकहरू उल्लङ्घन भएमा पीडितले तल्ला अदालतहरूबाट कानुनी उपचार शुरु नगरी सिधै सर्वोच्च वा उच्च अदालतहरूमा रिटमार्फत कानुनी उपचार प्राप्त गर्न सक्दछन्। तर धारा ४७ मा "मौलिक हकको कार्यान्वयन" को व्यवस्था अर्न्तगत "यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ" भन्ने व्यवस्थाले सरकारलाई यी हक कार्यन्वयन गर्न थप उदासिन बनाउन बल पुऱ्याउँछ।

## ४. समीक्षा

नेपालको संविधानले यस पूर्वका संविधानले जस्तै मौलिक हकलाई छुट्टै भागमा

१२. धारा ४३
१३. धारा ४७

व्यवस्था गरेको छ।

संविधानको भाग ३ मा धारा १६ देखि ४७ सम्म ३२ धारामा मौलिक हकहरूको व्यवस्था गरिएको छ। यसरी प्रत्याभूत गरिएका ३२ वटा मौलिक हकहरू मध्ये चार वटा हकहरू पहिलो पटक व्यवस्था गरिएको हो। यसरी थप गरिएका हकहरूमा अपराध पीडितको हक (धारा २१), दलितको हक (धारा ४०), ज्येष्ठ नागरिकको हक (धारा ४१), र उपभोक्ताको हक (धारा ४४) रहेका छन् भने खाद्य सम्बन्धी हकलाई थप व्यापक तुल्याइएको छ। नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को मौलिक हक खण्डको धारा १८ सामाजिक सुरक्षाको हकअर्न्तगत १८ (३) खाद्यान्नको अधिकारलाई "कानुनमा व्यवस्था भए बमोजिम" भन्ने व्यवस्थासहित मौलिक हकको रूपमा स्वीकार गरिएको छ। धारा १८(३) को उक्त अधिकार स्वत: मौलिक हक हुने भन्ने चाहिँ होइन। संविधानमा नै उल्लेख भए अनुरुप यस हकलाई कानुनमा व्यवस्था गरेपछि मात्र उपभोग गर्न पाउने अवस्था रहन्छ।

संविधानमा नागरिक स्वतन्त्रता, न्यायिक उपचारको हकदेखि लिएर निवारक नजरबन्दविरुद्धको हक, फौजदारी न्यायको हक, यातना विरुद्धको हकहरूको व्यवस्था गरिएको छ भने आर्थिक सामाजिक प्रकृतिका शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ वातावरणको हककोसमेत व्यवस्था गरिएको छ। त्यसैगरी उत्पीडित दलित वर्गको विशेष हक, महिलालगायत अन्य मूलधारमा आउन नसेको वर्गका विशेष हकको अलावा समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा समावेशी हुने हक प्रत्याभूत गरिएको छ जुन सराहनीय प्रयास हो। तर ३२ वटा धारामा व्यवस्थित गरिएका हकहरूको उपयोगका सन्दर्भमा कानुन बमोजिम भन्ने शर्त प्रयोग अत्यधिक गरिएको छ। यो मौलिक हकको खण्डमा मात्रै २३ ठाउँमा यी हकहरू कानुन बमोजिम हुने भन्ने उल्लेख छ। अझ दलितसम्बन्धी विशेष हकको एउटा धारामा मात्र पाँचवटा ठाउँमा यस्ता कानुन बमोजिम हुने भन्ने उल्लेख छ। त्यसैले यसप्रकारले एकातिर बढी भन्दा बढी मानव अधिकारलाई मौलिक हकको रूपमा ग्रहण गर्ने अनि अर्कोतिर ती हकलाई कानुन बमोजिम हुने भन्नाले ती हकहरू मौलिक हक भन्दा पनि बढी कानुनी हक जस्ता देखिएका छन्।

**५. निष्कर्ष**

नेपालको संविधानमा सभ्य समाजका स्वीकार गरिएका मानव अधिकारहरूलाई मौलिक हकको रूपमा स्वीकार गर्न व्यापक व्यवस्था गरिएको छ। संविधानको भाग ३ मा धारा १६ देखि ४७ सम्म ३२ धारामा मौलिक हकहरूको व्यवस्था गरिएको छ। संविधानमा प्रत्याभूत गरिएका यी मौलिक हकहरू मध्ये अपराध पीडितको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक र उपभोक्ताको हक रहेका छन् भने खाद्यसम्बन्धी हकलाई थप व्यापक तुल्याइएको छ।

संविधानमा नागरिक तथा राजनीतिक प्रकृतिका हकहरू जस्तो की नागरिक स्वतन्त्रता, न्यायिक उपचारको हकदेखि लिएर निवारक नजरबन्दविरुद्धको हक, फौजदारी न्यायको हक, यातना विरुद्धको हकहरूको व्यवस्था गरिएको छ भने आर्थिक सामाजिक प्रकृतिका शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ वातावरणको हककोसमेत व्यवस्था गरिएको छ।

त्यसैगरी समाजमा उत्पीडित दलित वर्गको विशेष हक, महिलालगायत अन्य मुल धारमा आउन नसेकेको वर्गका विशेष हकको अलावा समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा समावेशी हुने हक प्रत्याभूत गरिएको छ। यसरी धैरै भन्दा धैरै मानव अधिकारलाई मौलिक हकको रूपमा समेट्ने प्रयास भए पनि ३२ वटा धारामा व्यवस्थित गरिएका हकहरूलाई कानुन बमोजिम भन्ने शर्त २३ ठाउँमा प्रयोग गरिएको छ। नयाँ हकको रूपमा समेटिएको दलित सम्बन्धी विशेष हकको एउटा धारामा मात्र पाँचवटा ठाउँमा यस्ता कानुन बमोजिम हुने भन्ने उल्लेख छ।

यसरी मौलिक हकलाई कानुनी हकको रूपमा रूपान्तरण गर्नुले मौलिक हकको आत्मा नै मर्न सक्छ।

**संविधानमा नागरिक स्वतन्त्रता, न्यायिक उपचारको हकदेखि लिएर निवारक नजरबन्दविरुद्धको हक, फौजदारी न्यायको हक, यातना विरुद्धको हकहरूको व्यवस्था गरिएको छ भने आर्थिक सामाजिक प्रकृतिका शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ वातावरणको हककोसमेत व्यवस्था गरिएको छ। त्यसैगरी उत्पीडित दलित वर्गको विशेष हक, महिलालगायत अन्य मूलधारमा आउन नसकेको वर्गका विशेष हकको अलावा समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा समावेशी हुने हक प्रत्याभूत गरिएको छ। जुन सराहनीय प्रयास हो। तर, ३२ वटा धारामा व्यवस्थित गरिएका हकहरूको उपयोगका सन्दर्भमा कानुन बमोजिम भन्ने शर्त प्रयोग अत्यधिक गरिएको छ। यो मौलिक हकको खण्डमा मात्रै २३ ठाउँमा यी हकहरू कानुन बमोजिम हुने भन्ने उल्लेख छ। अझ दलितसम्बन्धी विशेष हकको एउटा धारामा मात्र पाँचवटा ठाउँमा यस्ता कानुन बमोजिम हुने भन्ने उल्लेख छ। त्यसैले यसप्रकारले एकातिर बढी भन्दा बढी मानव अधिकारलाई मौलिक हकको रूपमा ग्रहण गर्ने अनि अर्कोतिर ती हकलाई कानुन बमोजिम हुने भन्नाले ती हकहरू मौलिक हक भन्दा पनि बढी कानुनी हक जस्ता देखिएका छन्।**

# संविधान कार्यान्वयनका जटिल पक्षहरू



शोभाकर बुढाथोकी*

**सविधानसभाको मूल उद्देश्य अधिकतम जनसहभागितामा नयाँ सविधान जारी गर्नु रहेको र उक्त कार्य आंशिक रूपमा सफल भएको निश्चिन्त मान्न सकिन्छ। तर, संविधानले लोकतान्त्रिक आन्दोलन, शान्ति सम्झौता, अन्तरिम सविधान, मधेस तथा जनजाति आन्दोलन लगायत अन्य समुदायसँग हस्ताक्षरित सम्झौता तथा सहमतिका आधारमा गणतन्त्रात्मक, सङ्घीय र समावेशी संविधानका लागि आवश्यक शर्तहरू पूरा गर्न असमर्थ भएको छ। तसर्थ, संविधान विद्यमान राज्य व्यवस्थाको रुपान्तरणका माध्यमबाट देशमा दिगो शान्ति स्थापना गर्ने र राष्ट्रनिर्माणका आधारहरू तयार गर्ने सवालमा पनि कमजोर साबित भएको छ।**

नेपालको इतिहासमा पहिलोपटक संविधानसभाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गरेको छ। संविधान जारी भएसँगै नेपाली जनताको जननिर्वाचित संविधानसभाबाट संविधान घोषणा गर्ने करिब ६५ वर्षको आकाङ्क्षा पूरा भएको छ भने मुलुकको संवैधानिक इतिहासले नयाँ फड्को मारेको छ। विषयवस्तु तथा गुणस्तरका आधारमा उत्कृष्ट बन्नुपर्ने जनचाहनालाई पूर्णतया सम्बोधन गर्न संविधान असफल भए पनि निराश हुनुपर्ने अवस्था पटक्कै छैन। संविधान स्वयम्मा चलायमान, गतिशील तथा परिवर्तनशील दस्तावेज भएका कारण यसले समयको आवश्यकतालाई सम्बोधन गर्नसक्ने सुनिश्चित हुन सकेमा र संशोधनका लागि मार्गप्रशस्त गर्ने आधारहरू तय भएसम्म यसको अस्तित्व सुरक्षित रहिरहन्छ।

संविधान निर्माण कार्य जारी शान्ति प्रक्रियाको अभिन्न अङ्ग थियो। तथापि यो कार्य प्रारम्भदेखि जनअपेक्षित ढङ्गबाट हुन नसकेको र सीमित राजनीतिक दलका केही नेतृत्वबाट नियन्त्रित रूपमा सञ्चालन भएको निर्विवाद छ। फलतः सविधानसभाको सक्रियता सीमित दल र केही नेतृत्वको सिण्डीकेटका कारण दलीय एवम् व्यक्तिगत स्वार्थ र सत्ता स्वार्थको राजनीतिक सौदावाजीको प्रभावमा परेको सत्य हो। सैद्धान्तिक स्पष्टता र वस्तुगत आधार बिना प्रारम्भ भएको पहिलो संविधानसभाको यात्रा विभिन्न आरोह-अवरोहका बीचमा विघटनको प्रताडना भोग्न बाध्य भयो। यसैगरी, दोस्रो संविधानसभाको एक वर्षको अवधि पनि दलीय खिचातानी र स्वार्थको चपेटामा परेका कारण अपेक्षाकृत परिणाम दिन असफल भएको थियो।

तर, २०७२ को वैशाखको त्रासदीपूर्ण महाभूकम्पले निम्त्याएको विपत्तिको दुःखद पृष्ठभूमिमा राजनीतिक सहकार्यका निम्ति बाध्यात्मक परिस्थिति सृजना हुन पुग्यो र संविधानसभा सक्रिय हुने वातावरण निर्माण हुन पुग्यो। मुख्य राजनीतिक दलहरूका बीचमा निरन्तर बढ्दो खिचातानीका कारण जनअपेक्षा पूरा नगरे पनि नयाँ संविधान जारी हुनुलाई वर्तमान परिवेशमा सकारात्मक परिणामका रूपमा लिनुपर्ने हुन्छ। यसले मुलुकको व्यापक रुपान्तरणको आवश्यकता पूरा नगरे पनि एकहदसम्मको राजनीतिक अन्यौल र अनिश्चयको अन्त्य चाहिँ गरेको छ।

नयाँ संविधानको आधारभूत मान्यता राज्यको पुर्नसंरचना मार्फत् समानुपातिक सहभागिताका आधारमा मुलुकमा राजनीतिक, सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आधारहरूको तय गर्नुपर्ने रहेको थियो। साथै मुलुकमा पहिलो पटक सङ्घीयताका माध्यमबाट देशमा विकास तथा समृद्धिका लागि सङ्घीय तथा प्रदेशका बीचमा शक्ति सन्तुलन र स्रोतको बाँडफाँडमा सहकार्य तथा समन्वयको वातावरण निर्माण गर्नुपर्ने थियो।

यसैगरी पहिचानको सम्बोधन हुने समतामूलक समाज, शासन पद्धतिमा समस्त नेपालीको अनुहार प्रतिविम्वित हुने समावेशी, कुनै पनि नागरिकको धार्मिक आस्था र विश्वासमा हस्तक्षेप नहुने धर्म निरपेक्षता, वालिग मताधिकारको महत्व राख्ने निर्वाचन प्रणाली, सम्पूर्ण नागरिकको सहज पहुँच हुने स्वतन्त्र, सक्षम तथा निष्पक्ष न्यायप्रणाली, कानुनको कार्यान्वयन एवम् आम समुदायको प्रभावकारी सुरक्षामा समर्पित नागरिक प्रहरी र स्वतन्त्रता, न्याय एवम् सुरक्षाको प्रत्याभूतिसहितको मानवअधिकारको सुनिश्चितता गर्ने नयाँ संविधानको ध्येय रहेका कारण यसबाट शान्तिपूर्ण, समृद्ध र चलायमान नयाँ नेपालको निर्माणमा मद्दत पुऱ्याउने आशा राख्नु आम नेपालीका निम्ति स्वभाविक मान्नुपर्छ।

अन्तत्वगत्वा, संविधानसभाबाट जारी नयाँ संविधानले मुलुकको राजनीतिक स्थायित्वमा सघाउ पुग्ने र देशमा समतामूलक र न्यायपूर्ण समाज निर्माणका आधारहरू तयार हुने पनि अपेक्षा सर्वसाधारण नागरिकमा रहेको पाइन्छ।

बिडम्वना, संविधानसभाबाट जारी नयाँ संविधानले आमनागरिकमा उत्साह थप्नुको साटो सर्वत्र निराशा, सन्त्रास र

* द्वन्द्व तथा सुरक्षा विशेषज्ञ र मानवअधिकारकर्मी बुढाथोकी शान्ति तथा न्याय प्रवर्द्धन केन्द्र र न्याय तथा सुरक्षा सञ्जालसँग सम्बद्ध छन्। उनलाई peace.sb@gmail.com मा सम्पर्क गर्न सकिन्छ।

आशङ्का फैलाएको छ। परिणामत: संविधानको पक्षमा व्यापक जनमत भए पनि विरोध र असन्तुष्टिका आवाजहरू पनि पर्याप्त मात्रामा देखिएका छन्। संविधानले मुलकमा विद्यमान अन्यौलता, अस्थिरता र अनिश्चयतालाई निकास दिनेतर्फ केही हदसम्म सफल भए पनि राजनीतिक परिवर्तन र शान्ति प्रक्रियाको निष्कर्षलाई संस्थागत गर्ने कार्यमा चुनौतिको सामना गर्नुपर्ने अवस्था सृजना हुनु दुर्भाग्यपूर्ण मान्नुपर्छ। साथै, सविधानको कार्यान्वयनमा देखिएको चुनौतीका कारण सङ्घीयता तथा लोकतन्त्रको संस्थागत विकासमा समेत अवरोध हुने चिन्ता आमसमुदायमा थपिएको छ।

सविधानसभाको मूल उद्देश्य अधिकतम जनसहभागितामा नयाँ सविधान जारी गर्नु रहेको र उक्त कार्य आंशिक रूपमा सफल भएको निश्चिन्त मान्न सकिन्छ। तर, संविधानले लोकतान्त्रिक आन्दोलन, शान्ति सम्झौता, अन्तरिम संविधान, मधेस तथा जनजाति आन्दोलन लगायत अन्य समुदायसँग हस्ताक्षरित सम्झौता तथा सहमतिका आधारमा गणतन्त्रात्मक, सङ्घीय र समावेशी संविधानका लागि आवश्यक शर्तहरू पूरा गर्न असमर्थ भएको छ। तसर्थ, संविधान विद्यमान राज्य व्यवस्थाको रुपान्तरणका माध्यमबाट देशमा दिगो शान्ति स्थापना गर्ने र राष्ट्रनिर्माणका आधारहरू तयार गर्ने सवालमा पनि कमजोर सावित भएको छ।

**सवल पक्षहरू**

संविधानसभाबाट नयाँ संविधान जारी हुनु स्वयम्मा स्वागतयोग्य कदम मान्नुपर्छ। संविधानसभाका प्रतिनिधित्व गर्ने सबैजसो प्रमुख राजनीतिक दलहरू र यसका करिब ९० प्रतिशत प्रतिनिधिहरूको सहमति तथा समर्थनमा जारी भएको संविधानको कानुनी तथा राजनीतिक वैद्यतामाथि प्रश्न उठाउने नैतिक आधार पाउन जोसुकैलाई पनि असम्भव हुनु नै यसको पहिलो सवल पक्ष हो। यो संविधानको स्वागत केही अपवाद बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट व्यापक रूपमा हुनुले यसको वैधतालाई पुष्टि गर्दछ। संविधानमा समावेश भएका अधिकांश प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप भए पनि केही प्रावधानहरूमा नेपाली मौलिकता झल्काउने नाममा पश्चगामी स्वरुपका छन्, जुन विवादास्पद बन्न पनि पुगेका छन्। समष्टिमा संविधान मुलुकको प्राय: सबैजसो क्षेत्र तथा समुदायबाट सैद्धान्तिक तहमा स्वीकार गरिनुले यसको औचित्य पुष्टि भएको मान्न सकिन्छ।

दोस्रो, मुलुकमा पहिलो पटक जनप्रतिनिधिहरूको प्रत्यक्ष संलग्नतामा जारी संविधान निर्माणको प्रारम्भदेखि नै सीमित मात्रामा भए पनि जनसहभागितालाई प्राथमिकतामा राखिनु यसको थप सकारात्मक पक्ष हो। औपारिकताका नाममै भए पनि पहिलो संविधानसभाको प्रारम्भिककालमा आमनागरिकका सरोकारहरू सङ्कलन गर्ने र संविधान जारी हुनु पूर्व मस्यौदामाथि सुझाव सङ्कलन समेत हुनुले यसले जनसहभागिताको केही हदसम्म सम्मान गरेको मान्न सकिन्छ। तथापि, दुवै चरणमा सङ्कलित सुझावहरूको संविधान निर्माणका क्रममा ओझेलमा परेको र निर्णय प्रक्रियामा कुनै उल्लेखनीय भूमिका नपाएको यथार्थ सबैका सामु स्पष्ट छ।

राजनीतिक दलहरू तथा तिनका नेतृत्वको सौदाबाजीको परिणामस्वरुप जारी संविधानले मुलुकमा राजनीतिक स्थिरता कायम गर्न र अन्यौलको अन्त्य गर्ने अपेक्षालाई केही हदसम्म सम्बोधन गर्नु यसको तेस्रो सकारात्मक पक्ष हो। मूलत: संविधानले बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायतका विश्वव्यापी रूपमा स्वीकार गरिएका लोकतान्त्रिक मूल्य तथा मान्यतालाई आत्मसात् गरेका कारण देशको शिशु गणतन्त्र र सङ्घीय शासन पद्धतिको संस्थागत विकासमा टेवा पुग्ने महत्वपूर्ण आधारहरू तयार गरेको छ। परिणामत: नयाँ सविधानले मुलुकमा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको जनआकाङ्क्षालाई पनि आतमसात् गरेका कारण संविधानलाई चलायमान बनाउन सहयोग पुग्ने आशा राख्न सकिन्छ।

यसैगरी, संविधानले शक्ति पृथकीकरण, शक्ति सन्तुलनका अलावा बहुजातीय, वहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगालिक विविधताबीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावको संरक्षण तथा संवर्द्धन, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र जातीय छुवाछूतको अन्त्य गर्ने र मुलुकमा आर्थिक समानता तथा सामाजिक न्याय सुनुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निमार्ण गर्ने सङ्कल्प लिनुलाई चौथो सवल पक्ष मान्न सकिन्छ। यसले सामाजिक रुपान्तरणका अलावा पहिचान र अस्तित्वका आधारमा समतामूलक समाज निर्माणको कार्यभारलाई व्यवहारमा उतार्न मद्दत पुऱ्याउनेछ।

पाँचौ सवल पक्षका रूपमा यो संविधानले अन्तरिम संविधानको सकारात्मक सोचलाई निरन्तरता दिँदै नागरिक तथा राजनीतिक अधिकारका अलावा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई पनि राज्यको मौलिक हकमा समावेश गरेको छ। संविधानले महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलितलगायत पहिलो पटक विश्वमा नै दुर्लभ मानिने पीडितको न्याय तथा क्षतिपूर्तिको हकका अलावा वातावरण, रोजगारी, श्रम, स्वास्थ्य, खाद्य, आवास, सामाजिक न्याय, सामाजिक सुरक्षा, उपभोक्ताको हकलाई मौलिक हकमा समावेश गरेको छ। साथै, संविधानले राज्यका नीति तथा निर्देशक सिद्धान्तहरू अर्न्तगत देशमा प्रगतिशील, लोककल्याणकारी, सामाजिक न्याय र समानुपातिक सहभागितालाई प्रवर्द्धन गर्ने सोचलाई आत्मसात् गरेको छ, जुन बाध्यकारी नभए पनि मुलुकको रुपान्तरण प्रक्रियामा महत्वपूर्ण अर्थ राख्ने गर्दछ।

शान्ति प्रक्रिया तथा अन्तरिम संविधानले स्वीकार गरेको राज्यको पुर्नसंरचनालाई आंशिक रूपमा भए पनि व्यवहारमा उतार्नुलाई छैठौं सवल पक्ष मान्नुपर्छ। मूलत: प्रदेशको सीमाङ्कनका सवालमा विवाद कायम रहे पनि संविधानले सङ्घीयताको आधारभूत मार्गचित्र प्रदान गरेको छ भने मुलुकलाई केन्द्रिकृत राज्य प्रणालीबाट विकेन्द्रित अवधारणामा प्रवेश गराउने आधारहरू तयार गरेको छ। यसले मुलुकमा लामो समयदेखि बहसमा रहेको पहिचान र समानुतिक सहभागितामूलक राज्य प्रणालीको आवश्यकतालाई केही हदसम्म भए पनि सम्बोधन गर्ने प्रयत्न गरेको मान्न सकिन्छ।

**कार्यान्वयनका चुनौतीहरू**

गत वैशाखको भूकम्पको विपत्तिसँगै विकसित बाध्यात्मक राजनीतिक समझदारी स्वागतयोग्य र सकारात्मक भए पनि मुलुकको दीर्घकालीन भविष्यसँग जोडिएका सवालहरूलाई संविधानमा समावेश गर्ने सवालमा राजनीतिक शक्तिहरू गम्भीर हुन नसकेको देखिन्छ। संविधान निर्माणका क्रममा मुख्य राजनीतिक शक्तिहरूबाट साना दलहरू विशेषगरी महिला, आदिवासी तथा जनजाति, दलित, थारु तथा मधेसी समुदायका अलावा अन्य अल्पसङ्ख्यक समूहहरूबाट अभिव्यक्त सरोकारहरूलाई स्पष्ट दुईतिहाई बहुमतका आडमा अवमूल्यन गरिएको छ। संविधान निर्माण कार्य गणितीय मात्र नभई भावनात्मक, ऐतिहासिक, सामाजिक र राजनीतिक पक्षसँग सम्बन्धित भएकाले उक्त पक्षतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ, जसबाट संविधानसभाको घोषणा सर्वसम्मत तथा सर्वस्वीकार्य हुनुपर्ने आम आवश्यकताको अवमूल्यन भएको छ। फलतः संविधानको कार्यान्वयनमा शासन पद्धतिसँग सवालहरू बाहेक अन्य पक्षलाई व्यवहारमा उतार्न चुनौतिमूलक अवस्था सृजना भएको छ।

साथै, नयाँ संविधानले मुलुकमा स्थायित्व र समृद्धिका पक्षमा जनमत तयार गर्नुपर्ने र आम नागरिकहरू राष्ट्रनिर्माण अभियानमा सहभागी हुने वातावरण निर्माण गर्नुपर्नेमा नयाँ संविधानमा देखिएका कमजोरीका कारण आमनागरिकहरू अन्यौलमा पर्न पुगेका छन्।

संविधान चलायमान दस्तावेज भएकाले समयको आवश्यकता अनुसार संशोधन तथा परिमार्जन हुनुपर्छ। संविधानले मुलुकका सबै समस्या तथा सरोकारको सम्बोधन नगर्न सक्दछ। तर, यसको जिवन्तता महत्वपूर्ण हुन्छ। लोकतान्त्रिक शासन पद्धतिको महत्वपूर्ण पक्ष भनेको कानुनी शासनका मान्यताका आधारमा निर्माण भएका संविधान, कानुन र नीति तथा नियमहरूको कार्यान्वयन तथा पालना गर्नु र गराउनु हुने गर्दछ। बिडम्वना, संविधानसभाबाट जारी भएको संविधानको कार्यान्वयनमा प्रारम्भदेखि नै जटिलताहरू देखिनुका साथै चुनौतिपूर्ण पनि हुँदै गएको छ।

**अपनत्वको सङ्कटः** द्वन्द्वउपान्त समाजमा संविधान लेखन मुलुकको स्थायित्वसँग जोडिने भएकाले आम नागरिकले अपनत्व महसुस गर्ने प्रक्रिया चालिनुपर्ने हुन्छ। भनिन्छ, यो संविधान धेरै राजनीतिक दलहरूको स्वार्थहरू समेट्न बाध्य भएका कारण सहमतिको दस्तावेज बन्न पुगेको छ। परिणामस्वरुप संविधान जनअपेक्षा पूरा गर्न असमर्थ भएको छ। प्रक्रियागत रूपमा आम नागरिकका सवालहरू त्था उनिहरूका सुझावहरू संकलन भएपनि यो कार्य औपचारिकतामा सीमित रहेका कारण सर्वसाधारण नागरिकहरूलाई अपनत्व लिन मुस्किल परेको छ। राजनीतिक र कानुनी बैद्यतामा कुनै समस्या नभएपनि संविधानलाई आत्मसात् गर्ने सवालमा सर्वसाधारणमा प्रशस्त हिच्किचाहट देखिन्छ। राजनीतिक दलहरूको नेतृत्वमा संविधान जारी हुनासाथ देशव्यापी रूपमा भव्य स्वागत गरिएको भए पनि जनस्तरमा यसमा समाविष्ट विषयवस्तु र विशेषताका बारेमा जानकारी नभएका कारण पनि अपनत्वको समस्या आएको हुनसक्छ। साथै, सरकारले संविधानलाई जनस्तरमा पुऱ्याउन गरेका कार्यक्रमहरू प्रचारमुखी रहेका छन् भने यस्ता अभियानहरू शहरमुखी देखिन्छन्।

राजनीतिक शक्तिहरूमा पहिला संविधान जारी गर्ने र त्यसमा असन्तुष्टि देखा परेमा संसोधन गर्न सकिने तर्क आएपनि नयाँ संविधानको संशोधन प्रक्रिया जटिल भएका कारण कार्यान्वयनमा थप समस्या आउनेछ भने असन्तुष्ट समूहले अर्को संविधानको खोजी गर्ने सम्भावना रहनेछ।

**संवैधानिक निकायहरूको भीडभाडः** संविधानले शक्ति सन्तुलन र जवाफदेही राज्य पद्धति निर्माणका लागि स्वतन्त्र तथा निष्पक्ष र अधिकारसम्पन्न आयोगहरूको परिकल्पना गरेको छ। एकातिर सङ्घीयतालाई व्यवस्थित गर्न र अर्कातिर राज्यका कतिपय जिम्मेवारी निष्पक्ष रूपमा सञ्चालनका लागि परिकल्पना गरिएका आयोगहरू यथार्थमा संविधानको कार्यान्वयनमा चुनौतिपूर्ण हुने देखिन्छ। राज्यका कार्यहरू निष्पक्ष रूपमा सञ्चालन गर्न र आवश्यकताअनुसार अनुगमन गर्न अख्तियार दुरुपयोग अनुसधान आयोग, लोकसेवा आयोग, महालेखा परिक्षक, निर्वाचन आयोग जस्ता निकायहरूका अलावा आमनागरिकका हक तथा अधिकारको संरक्षण तथा संवर्द्धनका लागि राष्ट्रिय मानवअधिकार आयोग, महिला आयोग, दलित आयोग, मुस्लिम आयोग र सङ्घीय व्यवस्थापनका लागि राष्ट्रिय प्राकृतिक तथा वित्त व्यवस्थापन जस्ता संवैधानिक आयोगहरू गठन हुनेछन्। संविधानतः सबै आयोगको हैसियत र तिनमा नियुक्त हुने पदाधिकारीहरूको प्रक्रिया, सुविधा र पहुँच समानस्तरको हुनुपर्ने भए पनि गठन प्रक्रिया र पदाधिकारीहरूको योग्यताका सवालमा आयोगको प्रकृति अनुसार फरक-फरक व्यवसाय गरिएको छ। यसले आयोगहरूका बीचमा अनमेल सम्बन्ध विकसित हुने संभावना रहन्छ भने कतिपय आयोगहरूको कार्यक्षेत्रमा दोहोरोपन देखिन्छ। यसरी राजनीतिक दलका भातृ सङ्गठनको दवावमा उनीहरूको स्वार्थ पूरा गर्न र कतिपय अवसरमा भावनात्मक रूपमा विभिन्न समूहहरूलाई आन्दोलित हुनबाट रोक्नका लागि मात्र अनावश्यक रूपमा गठित यस्ता आयोगहरू प्रभावकारी नहुने निश्चित छ भने यसले राज्यमाथि ठूलो आर्थिक भार पर्नेछ।

संवैधानिक निकायका प्रावधानहरूमा एकरुपता नभएको तथा उनीहरूको कतिपय स्वायत्त अधिकारलाई नियतवश सङ्कुचित गर्न खोजेका प्रावधानहरूका बारेमा सम्बन्धित आयोगहरूले चासो व्यक्त गरेका समाचारहरू सार्वजनिक भएका थिए। उदाहरणका लागि मानवअधिकार आयोगको अध्यक्षमा पूर्व प्रधानन्यायाधीश र सदस्यमा न्यायाधीश नियुक्त हुनसक्ने भएकाले अवकाशप्राप्त जीवनलाई पनि सेवाका लागि योग्य ठानिएको छ भने समान प्रकृतिका महिला, दलित लगायतका आयोगहरूमा अन्य संवैधानिक आयोगहरू सरह ६५ वर्षमा अवकाश लिनुपर्ने व्यवस्था गरेको छ। यसैगरी, अख्तियारको अधिकार कटौती गरी राजनीतिक निर्णयका आधारमा भ्रष्टाचारका आरोपमा उन्मुक्ति लिने बाटो सुरक्षित राखिएको सम्बन्धमा अख्तियारले असन्तुष्टि सार्वजनिक गरिसकेको थियो। साथै, लोकसेवा आयोगलाई प्रदेशमा समेत गठन गर्ने प्रावधान राखिएको छ, जसले मुलुकको कर्मचारीतन्त्रको व्यवस्थापन तथा गुणस्तरमा तालमेल ल्याउन ठूलो सङ्कट ल्याउनेछ। तर, सेनाको असन्तुष्टिका वावजुद पनि यसलाई अख्तियार र लोकसेवा आयोगको दायरामा ल्याउने प्रयास सराहनीय छ, तर यसको कार्यान्वयनमा नेपाली सेनाको सहयोग बिना असम्भव छ।

**मौलिक हकको भण्डारः** आम नागरिकको अधिकार तथा स्वतन्त्रतासम्बन्धी

बढीभन्दा बढी प्रावधानहरू मौलिक हकमा समावेश हुनु मानवअधिकारका दृष्टिकोणमा महत्वपूर्ण उपलब्धी मानिन्छ, जुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गर्वको विषय अन्तर्गत पर्दछ। तर, संविधानको सफलताका लागि मौलिक हकसम्बन्धी व्यवस्थाहरू राज्यले कार्यान्वयन गर्नुपर्दछ, जुन सबैधानिक बाध्यता पनि हो। मौलिक हकका व्यवस्थाहरूलाई राज्यले कार्यान्वयन नगरेमा वा कार्यान्वयनका लागि सकारात्मक पहल नगरेमा सर्वोच्च अदालतले सरकारलाई बाध्यकारी निर्देशनात्मक आदेश जारी गर्न सक्दछ। यस अर्थमा मौलिक हकको अधिकतम व्यवस्था राज्यका निम्ति महँगो सावित हुन सक्छ।

सामान्यतया, नागरिक तथा राजनीतिक अधिकारको कार्यान्वयनका लागि राज्यको सकारात्मक सोच तथा पहल पर्याप्त हुन्छ। मूलतः यस्ता कार्यमा कानुन र नीति-नियम निर्माणका अलावा राज्यका निकायको कार्यशैली र व्यावहारमा परिवर्तन जस्ता कार्यहरू पर्दछन्। तर, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको बहालीका लागि राज्यले कानुन र नीति-नियम निर्माण कार्य मात्र पर्याप्त नभई यस्ता अधिकारको सुनिश्चितताका लागि आर्थिक लगानी गर्नुपर्ने हुन्छ। मौलिक हकको व्यवस्था कार्यान्वयन हुन नसकेमा न्यायिक निरूपणको विषय हुने भएकाले सरकारका लागि भविष्यमा यी मौलिक हक तथा अधिकारहरूको कार्यान्वयन कार्य अत्यन्त चुनौतीपूर्ण हुनेछ। उदाहरणका लागि यस्ता मौलिक हक तथा अधिकारहरूमा पीडितको हक तथा क्षतिपूर्तिका अलावा महिला, बालबालिका, ज्येष्ठ नागरिकको अधिकार, खाद्य सुरक्षा, स्वच्छ वातावरण, सामाजिक न्याय जस्ता हकलाई लिन सकिन्छ। यसैगरी कानुनी रूपमा बाध्यात्मक नभए पनि राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई कार्यान्वयनमा ल्याउन र आम नागरिकको अपेक्षा पूरा गर्न पनि सहज हुने छैन।

**असन्तुष्ट तराई–मधेसः** संविधानको कार्यान्वयनका सवालमा समूहगत रूपमा सबैभन्दा ठूलो चुनौतीका रूपमा तराई-मधेस क्षेत्रबाट अभिव्यक्त असन्तुष्टिहरू रहेका छन्। उनीहरूसँग नजिक सबैजसो राजनीतिक दलहरूले संविधानमा अहिलेसम्म सहमति जनाएका छैनन् भने यसको विरोधमा आन्दोलनरत छन्। साथै, आफ्ना सरोकारहरूलाई संविधानमा समावेश गर्न मुख्य राजनीतिक दलहरूले उदासिनता देखाएको आरोप सहित राजनीतिक दलहरूले संविधान निर्माण प्रक्रिया बहिष्कार गरेका थिए। संविधानमा तराई-मधेसका सवाललाई पर्याप्त सम्बोधन नगरेको बहानामा भारतले अघोषित रूपमा लगाएको नाकाबन्दीले मुलुक अहिलेसम्म पनि अस्तव्यस्त छ।

संविधानको मस्यौदा सार्वजनिक हुनासाथ मूलतः सङ्घीयताको सीमाङ्कनबाट शुरु भएको विरोध पछिल्लो चरणमा पूर्वी मधेसमा नागरिकता, पहिचान र सहभागिताको माग सहित आन्दोलनले मुलुक प्रताडित भएको छ। संविधानसभा-संसदमा प्रतिनिधित्वको हिसाबमा तराई-मधेस तथा थारु समुदाय केन्द्रीत राजनीतिक दलहरूको संविधान घोषणा प्रक्रिया बहिष्कार गर्ने सङ्ख्या उल्लेख्य नभए पनि यो समूहले उक्त क्षेत्रको ठूलो समुदायको प्रतिनिधित्व गर्दछ। प्रत्यक्ष रूपमा नभए पनि अप्रत्यक्षतः उक्त क्षेत्रका अधिकांस जसो मुख्य राजनीतिक दलहरूका प्रतिनिधिहरूले पनि विद्यमान अपनत्वको सवाललाई आत्मसात् गर्न नसकेको अवस्था छ। दुर्भाग्य, उक्त क्षेत्रमा जारी आन्दोलनका क्रममा ५० जना भन्दा बढी नेपालीको ज्यान गएको छ। सरकार तथा आन्दोलनकारीहरू बीचका वार्ताहरू परिणाममुखी हुन सकेको छैन।

तथापि, सरकार तथा तीनवटा मुख्य राजनीतिक दलको पहलमा संविधानको पहिलो संशोधन भएको छ र उनीहरूका मागहरूलाई केही हदसम्म सम्बोधन भए पनि आन्दोलन औपचारिक तहमा अन्त्य हुन सकेको छैन। तसर्थ, संविधानमा समाविष्ट प्रावधानहरूमाथि मुलुकको ठूलो समुदायका सरोकारलाई सम्बोधन गर्न नसकेमा संविधान प्रभावकारी रूपमा कार्यान्वयन गर्न असहज परिस्थिति सृजना हुनेछ।

नियन्त्रित सङ्घीयता तथा सङ्घीय पूर्वाधारको अभाव र जटिल शासन पद्धतिः संविधानले बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीलाई मुलुकको शासबीय स्वरुपका रूपमा स्वीकार गरे पनि यसलाई व्यवहारमा उतार्ने कार्य चुनौतिपूर्ण हुनेछ। सङ्घीयता स्वयम्मा जटिल स्वरुपको र महँगो शासन पद्धतिका रूपमा लिइन्छ। त्यसमा पर्याप्त मात्रामा आन्तरिक आर्थिक स्रोत नभएको र भौतिक पूर्वाधारको कमी भएका देशहरूलाई केन्द्रिकृतबाट सङ्घीय

**सङ्घीयता आकर्षक शासन पद्धति भए पनि संविधानले व्यवहारमा स्वायत्तता नदिएको सन्दर्भमा सङ्घीय सरकार तथा प्रदेश सरकारकाबीचमा शक्ति सन्तुलन, समन्वय तथा सहकार्यमा सकारात्मक प्रभाव नपर्ने सम्भावना बढी छ। यस्तो असहयोगमूलक सम्बन्ध सृजना भएको अवस्थामा सङ्घीयता कमजोर हुनेछ र भविष्यमा प्रदेशहरूले आफ्नो अधिकार क्षेत्र बढाउने स्वार्थमा हातेमालो गर्ने तथा सङ्घीय सरकारमाथि दबाव सृजना गर्ने सम्भावना रहन्छ। साथै, सङ्घीयताको कार्यान्वयनलाई प्रभावकारी बनाउन उपयुक्त सङ्क्रमणकालीन व्यवस्था गर्नुपर्ने हुन्छ भने विद्यमान प्रशासनिक र सुरक्षा संयन्त्रलाई तत्काल प्रान्तीय तहमा चलायमान बनाउनुपर्ने हुन्छ। फलतः सङ्घीयताको सीमाङ्कन, नामाङ्कन र प्रदेश राजधानीको घोषणाको समयमा मुलुकमा देखा पर्नसक्ने सुरक्षा संवेदनशीलता र अराजकतालाई नियन्त्रणमा राख्न सहज हुनेछ। अन्यथा सङ्घीयताको असफलताका कारण वर्तमान राजनीतिक पद्धति र संविधानसभाबाट जारी संविधानको अस्तित्व समेत सङ्कटमा पर्नेछ।**

स्वरूपमा राज्य प्रणाली विस्तार गर्न व्यापक अवरोधको सामना गर्नुपर्ने हुन्छ। सङ्घीयताको कार्यान्वयन गर्नका लागि मुख्यतया संवैधानिक व्यवस्थाअनुसार कानुनको निर्माण तथा परिमार्जन, प्रदेशको सीमाङकन तथा प्रदेश राजधानीको निर्क्यौल, प्रदेश प्रमुखलगायतका संवैधानिक पदहरूमा नियुक्ति जस्ता कार्यहरू यथाशीघ्र गरिनुपर्छ भने स्थानीय र प्रदेशको निर्वाचन सम्पन्न गर्नुपर्ने हुन्छ। उल्लिखित जिम्मेवारीहरू पूरा गर्नका लागि राजनीतिक सहकार्य तथा इच्छाशक्ति आवश्यक हुन्छ भने आवश्यक आर्थिक दायित्वको पनि व्यवस्था गर्नुपर्ने हुन्छ। बिडम्वना, सङ्घीयतालाई कार्यान्वयनमा ल्याउनका लागि कानुन मन्त्रालयमा कानुनसम्बन्धी गृहकार्य भइरहेको समाचार सार्वजनिक हुनुबाहेक सीमाङकनका लागि सङ्घीय आयोग गठन गर्ने लगायतका कुनै पनि कार्यको शुरुवात हुन सकेको छैन। यस परिवेशमा सङ्घीयतालाई पूर्ण रूपमा व्यावहारमा उतार्न ठूलो चुनौतिको सामना गर्नुपर्ने अवस्था आउनेछ।

सङ्घीय संरचनालाई चलायमान बनाउनका लागि भौतिक पूर्वाधारको समेत अभाव भइरहेको सन्दर्भमा संविधानले आर्थिक रूपमा बोझिलो सङ्घीय व्यवस्थाको परिकल्पना गरेको छ। वेष्टमिनिस्टर संसदीय पद्धति अपनाउने नाममा सङ्घीय राष्ट्रपती, प्रधानमन्त्री लगायत प्रादेशिक सरकार तथा सभाको व्यवस्था र ती निकायमा चुनिने पदाधिकारीहरूको निर्वाचन प्रक्रिया मित्रराष्ट्र भारतको व्यवस्थासँग हुबहु मिल्दोजुल्दो छ, जसमा अनावश्यक संरचनाहरू पर्याप्त रहेका छन्।

साथै, सङ्घीयताका माध्यमबाट राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको अधिकतम विकेन्द्रीकरण गर्नुपर्नेमा संविधानले प्रदेशलाई अत्यन्त न्यून अधिकार प्रदान गरेको छ भने सङ्घीय सरकारको निगाहामा प्रदेश चल्नुपर्ने बाध्यात्मक अवस्था छ। कानुन निर्माण, राजश्व सङ्कलन तथा वितरण, आर्थिक विनियोजन, वैदेशिक सम्बन्ध तथा सहयोग लगायतका अधिकांसतया महत्वपूर्ण अधिकार सङ्घीय सरकारको अधिकारक्षेत्र राखिएको छ। साथै, प्रशासनिक तथा सुरक्षा संयन्त्र पनि कुनै न कुनै रूपमा सङ्घीय सरकारको नियन्त्रणमा रहनेछ।

सङ्घीयता आकर्षक शासन पद्धति भए पनि संविधानले व्यवहारमा स्वायत्तता नदिएको सन्दर्भमा सङ्घीय सरकार तथा प्रदेश सरकारकाबीचमा शक्ति सन्तुलन, समन्वय तथा सहकार्यमा सकारात्मक प्रभाव नपर्ने संभावना बढी छ। यस्तो असहयोगमूलक सम्बन्ध सृजना भएको अवस्थामा सङ्घीयता कमजोर हुनेछ र भविष्यमा प्रदेशहरूले आफ्नो अधिकार क्षेत्र बढाउने स्वार्थमा हातेमालो गर्ने तथा सङ्घीय सरकारमाथि दवाव सृजना गर्ने सम्भावना रहन्छ। साथै, सङ्घीयताको कार्यान्वयनलाई प्रभावकारी बनाउन उपयुक्त सङ्क्रमणकालीन व्यवस्था गर्नुपर्ने हुन्छ भने विद्यमान प्रशासनिक र सुरक्षा संयन्त्रलाई तत्काल प्रान्तीय तहमा चलायमान बनाउनुपर्ने हुन्छ। फलतः सङ्घीयताको सीमाङ्कन, नामाङ्कन र प्रदेश राजधानीको घोषणाको समयमा मुलुकमा देखा पर्नसक्ने सुरक्षा संवेदनशीलता र अराजकतालाई नियन्त्रणमा राख्न सहज हुनेछ। अन्यथा सङ्घीयताको असफलताका कारण वर्तमान राजनीतिक पद्धति र संविधानसभाबाट जारी संविधानको अस्तित्वसमेत सङ्कटमा पर्नेछ।

**निकासको बाटो**

संविधानको प्रभावकारी कार्यान्वयनले यसको भविष्य निर्धारण गर्दछ। प्रभावकारी कार्यान्वयनका लागि राजनीतिक स्पष्टता हुनुपर्दछ। नेपालको इतिहासमा संविधानको कार्यान्वयन र जिवन्तताको सुखद अनुभव छैन। संविधानको खारेजी र लेखन विगत करिब ७० वर्षको इतिहासमा कम्तिमा आधा दर्जन पटक भइसकेका छन्। कुनै पनि संविधान निरपक्षरूपमा सर्वोत्कृष्ट हुन सम्भव छैन। यसको गतिशीलता भनेको संविधानमा समाविष्ट प्रावधानलाई व्यवहारमा उतार्ने, आमनागरिकलाई संविधानको प्रयोगमा प्रोत्साहित गर्ने र संविधानलाई जनजीवनको अभिन्न अङ्ग बनाउने हो।

संविधान कुनै पनि हिसाबमा निरपेक्ष र सर्वगुणले भरिपूर्ण हुन सक्तैन। नेपालको पछिल्लो संविधान तुलनात्मक रूपमा मध्यमस्तरको भए पनि प्रगतिशील, समाजवाजतर्फ उन्मुख र लोककल्याणकारी उद्धेश्यबाट अभिप्रेरित रहेको छ। तर, यो संवैधानिक व्यवस्थाका दृष्टिकोणमा मौलिक मान्न सकिँदैन। यसमा यथेष्ट सवल पक्षहरूका वावजुद पनि प्रशस्त कमजोरीहरू पनि रहेका छन्। संविधान लेखन प्रक्रिया दलीय तथा व्यक्तिगत स्वार्थबाट प्रभावित भएका कारण प्रशस्त बेमेलजन्य प्रावधानहरूका अलावा अनावश्यक संरचनाहरूको परिकल्पना गरिएको छ। कतिपय प्रावधानहरू समयानुकुल नहुनुका साथै मुलुकको राजनीतिक स्थिरता, विकास र समृद्धिमा मद्दत पुऱ्याउने खालका छैनन्। संविधानले शासन पद्धतिमा नयाँपन दिन नसक्नुका साथै कमजोर सङ्घीयता सिफारिस गरेको छ।

विश्वका अन्य संविधानको तुलनामा गुणस्तरीय र जनसहभागिता सुनिश्चित गर्ने सवालमा केही हदसम्म सकारात्मक भए पनि आम नागरिकको भावना जित्न चाहिँ हम्मेहम्मे परेको छ। संविधानले वर्षौंदेखि समाजमा व्यिमान असमानता, विषमता, विभेद तथा कुरीतिहरूलाई हटाउने र मुलुकको रूपान्तरणका लागि अत्यावश्यक राज्यको पुर्नसंरचना, शासन पद्धति, निर्वाचन प्रणाली, न्यायिक क्षेत्र र सुरक्षा निकायको सुधार एवम् पुर्नसंरचनाका लागि आधारहरू निर्माण गरे पनि परम्परागत तथा पुरातनवादी सोचबाट निर्देशित भएकाले यथास्थितिवादको धरातलभन्दा माथि उठ्न नसकेको यथार्थ हो।

तथापि मुलुकमा पहिलोपटक जनप्रतिनिधिहरूबाट संविधान घोषणा भएको छ र देशमा राजनीतिक, सामाजिक र आर्थिक रुपान्तरणका लागि मार्गचित्र निर्माण गरेको छ। तसर्थ, संविधानलाई चलायमान र प्रभावकारी बनाउनका निम्ति कुनै समूहको आग्रह, दवाव तथा मागका आधारमा पटक-पटक संविधान संशोधन गर्नुको साटो अल्पकालीन नीतिका आधारमा समस्त संविधानलाई एकपटक पूर्णरूपमा परिष्कृत बनाउनुपर्ने हुन्छ। अन्तत्वगत्वा सरकार, राजनीतिक दल तथा तिनको नेतृत्व र व्यवस्थापिका-संसद्बाट मात्र संविधान संसोधन हुने भएकाले वर्तमान व्यवस्थापिकाको अधिकारक्षेत्र रहने गरी संविधानविद्, राजनीतिशास्त्री, समाजशास्त्री लगायतका गैरदलीय स्वतन्त्र विशेषज्ञहरूको समूहको सहयोगमा यससम्बन्धी गृहकार्य अगाडि बढाउन सकिन्छ। संविधानलाई परिष्कृत बनाउनुले संविधानसभाको अपमान नभई थप सम्मान हुने वातावरण तयार गर्नेछ र संविधानलाई प्रभावकारी रूपमा चलायमान तथा गतिशील बनाउन मद्दत पुग्नेछ।

# कर्णाली र खाद्यान्नको अधिकार



श्रीराम अधिकारी*

**मानव अधिकारभित्र केही यस्ता अधिकारहरू पनि छन् जुन अधिकारहरू मानिसको जीवनमा हरहमेशा प्रत्याभूत हुन्छन्। जसमध्येको एक अधिकार खाद्यान्नको अधिकार हो। खाद्यान्नको अधिकार सशस्त्र द्वन्द्वका बेलामा, युद्धको बेलामा, जेनेभा कन्भेन्सन आर्कषित हुने घटनामा तथा सङ्कटकालको बेलामा समेत लागु रहन्छ र यो निलम्बन रहित र अहरणीय अधिकार हो। तर यस्तो अधिकारको प्रचलन दैनिक रूपमा कर्णालीका गरिब जनताले गर्न पाउँदैनन् र मौलिक हकको प्रचलनको लागि सर्वोच्च अदालतको ढोका घच्घच्याउनु पर्ने हुन्छ। तर, पनि सर्वोच्च अदालतको निर्णयको वा निर्देशानात्मक आदेशको कार्यान्ववयन हुँदैन।**

**विषय प्रवेश**

जब जब नेपालमा खाद्यान्न सङ्कट र खाद्य सुरक्षाको सम्बन्धमा बहस र छलफल हुन्छ त्यतिबेला नेपालको कर्णाली अञ्चलको नाम आउँछ। कर्णालीको खाद्य सङ्कट के हो र कर्णालीको जनताको संविधान प्रदत्त खाद्यान्नको अधिकार कहाँ छ ? यस लेखमा तिनै विषयमा सङ्क्षेपमा चर्चा गरिनेछ।

**चामल र गरिब कर्णाली**

कर्णाली अञ्चलमा डोल्पा, हुम्ला, जुम्ला, मुगु र कालीकोट गरी पाँच जिल्ला छन्। भौगोलिक आधारमा कर्णाली नेपालको सबैभन्दा ठूलो अञ्चल पनि हो। कर्णाली अञ्चल र आसपासका पहाडी जिल्लामा स्याउ, कोदो, जौ, धान, (कालो मार्सी र रातो चामल) मकै, फापर, सिमी, गहत, पिँडालु आदिको खेती हुन्छ। जग्गा जमिन भएकाहरूलाई आफ्नो खेतीबाट वर्षभर खान पुग्छ र स्याउ, सिमी, फापर आदि खाद्यान्न बिक्री गरी सो पैसाले चामल पनि किन्छन्। धानको खेती नगरेका वा गरेर पनि वर्षभर खान नपुग्ने ले अन्य कृषि उत्पादन बिक्री गरी चामल किन्छन् भने अति नै न्यून आय भएका गरिब नेपालीले सहुलियत दरको खाद्य संस्थानको चामल किन्ने गर्छन्। खाद्यान्नको सङ्कट वा खाद्य संस्थानमा चामल लिनेका लामको बारेमा समाचार पढिन्छ, सुनिन्छ। त्यस्तो लाइनमा बस्नेहरू न्यून आय भएका गरिब नेपालीहरू हुन् जो सहुलियत दरको चामल किन्छन्।

विश्व खाद्य कार्यक्रमले कामको लागि खाद्यान्न भनेर दिनभर काममा लगाएर पारिश्रमिक वापत चामल दिने गरेको ४० वर्ष भन्दा बढी भइसकेको छ। विश्व खाद्य कार्यक्रमले कर्णालीवासीलाई उत्पादन बढाउने र आधुनिक ढङ्गले खेती गर्ने सीप, ज्ञान र हौसला दिएको भए कर्णालीका जनता आत्मनिर्भर बनिसक्थे होलान्। नेपाल सरकारले आत्मनिर्भर नहुने तर परनिर्भर बन्ने नीति अख्तियार गरेकाले नै कर्णालीमा खाद्य सङ्कट भएको हो भन्न सकिन्छ। नेपाल सरकारसँग सम्बन्धित विभिन्न कृषि आयोजना, कृषि विकास कार्यालहरूले यत्तिका वर्षसम्म कर्णालीमा के योगदान गरे ? स्याउको उत्पादन बढ्यो स्याउका ब्राण्डीहरू काठमाडौंका डिपार्टमेन्टल स्टोरसम्म आइपुगे तर चामलको उत्पादन बढेन यस कुरामा कृषि मन्त्रालयले दोष वा अपजस लिनुपर्छ नै। स्याउको उत्पादन गर्ने किसान धेरै वर्षदेखि स्याउ उत्पादन गरेर बेचिरहेका छन्। उनीहरूको आर्थिक अवस्थामा कुनै परिवर्तन देखिएको छैन। तर, स्याउको ब्राण्डी उत्पादन गर्ने कारखानाको मालिकको आर्थिक हैसियत प्रत्येक वर्ष परिवर्तन हुँदै गर्नुले कर्णालीका गरिब नागरिकको आर्थिक विकासमा नेपाल सरकारको नीतिको सान्दर्भिकता र महत्व सून्य साबित भएको छ।

**खाद्य सुरक्षा सञ्जाल**

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने यस सञ्जालले जिल्लाको खाद्य सुरक्षाको बारेमा नेपाल सरकारलाई आवधिक रूपमा जानकारी गराउने र खाद्यान्न सङ्कटलाई टार्न आवश्यक राय, सुझाव, भण्डारण, खाद्य संस्थानको भूमिकाको बारेमा लेखी पठाउने र तत्काल समस्याको समधानको लागि सम्बन्धित मन्त्रालयबाट हुनुपर्ने कार्यको बारेमा जानकारी गराउने गर्दछ। तर, जिल्ला प्रशासन कार्यालयको अनुरोध तथा सुझावलाई गृह-मन्त्रालयले कार्यान्वयन गरेको भने पाइँदैन।

कर्णाली अञ्चलको एउटा जिल्ला प्रशासन कार्यालयले खाद्य संस्थानको डिपोमा तत्काल मौज्दात बढाउनुपर्ने भनी गृह मन्त्रालयमा पत्राचार पठायो। जिल्ला प्रशासनले जानकारी गराउने तालुकवाला निकाय गृहमन्त्रालय हो। गृहमन्त्रालयले मौज्दात बढाउन खाद्य संस्थानलाई लेखी पठायो। खाद्य संस्थानले सुर्खेतमा मौज्दात रहेको तर बजेटमा ढुवानी भाडा कम भएकाले ढुवानी भाडाको व्यवस्थाका लागि आपूर्ति मन्त्रालयमा पत्राचार गर्‍यो। आपूर्ति

* लेखक कानुनमा एलएलएम र मानव अधिकारमा स्नात्तकोत्तर हुन्। यस लेखमा उल्लेखित विचारहरूले उनी कार्यरत संस्थाको धारणा प्रतिनिधित्व गर्दैन।

१. नेपालको अन्तरिम संविधान २०६३ को धारा १८(३)

मन्त्रालयले पुन: अर्थ मन्त्रालयसँग ढुवानी भाडा माग गऱ्यो। अर्थ मन्त्रालयले मन्त्रिस्तरीय निर्णय हुनुपर्ने भन्दै टिप्पणी लेख्यो। मन्त्रिपरिषद्को बैठककमा पेश गर्ने भनी मन्त्रीले तोक लगाए। अन्त्यमा मन्त्रिपरिषद्ले सम्बन्धित निकायलाई तत्काल खाद्यान्न आपूर्ति गर्ने सम्बन्धमा निर्देशन दिने निर्णय गऱ्यो। यति काम सम्पन्न हुन सात महिना लाग्यो। तर, खाद्य संस्थानको डिपोमा खाद्यान्न पुगेन। कर्णाली अञ्चलमा रहेका मानव अधिकारकर्मीहरूले सुनाएको यो प्रसङ्ग कर्णालीकै कटु सत्य हो। "नेपाल सरकारको काम कहिले जाला घाम" भन्ने उखान त्यसै बनेको पनि होइन होला।

**नेपालको संविधान र कर्णालीको खाद्य सङ्कट**

नेपालको अन्तरिम संविधान २०६३ ले खाद्यान्नको अधिकारको व्यवस्था नगरी खाद्य सम्प्रभुताको अधिकारको प्रावधान राख्यो।[१] तर खाद्य सम्प्रभुताको अधिकारलाई प्रत्याभूत र प्रचलन गराउनको लागि नेपाल सरकारले कानुन नै नबनाई अन्तरिम संविधान खारेज भयो। उक्त संविधानले प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भन्ने व्यवस्था गरेको थियो। तर यो खाद्य सम्प्रभुताको हक संविधानमा मात्र सीमित भयो। न त जनताले खाद्य सम्प्रभुताको हक प्रचलन गर्न पाए न त खाद्यान्नको सङ्कट नै टऱ्यो।

नेपालको संविधानले खाद्य अधिकारका सम्बन्धमा तीनवटा व्यवस्था गरेको छ। जसअनुसार[२] :

- खाद्यसम्बन्धी हक
- खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक
- खाद्य सम्प्रभुताको हक

खाद्यान्नको अधिकार मानव अधिकारसँग सम्बन्धित छ भने खाद्य सम्प्रभुता राजनीतिक व्यवस्था अनुसारको राजनीतिक कार्यक्रम वा नीतिको रूपमा रहन्छ। जसलाई राजनीतिक व्यवस्था अनुसार परिभाषित गरी राजनीतिक दलको अवधारणा अनुसार नीति, नियम तथा कानुनको निर्माण गरी लागु गरिन्छ। संयुक्त राष्ट्र सङ्घमा हालसम्म कुनै पनि एउटा त्यस्तो दस्तावेज छैन जहाँ खाद्य सम्प्रभुतालाई अधिकारको रूपमा गरिएको होस्। खाद्य सम्प्रभुताको अधिकार त्यतिबेला सम्भव हुन्छ जब आमनागरिकको निर्वाध पहुँच खाद्यान्नमा हुन्छ र राज्यले नागरिकको खाद्यान्नको अधिकार सुनिश्चित र लागु गर्दछ। खाद्यान्नको अधिकार सुनिश्चित नगरी खाद्य सम्प्रभुता लागु गर्न सकिँदैन। यद्यपि यी दुवैलाई एक अर्काको पूरकको रूपमा व्याख्या पनि गर्ने गरिन्छ।

मानव अधिकारभित्र केही यस्ता अधिकारहरू पनि छन् जुन अधिकारहरू मानिसको जीवनमा हरहमेशा प्रत्याभूत हुन्छन्। जसमध्येको एक अधिकार खाद्यान्नको अधिकार हो। खाद्यान्नको अधिकार सशस्त्र द्वन्द्वका बेलामा, युद्धको बेलामा, जेनेभा कन्भेन्सन आर्कषित हुने घटनामा तथा सङ्कटकालको बेलामा समेत लागु रहन्छ र यो निलम्बन रहित र अहरणीय अधिकार हो। तर यस्तो अधिकारको प्रचलन दैनिक रूपमा कर्णालीका गरिब जनताले गर्न पाउँदैनन् र मौलिक हकको प्रचलनको लागि सर्वोच्च अदालतको ढोका घच्घच्याउनु पर्ने हुन्छ। तर, पनि सर्वोच्च अदालतको निर्णय वा निर्देशानात्मक आदेशको कार्यान्वयन हुँदैन।

अधिवक्ता माधव बस्नेतविरुद्ध श्री ५ को सरकार[३] लगायत भएको एक रिट निवेदनमा सुदूरपश्चिम र मध्यपश्चिमका जिल्लाहरूमा भएको भोकमरी र खाद्यान्न सङ्कटको कुरा उठाई जनताको बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै दायर गरिएको रिट निवेदन सर्वोच्च अदालतको खारेज गऱ्यो। त्यसैगरी प्रो. पब्लिकको तर्फबाट प्रकाशमणि शर्मा वि. नेपाल सरकार[४] भएको एक रिट निवेदनमा सर्वोच्च अदालतले खाद्यान्नको अभाव हुन नदिई खाद्यान्नको अधिकार सुनिश्चित गर्न नेपाल सरकारको नाममा जारी गरेको निर्देशनात्मक आदेशको पनि कार्यान्वयन भएन।

**अन्तर्राष्ट्रिय कानुन**

खाद्यान्नको अधिकार भन्नाले राज्यले प्रत्येक नागरिकको घरघरमा गएर खुवाउनु पर्दछ भन्ने पक्कै पनि होइन। तर नागरिकले दैनिक रूपमा पर्याप्त खाद्यान्नसम्मको पहुँच र उपभोग गर्न पाउनु नै खाद्यान्नको अधिकार हो। नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ ले खाद्य अधिकार अर्थात भोकमरीबाट छुटकारा पाउने अधिकारसहित उपयुक्त जीवनस्तरको अधिकारलाई मान्यता दिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा २५(१) ले पनि खाद्यान्नको अधिकारलाई सुनिश्चित गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको धारा ११ ले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनवस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दै भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको अधिकारलाई समेत स्वीकार गरेको छ।[५]

संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिले आफ्नो साधारण टिप्पणी नं. १२ मा उल्लेख गर्दै भनेको छ, प्रत्येक पुरुष, महिला तथा बालवालिका एक्लै वा समुदायमा अरुसँग सँधैभरि पर्याप्त आहारा (खाद्यान्न) वा त्यो प्राप्त गर्ने माध्यममा भौतिक तथा आर्थिक हिसाबले पर्याप्त पहुँच भएको अवस्थालाई खाद्य अधिकार भएको मानिन्छ। संयुक्त राष्ट्रसङ्घीय विशेष समाधीक्षकको प्रतिवेदनले नागरिकहरूलाई पर्याप्त खाद्यान्न, ग्रहण गर्न योग्य खाद्यान्न, खाद्यान्नमा स्थायी र अवरोधरहित पहुँच, प्रत्यक्षरूपमा क्रय गर्न सक्ने क्षमता सहितको खाद्यान्न,गुणस्तरीय र पोषणयुक्त खाद्यान्न, संस्कृतिसँग मेल खाने खाद्यान्न, किरा फट्याङ्ग्रा रहित खाद्यान्न र शारीरिक तथा मानसिक स्वास्थ्य प्राप्त गर्ने खालको खाद्यान्नको प्रयोग आमनागरिकले गर्न पाउनु पर्छ भन्ने कुराहरू उल्लेख गरिएको छ। महासन्धिको धारा ११ ले व्यवस्था गरेको पर्याप्त खाद्यान्नको अधिकारको सम्बन्धमा समितिले यस

---

२. नेपालको संविधान २०७२ को धारा ३६(१)(२)(३)
३. Supreme Court of Nepal, October 1998, Writ No. 3341 of 2055
४. WN. 0149/065 (2009) in Some Decision of the Supreme Court of Nepal (2010)
५. International Covenant on Economic, Social and Cultural Rights 1996

धारालाई व्याख्या गर्दै अन्य कुराको अतिरिक्त देहाय बमोजिमको खाद्यान्नको अधिकार पक्षराष्ट्रले सुनिश्चित गर्नु पर्नेमा मार्ग निर्देशन गरेको छ।[६]

***उपलब्धता*** **:** सङ्ख्यात्मक, परिमाणको हिसाबमा पनि अनि गुणस्तरको हिसाबमा पनि खाद्यान्न प्रशस्त रूपमा उपलब्ध हुनु पर्दछ। प्रशस्त मात्रामा गुणस्तरीय खाद्यान्न उपलब्ध गराउँदा त्यस्तो खाद्यान्नमा मानवको लागि चाहिने Ditery Need पोषणयुक्त खाद्यान्न पक्षराष्ट्रले उपलब्ध गराउनु पर्दछ भनी समितिले व्याख्या गरेको छ।

***पहुँच*** *:* खाद्यान्न सम्म बाधा रहीत पहुँच हुनु पर्दछ र त्यस्तो खाद्यान्नलाई आम नागरिकको क्रयशक्ति भित्रको हुनु पर्दछ।

***पर्याप्तता*** *:* खाद्यान्नको उपलब्धता बाह्रै महिना हुनुपर्छ। खाद्यान्न पर्याप्त मात्रमा उपलब्ध गराउनु पर्दछ। आममानिसलाई चाहिने खाद्यान्न उसले चाहेको बेला पर्याप्त मात्रामा उपलब्ध गराउनुपर्ने जिम्मेवारी राज्यको हुन्छ। पर्याप्त मात्रमा उपलब्ध गराइएको खाद्यान्न कुनै पनि प्रकारले खराब हुनु हुँदैन।

***स्वीकारयोग्य*** *:* पर्याप्त मात्रामा उपलब्ध गराइएको तथा सबैको पहुँच खाद्यान्नमा भएता पनि त्यस्तो खाद्यान्न उपभोक्ता, समुदायले आफ्नो सांस्कृति अनुसार प्रयोग गर्न मिल्ने खालको हुनु पर्दछ।

**वर्तमान अवस्था**

यस वर्ष कर्णाली अञ्चलमा चालिस वर्ष यताकै सबैभन्दा ठूलो खडेरी परेको जानकारहरू बताउँछन्। पर्याप्त मात्रामा हिमपात र वर्षा नभएका कारणले यस्तो खडेरीको अवस्था आएको हो। अवस्था यस्तो छ कि गाईवस्तुको लागि घाँसको अभाव भएको छ। वर्षात् र हिमपात नहुँदा खाद्यान्न मात्र होइन जडीबुटी उत्पादन गरेर खाद्यान्नको जोहो गर्ने कृषकहरू पनि मर्कामा परेका छन्। यसक्षेत्रका अधिकांश युवा रोजगारीको लागि भारत जाने गरेको र कृषि पेशामा दत्तचित्त भएर लाग्ने श्रमिकको समेत अभाव हुन गएको छ। मुगु जिल्लामा रहेको २४ गाविस मध्ये १२ वटा गाविस खाद्यान्न सङ्कट उन्मुख रहेको जिल्ला खाद्य सुरक्षा सञ्जालले गरेको अध्ययनमा देखिएको छ। मुगु जिल्लाको भीई, नाथर्पु, कालै, धैनकोट, हयाङ्लु, सुकाढिक, कोटडाडा, माग्रि, पुलु, किमि र डोल्फु गाविस खाद्यान्न सङ्कटतर्फ उन्मुख रहेका छन्। यी गाविसका ३७ हजार ५ सय ३५ नागरिक प्रभावित भएको र वार्षिक औसत ११ हजार ५ सय ८७ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने गरेकोमा यस पटक जम्मा ५ हजार २ सय ४६ मेट्रिक टन उत्पादन भएको छ। यो तथ्याङ्कलाई जिल्ला कृषि विकास कार्यालय, मुगुले पुष्टि समेत गरेको छ।[७] यस्तै खालको अवस्था कर्णालीका अन्य चार जिल्लामा पनि रहेको छ। कालीकोट जिल्लाका खिन, धौला ग्वह, ठिर्पु, राम्नाकोट, नानीकोट, बदालकोट, खोइमहादेव, मन्मा जस्ता गविसहरू पनि खाद्यान्न सङ्कटतर्फ उन्मुख रहेका छन्। खाद्य संस्थानले सहुलियत दरमा खाद्यान्नको बिक्री गरेको भए पनि न्यून आय भएका गरिबहरू किनेर खान सक्ने अवस्थामा छैनन्। धन्य कुन देवताले रक्षा गरेका छन् कर्णालीका जनता गरिब नै भए पनि सास धानी रहेका छन्।[८]

**निष्कर्ष**

सित्तैमा चामल बाँड्नु वा सहुलियत दरमा खाद्यान्न बिक्री गर्नुले खाद्यान्नको सङ्कटको समाधान हुँदैन। दीर्घकालीन अवधारणा मात्र कर्णालीको खाद्य सङ्कट टार्ने उपयुक्त माध्यम हो। विश्व खाद्य कार्यक्रमले कामको लागि खाद्यान्न वा खाद्यान्नको अभाव भएपछि हेलिकप्टरबाट खाद्यान्न पुर्‍याउने कार्यले खाद्यान्नको अधिकारको सुनिश्चितता कहिले पनि हुन सक्दैन। कर्णाली क्षेत्रका लागि एकीकृत कर्णाली विकास नीतिको चर्चा हुने गरेको छ। यसमा खाद्यान्नले पहिलो प्राथमिकता पाउनु पर्दछ भने कर्णालीमा एकीकृत वस्ती विकास, यातायात र उन्नत तथा आधुनिक खेती प्रणालीको सीप र ज्ञान नदिई कर्णालीमा खाद्यान्नको अधिकार सुनिश्चित हुन सक्दैन। खाद्यान्नको अधिकार नागरिक तथा राजनीतिक अधिकार जस्तो होइन जसलाई संविधान वा कानुनमा लेख्नासाथ त्यसको प्रचलन गर्न सकिन्छ।

नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घनमा पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाही गरिएजस्तै खाद्यान्नको अधिकारको उल्लङ्घनका पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाहीको व्यवस्था कानुनमा गर्न सकिएको खण्डमा नेपाल सरकारका अधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरूलाई थप जिम्मेवार र जवाफदेही बनाउन सकिन्छ। सबै मानवअधिकार बराबर हुन्। राज्यले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई पनि नागरिक तथा राजनीतिक अधिकार जस्तै महत्वले हेर्नुपर्छ।

नेपाल सरकारको चौथौ मानव अधिकार राष्ट्रिय कार्ययोजना २०७२-७६ ले १८ वटा विषयको पहिचान गरी खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई नौ नम्बरमा उल्लेख गरेको छ। यदि यसको सफल कार्यान्वयन भएको भए कर्णालीका गाविसहरू खाद्यान्न सङ्कटतर्फ उन्मुख हुँदैन थिए होलान्।

नेपाल सरकारको कृषिसँग सम्बन्धित राष्ट्रिय कृषि नीति-२०६१, कृषि व्यवसाय प्रवर्धन नीति-२०६३ कृषि जैविक विविधता नीति-२०६३, दुग्ध विकास नीति-२०६४ राष्ट्रिय बीउ विजन नीति-२०५६ लगायतका नीतिले कर्णालीको खाद्यान्न सङ्कटलाई माथि उठाउन सकेनन्। दोष नीतिको मात्र होइन दोष नीतिअनुसारको बजेट र जनशक्ति दिन नसक्नु हो अनि दोष शिक्षा र अज्ञानता हो। उत्पादन वृद्धि गरेर मात्र खाद्यान्नको अधिकार सुनिश्चित गर्न सकिन्छ। अनुदान र सहयोगमा प्राप्त चामल निःशुल्क वितरण गरेर, खाद्य संस्थानबाट सस्तो मूल्यमा चामल बिक्री गरेर तथा हेलिकप्टरबाट चामल ढुवानी गरेर खाद्यान्नको अधिकार सुनिश्चित गर्ने अवधारणा तात्कालीक हो दीर्घकालीन होइन। एकीकृत बस्ती विकास, राजमार्ग, शिक्षा, आधुनिक खेती प्रणालीले मात्र कर्णालीमा खाद्यान्नको अधिकार सुनिश्चित गर्ने उपयुक्त माध्यम बन्न सक्छ।

---

६. General Comments No. 12 (Art 11 ICESCR) Right to Adequate Food GCNo. 12 (7)(8)(9)(10)(11)(12)

७. विस्तृत जानकारीको लागि : http://np.karobardaily.com/2016/02/76724/

८. कर्णालीको कहानी काठमाडौँमा बहस नामक प्रथम पृष्ठमा हाम्रो कर्णाली खबर दैनिकमा प्रकाशित समाचारको अंश। प्रकाशित मिति २०७२।११।१२ प्रकाशक हस्तबहादुर बम, मान्म, कालिकोट

# मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा
# संवैधानिक निकायहरूको भूमिका



सूर्यबहादुर देउजा

**राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार अभिसन्धिमा उल्लेख भएका प्रावधानहरूको कार्यान्वयन गर्ने सन्दर्भमा संविधान र कानुनमा उल्लेख भएका प्रावधानहरूको पालना भए नभएको अनुगमन गर्ने, सम्बन्धित विषयका उजुरीहरू ग्रहण गर्ने, अनुसन्धान गर्ने र नेपाल सरकार समक्ष आवश्यक सिफारिस गर्ने, सिफारिस तथा आयोगको निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी अभिलेख राख्ने जस्ता संरक्षणात्मक कार्यहरू गर्दछ। त्यसैगरी मानव अधिकार सचेतना अभिवृद्धि गर्न नागरिक समाज, मानव अधिकार संघ संस्था र सम्बन्धित निकायसँग सहकार्य गर्ने समेतका प्रवर्धनात्मक कार्य गर्ने अधिकार तथा दायित्व आयोगलाई रहेको छ।**

### १. पृष्ठभूमि

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अधिकारको संरक्षण तथा संवर्द्धनका लागि राष्ट्रिय रूपमा राष्ट्रिय मानव अधिकार अयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोगलगायत राष्ट्रिय जनजाति प्रतिष्ठान जस्ता संयन्त्रहरूको स्थापना गरिएको छ। नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई विशिष्ट रूपमा स्थापित गरेको छ[1]। मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालको संविधान २०७२ को धारा २४९(१) ले दिएको छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ (१) छ ले मानव अधिकार संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका कार्य गर्ने वा गराउने काम कर्तव्य आयोगलाई तोकेको छ। विगतदेखि संवैधानिक निकायको रूपमा राष्ट्रिय मानव अधिकार आयोग, कानुनी निकायको रूपमा राष्ट्रिय महिला आयोग र आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान तथा कार्यकारी निकायको रूपमा राष्ट्रिय दलित आयोग र राष्ट्रिय मुस्लिम आयोग गरी जम्मा पाँच ओटा राष्ट्रिय संस्थाहरू रही आएकोमा नयाँ संविधानले राष्ट्रिय समावेशी आयोग, मधेशी आयोग र थारु आयोगसमेत थप गरी सबैलाई संवैधानिक निकायको मान्यता दिएको छ। राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीलाई नयाँ संविधानले निरन्तरता दिएको छ भने अन्य आयोगहरूमा संविधान बमोजिम पदपूर्ति हुन बाँकी नै छ। यद्यपि, ती आयोगहरूको उजुरी संयन्त्र अन्तर्गत गरिने घटनाको जाँचबुझ राष्ट्रिय मानव अधिकार आयोगले गर्ने छानबिन तथा अनुसन्धान जस्तै प्रकृतिको हो वा फरक प्रकृतिको हो भन्ने सम्बन्धमा भने संविधान तथा कानुनले स्पष्ट मार्गनिर्देश गरेका छैनन्। प्रस्तुत आलेखमा मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा संवैधानिक निकायहरूका भूमिका सम्बन्धमा सङ्क्षेपमा चर्चा गरिएको छ।

### २. मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था

मानव अधिकारसम्बन्धी भियना विश्व सम्मेलन, १९९३ ले राष्ट्रिय संस्थाहरूले परामर्शदायी भूमिका, उपचारात्मक भूमिका तथा प्रवर्द्धनात्मक भूमिकाका आधारमा मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा महत्वपूर्ण योगदान रहनुपर्ने स्वीकार गरेको छ।[2]

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू तीन प्रकारका हुन्छन्। ती मानव अधिकार आयोग, विशिष्टिकृत आयोग र एम्बुड्स्मेन[3] हुन्। नेपालमा मानव अधिकार आयोग र विशिष्टिकृत आयोगहरू गरी दुई प्रकारका राष्ट्रिय संस्थाहरू छन्। मानव अधिकार आयोगलाई सबै प्रकारका मानव अधिकारहरूसम्बन्धी विषयगत क्षेत्राधिकार प्रदान गरिएको हुन्छ, तर विशिष्टिकृत आयोगहरूको विषयगत क्षेत्राधिकारलाई भने कुनै निश्चित समुदायको हकहित संरक्षण गर्ने गरी सीमित गरिएको हुन्छ[4]। राष्ट्रिय संस्थाको स्थापना, सक्षमता, उत्तरदायित्व, स्वतन्त्रता, कार्यसञ्चालन पद्धति, पदाधिकारीहरूको नियुक्ति प्रक्रियालगायतका विषयहरू संयुक्त राष्ट्रसङ्घले पारित गरेका मानव अधिकारको

---

१. हेर्नुस्, नेपालको संविधान धारा २९२
२. हेर्नुस, *Vienna Declaration and Programme of Action, 1993, Part 1, Para 36.*
३. अम्बुड्स्मेन त्यस्तो व्यक्ति हो जसले सार्वजनिक प्रशासन निष्पक्ष र कानुन सम्मतरूपमा सञ्चालन भए नभएको निगरानी गर्दछ।
४. हेर्नुस्, *A Handbook on the Establishment and Strengthening of National Institutions for the Promotion and Protection of Human Rights*, United Nations, 1995, p. 7, para. 42.

संरक्षण र संवर्द्धनसम्बन्धी राष्ट्रिय संस्थाहरूको हैसियतसम्बन्धी सिद्धान्तहरू (पेरिस सिद्धान्त)[५] अनुरुप हुनु पर्दछ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ।

**सङ्क्रमणकालीन न्याय**

विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिन तथा अनुसन्धान गरी वास्तविकता पत्ता लगाउन र दोषीहरूलाई कानुनको दायरामा ल्याई जवाफदेही बनाउन सिफारिस गर्न सङ्क्रमणकालीन न्यायको आवश्यकता रहेको हो। नेपालमा विगतको सशस्त्र द्वन्द्वमा राज्यका तर्फबाट परिचालित सुरक्षा फौजद्वारा व्यक्तिलाई पक्राउ गरी दोहोरो भिडन्तका नाममा हत्या गरिएको र पक्राउ गरिएको छैन भनी कतिपयलाई बेपत्ता पारिएको, आस्थाका आधारमा पक्राउ गरी यातना दिने, गैरकानुनी रूपमा पक्राउ गरी थुनामा राख्ने, अदालतद्वारा बन्दी प्रत्यक्षीकरणको रिटमा आदेश जारी हुँदा समेत अदालत परिसरबाटै जबरजस्ती पक्राउ गर्ने जस्ता मानव अधिकार तथा मानवीय कानुन विपरीतका कार्यहरू भएको पाइन्छ। त्यसैगरी तत्कालीन विद्रोही नेकपा (माओवादी) द्वारा पनि सर्वसाधारणलाई घरबाट अपहरण गरी लैजाने र सुराकीको आरोपमा हत्या गर्ने, निर्मम यातना दिने, निशस्त्र अवस्थामा रहेका राज्यका सुरक्षा निकायका व्यक्तिहरूको हत्या, सार्वजनिक सवारीका साधनमा एम्बुस पड्काउने, महिला तथा बालबालिकालाई सुराकीको रूपमा प्रयोग गर्ने, बालबालिकालाई सैन्य भर्ना गर्ने जस्ता अनगिन्ती मानवअधिकार तथा मानवीय कानुन विरुद्धका घटनाहरू भएको पाइन्छ। काभ्रेकी मैना सुनारको हत्या, रामेछापको दोरम्बामा गरिएको सामूहिक हत्या, राजेन्द्र ढकालगायत ४९ जनालाई भैरवनाथ गण महाराजगञ्जबाट बेपत्ता पारिएको कार्य, चितवन माडीको बाँदरमुढेमा सर्वसाधारण चढेको बसमाथिको बम आक्रमण, चितवनको भण्डारामा बसमा एक बालिकालाई गाडीमा आगो लगाउँदा जलाइएका जस्ता घटनालाई प्रतिनिधिमूलक घटनाको रूपमा लिन सकिन्छ। नेपालमा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएता पनि अन्तर्राष्ट्रिय कानुनले समेत अपराध घोषणा गरेका बेपत्ता, सर्वसाधारण नागरिकको अपहरणपछि वा कब्जामा लिई गरिएको हत्या, यातना, बलात्कार जस्ता मानवता विरुद्धका अपराधमा समेत आममाफी दिने गरि अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुन प्रति नेपाल सरकारले जनाएको प्रतिवद्धताको विरुद्ध हुने गरी कानुन ल्याएको हुँदा सबैतिरबाट विरोध भएका कारण पीडितले न्याय पाउनुमा ठूलो चुनौती खडा गरेको छ। यस्तो अवस्थामा राष्ट्रिय मानव अधिकार आयोग र संवैधानिक निकाय हरूका समन्वयात्मक भूमिका आवश्यक रहन्छ।

**३. संवैधानिक निकाय र मानव अधिकार**

नेपालको संविधानले आठ ओटा आयोगहरूलाई संवैधानिक निकायको रूपमा स्थापित गरेको छ जस्मा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग छन्। ती आयोगहरूका सम्बन्धमा सङ्क्षेपमा चर्चा गरिएको छ।

**३.१ राष्ट्रिय मानव अधिकार आयोगः**

नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सबै प्रकारका मानव अधिकारहरूको संरक्षण र प्रवर्धनका लागि मानव अधिकार आयोगको स्थापना गरिन्छ[६]। नेपालमा *व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार र नेपाल पक्ष भएको मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित मानव अधिकारहरू*[७]को संरक्षण र संवर्द्धन गर्नका लागि राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएको छ। यो मानवअधिकार सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने राज्यको दायित्वको निगरानी गर्ने आधारभूत राष्ट्रिय निकाय हो। नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने कर्तव्य तोकेको छ। सबै प्रकारका मानव अधिकारहरू यसको कार्यक्षेत्र भित्र पर्दछन्। यसले मानव अधिकार उल्लङ्घनबाट व्यक्ति वा समुदाय जोसुकै पीडित भएको सम्बन्धमा उजुरी ग्रहण गरी छानबिन तथा अनुसन्धान सम्बन्धी कारवाही अगाडि बढाउन सक्छ।

नेपालको संविधानले आयोगलाई गहन जिम्मेवारी दिएको छ। समग्र जिम्मेवारीलाई संश्लेषण गर्दा आयोगलाई तीन ओटा प्रमुख जिम्मेवारीहरू रहेको छ।

१. मानव अधिकार संरक्षणात्मक कार्य

२. मानव अधिकार संवर्द्धनात्मक कार्य

३. उल्लेखित दुवै कार्यका लागि पहल कदमी (वकालत, वहस)

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार अभिसन्धिमा उल्लेख भएका प्रावधानहरूको कार्यान्वयन गर्ने सन्दर्भमा संविधान र कानुनमा उल्लेख भएका प्रावधानहरूको पालना भए नभएको अनुगमन गर्ने, सम्बन्धित विषयका उजुरीहरू ग्रहण गर्ने, अनुसन्धान गर्ने र नेपाल सरकार समक्ष आवश्यक सिफारिस गर्ने, सिफारिस तथा आयोगको निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी अभिलेख राख्ने जस्ता संरक्षणात्मक कार्यहरू गर्दछ। त्यसैगरी मानव अधिकार सचेतना अभिवृद्धि गर्न नागरिक समाज, मानव अधिकार संघ संस्था र सम्बन्धित निकायसँग सहकार्य गर्ने समेतका प्रवर्धनात्मक कार्य गर्ने अधिकार तथा दायित्व आयोगलाई रहेको छ। संवर्द्धनात्मक कार्यअन्तर्गत आयोगले तालिम, सेमिनार, गोष्ठी, सेमिनार, सम्मेलन गर्ने, विद्युतीय लगायत विभिन्न सञ्चार माध्यमको प्रयोग गरी सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, पुस्तक एवं आयोगका गतिविधि र मानव अधिकारका क्षेत्रमा उपयोगी हुने विविध विषय समावेश गरी जानकारी र सूचनामूलक जानकारी प्रकाशित

५. संयुक्त राष्ट्रसंघको महासभाको प्रस्ताव नं. ४८/१३४ द्वारा २० डिसेम्बर १९९३ मा पारित।

६. ऐजन्, p. 7, para 48.

७. *राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८,* दफा २ (च)।

गर्ने, मानव अधिकार शिक्षाको प्रचार प्रसार गर्ने समेतका कार्यहरू पर्दछन्।

### ३.२. विशिष्टिकृत आयोगहरूः

राज्यभित्र विशेष संरक्षणको आवश्यकता पर्ने वर्ग समुदायहरू तथा आर्थिक तथा सामाजिक रूपमा कमजोर वर्ग समुदायहरूको संरक्षण लागि पनि विशिष्टिकृत राष्ट्रिय संस्थाहरूको जरुरी पर्न सक्छ। यस्ता संस्थाहरूको स्थापना सम्बन्धित बर्ग समुदायको संरक्षणसम्बन्धी सरकार र समाजको नीतिलाई संवर्द्धन गर्नका लागि संयन्त्र स्थापना गरिन्छ। साथै, यस्ता संस्थाहरूलाई सम्बन्धित वर्ग समुदाय वा यसका सदस्यहरू विरुद्ध हुने विभेदका घटना र प्रवृतिहरूको अनुसन्धान गर्ने जिम्मेवारी प्रदान गरिएको हुन्छ[८]। राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोग, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान नेपालमा विद्यमान विशिष्टिकृत राष्ट्रिय संस्था हुन्। सकारात्मक विभेदमा आधारित विशेष प्रबन्धहरू अल्पकालीन प्रकृतिका हुन्छन् भन्ने अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको मान्यता[९] अनुसार यस्ता विशेष प्रबन्ध वा निकायहरूले आधारभूत प्रबन्ध वा निकायहरूको भूमिका विस्थापित गर्ने नभई सहयोगी एवम् परिपूरक हुन सक्छन्।

#### ३.२.१. राष्ट्रिय महिला आयोगः

राष्ट्रिय महिला आयोग ऐन २०६३ बमोजिम महिलाको हक हितको संरक्षण र संवर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नको लागि[१०] यसको स्थापना भएको हो। महिला विरुद्ध हुने भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने, महिलाको हकहित र सरोकारको विषयमा आवश्यकतानुसार सार्वजनिक सुनुवाई गर्ने[११] जस्ता संवर्द्धनात्मक उत्तरदायित्वहरू एवम् महिलाको हक हितसँग सम्बन्धीत प्रचलित कानुनको पालना भए वा नभएको वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनको लागि नेपाल सरकार समक्ष सुझाव दिने[१२], महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि लागु गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने[१३] जस्ता परामर्शदायी जिम्मेवारी दिएको छ। यसका साथै विभिन्न मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गर्ने गराउने[१४], लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने[१५], नेपाल सरकारअन्तर्गतको कुनै कार्यालय, निकाय वा प्रचलित कानुन बमोजिम संस्थापना भएको सरकारी, गैरसरकारी वा निजी संस्थाको भ्रमण, निरीक्षण, अवलोकन गर्ने र महिलाको अधिकार संरक्षणको लागि त्यस्ता कार्यालय, निकायको काम, कारवाही र भौतिक सुविधा जस्ता विषयमा गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकार वा सम्बन्धीत निकायलाई सुझाव दिने[१६]जस्ता परामर्शदायी उत्तरदायित्व सुम्पेको छ।

राष्ट्रिय महिला आयोगलाई महिला अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरेको वा कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै महिला पीडित भएको भनी कुनै व्यक्तिबाट निवेदन प्राप्त गरेमा वा कुनै स्रोतबाट जानकारी प्राप्त गरेमा आवश्यक जाँचबुझ गर्न सक्ने[१७] व्यवस्था गरेको छ। त्यसैगरी घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ ले पनि महिला आयोगमा उजुरी दिन सक्ने व्यवस्था गरेको छ। यसका लागी कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिन सक्ने, साक्षी बुझ्ने तथा बकपत्र गराउन सक्ने, कुनै व्यक्तिलाई कुनै लिखत वा कागजात वा प्रमाण पेश गर्न आदेश दिन सक्ने, कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने वा अदालतबाट नक्कल पाउन अनुरोध गर्न

८. हेर्नुस , *A Handbook on the Establishment and Strengthening of National Institutions for the Promotion and Protection of Human Rights*, United Nations, 1995, p. 8, para. 54.
९. हेर्नुस, Article 4(1) of the Convention against All Forms of Discrimination against Women, adopted by States Parties of temporary special measures with aim of accelerating de facto equality between men and women shall not be considered discrimination as defined in the present Convention, but shall in no way entail as a consequence the maintenance of unequal or separate standards; these measures shall be discontinued when the objectives of equality of opportunity and treatment have been achieved.
१०. *राष्ट्रिय महिला आयोग ऐन २०६३* प्रस्तावना।
११. ऐजन दफा ११(१)।
१२. ऐजन दफा ११(१)।
१३. ऐजन दफा ११(१)।
१४. ऐजन दफा ११(१)।
१५. ऐजन दफा ११(१)।
१६. ऐजन दफा ११(१)।
१७. ऐजन दफा ११(२)।
१८. ऐजन दफा ११(३)।

सक्ने, आवश्यकता अनुरूप स्थलगत निरीक्षण गर्न गराउन सक्ने, सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न सक्ने, जाँचबुझ गर्दा आयोगले कुनै व्यक्ति उपस्थित गराउन, लिखत पेश गर्ने वा प्रमाण बुझ्नका लागि मनासिब समयावधि तोक्न सक्ने[१८]अधिकार दिइएको छ। साथै विवादको वैकल्पिक समाधान गर्न महिला अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरेको, वा कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै महिला पीडित भएको विषयमा आवश्यकतानुसार मेलमिलाप गराउन सक्ने[१९] उत्तरदायित्व सुम्पेको छ।

### ३.२.२. **राष्ट्रिय दलित आयोग**

नेपाल सरकार मन्त्रिपरिषद्बाट पारित राष्ट्रिय दलित आयोगको गठन र सञ्चालन सम्बन्धी व्यवस्था बमोजिम दलित वर्गको उत्थान र विकास गरी देश विकासमा दलित वर्गको सक्रिय सहभागिता गराउने उद्देश्यले यसको स्थापना भएको हो। दलित वर्गप्रति समाजमा कुनै भेदभावपूर्ण एवं गैरकानुनी कार्य भएमा राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार प्रवर्द्धन केन्द्र, स्थानीय प्रशासन र निकायसँग समेत समन्वय गरी सोको उजुरी सुनी प्रचलित कानुन बमोजिम गर्ने गराउन उत्तरदायित्व सम्पेको छ।। राष्ट्रिय दलित आयोगलाइ दलित वर्गको उत्थान र विकासको लागि सामाजिक भेदभाव, छुवाछूत र परम्परागत संस्कारलाई हटाउन सामाजिक जागरण कार्यक्रमहरू वनाई गैरसरकारी संस्था मार्फत कार्यन्वयन गराउने उत्तरदायित्व सम्पेको छ। साथै नेपाल पक्ष भएका जातिभेद विरुद्धका तथा मानवअधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरूको कार्यन्वयनको लागि आवश्यक पर्ने रणनीति र कार्यनीति तर्जुमा गरी नेपाल सरकार समक्ष कार्यान्वयनको लागि सिफारिस गर्ने, दलित वर्गको उत्थान र विकास कार्यमा संलग्न गैरसरकारी संस्थाको काम कारबाहीको समन्वय र अनुगमन गर्ने, दलित अपा बालबालिका तथा महिलाहरूको हकहित, संरक्षण र विकासमा मुल प्रवाहिकरणका लागि विशेष व्यवस्था गर्ने जस्ता उत्तरदायित्व सम्पेको छ। साथै जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ बमोजिमको उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा आवश्यक कारवाही नगरेमा सम्बन्धित व्यक्तिले दलित आयोगमा उजुरी दिन सक्ने, त्यसरी प्राप्त हुन आएको उजुरी दलित आयोगले सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउन[२०] अधिकार दिइएको छ।

### ३.२.३. **राष्ट्रिय मुस्लिम आयोग**

मन्त्रिपरिषद्ले पारित गरेको राष्ट्रिय मुलिम आयोग गठन र सञ्चालन सम्बन्धी व्यवस्था, २०६८ अनुसार मुस्लिम समदुायको आर्थिक, सामाजिक लगायत विभिन्न पक्षको विकास गर्न यसको स्थापना भएको हो। मुस्लिम समुदायको हित र चासो रहेका विभिन्न विषयमा केन्द्रीय तथा स्थानीय स्तरमा विभिन्न गोष्ठी, छलफल, सेमिनार, भेला, सम्मेलन जस्ता कार्यक्रमहरूको आयोजना गर्ने तथा सञ्चार र प्रकाशनको माध्यमबाट जनचेतना अभिबृद्धि गर्ने उत्तरदायित्व सम्पेको छ। साथै मुस्लिम समुदायको आर्थिक, शैक्षिक, सामाजिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक आदि पक्षको अन्वेषण र अनुसन्धान गर्ने, गराउने, मुस्लिम समुदायको हक हित एवं अधिकार निर्वाध उपभोग गर्न पाउने वातावरण सृजना गर्न विद्यमान कानुनी व्यवस्था र नेपाल सरकारको नीति नियमको समीक्षा अनुगमन, मूल्याङ्कन गरी समयानुकूल संशोधन र परिमार्जन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने जस्ता उत्तरदायित्व सुम्पेको छ। यसका साथै मुस्लिम समुदायको हक, अधिकार उल्लङ्घनका सम्बन्धमा आयोग समक्ष पर्न आएका उजुरीहरूको जाँचबुझ गरी आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिश गर्ने उत्तरदायित्व सुम्पेको छ।

### ३.२.४. **आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानः**

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनसार आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गरिएको छ। नेपालको विभिन्न आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवम् राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना भएको हो[२१]। प्रतिष्ठानको उद्देश्य आदिवासी/जनजातिको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी आदिवासी/जनजातिको सर्वाङ्गिण विकास गर्ने, आदिवासी/जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र संवर्द्धन गर्ने, आदिवासी/जनजातिको परम्परागत सिप, प्रविधि र विशिष्ट जानकारीको संरक्षण र प्रवर्धन गरी त्यसलाई व्यावसायिक प्रयोगमा ल्याउन सहायता पुऱ्याउने, विभिन्न आदिवासी/जनजाति, जातजाति तथा सम्प्रदायबीच सुमधुर सम्बन्ध, सद्भाव र सामञ्जस्य कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी/जनजातिलाई सहभागी गराउने, आदिवासी/जनजातिको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक उत्थान र विकास गरी समतामूलक समाजको निर्माणमा मद्दत पुऱ्याउने[२२] रहेको छ। आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई आदिवासी/जनजातिको मातृभाषामा सूचना, समाचार एवं विविध कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाउन, आदिवासी/जनजातिको भाषा लिपि, साहित्य, इतिहास, कला, परम्परा र संस्कृतिको अध्ययन तथा अनुसन्धान गर्ने

---

१९. ऐजन दफा ११(५)।
२०. ऐजन दफा (५)
२१. *आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८* को प्रस्तावना।
२२. ऐजनको दफा ५।
२३. ऐजनको दफा ६।
२४. *ओम प्रकाश अर्याल, राष्ट्रिय मानवअधिकार आयोगः न्यायिक प्रकृतिका सक्षमता तथा सिफारिसहरु,* २०६९, लोकतान्त्रिक स्वतन्ता तथा मानवअधिकार संस्था (डिफ्री), ललितपुर, पृ. १।

**मन्त्रिपरिषद्ले पारित गरेको राष्ट्रिय मुस्लिम आयोग गठन र सञ्चालन सम्बन्धी व्यवस्था, २०६८ अनुसार मुस्लिम समदुायको आर्थिक, सामाजिक लगायत विभिन्न पक्षको विकास गर्न यसको स्थापना भएको हो। मुस्लिम समुदायको हित र चासो रहेका विभिन्न विषयमा केन्द्रीय तथा स्थानीय स्तरमा विभिन्न गोष्ठी, छलफल, सेमिनार, भेला, सम्मेलन जस्ता कार्यक्रमहरूको आयोजना गर्ने तथा सञ्चार र प्रकाशनको माध्यमबाट जनचेतना अभिबृद्धि गर्ने उत्तरदायित्व सुम्पेको छ। साथै मुस्लिम समुदायको आर्थिक, शैक्षिक, सामाजिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक आदि पक्षको अन्वेषण र अनुसन्धान गर्ने/गराउने, मुस्लिम समुदायको हक हित एवम् अधिकार निर्वाध उपभोग गर्न पाउने वातावरण सृजना गर्न विद्यमान कानुनी व्यवस्था र नेपाल सरकारको नीति नियमको समीक्षा अनुगमन, मूल्याङ्कन गरी समयानुकूल संशोधन र परिमार्जन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने जस्ता उत्तरदायित्व सुम्पेको छ। यसका साथै मुस्लिम समुदायको हक, अधिकार उल्लङ्घनका सम्बन्धमा आयोग समक्ष पर्न आएका उजुरीहरूको जाँचबुझ गरी आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिश गर्ने उत्तरदायित्व सुम्पेको छ।**

र त्यस्तो भाषा, लिपि, इतिहास, कला, साहित्य, संस्कृति र परम्परालाई विकास गर्ने जस्ता उत्तरदायित्वहरू[३३] दिइएको छ।

### ४. सवैधानिक निकाय र राष्ट्रिय संस्थाहरूको समन्वय

राज्यका अन्य अङ्गहरूको भूमिकालाई प्रस्तिस्थापित गर्ने नभई तत्तत् अङ्गहरूलाई नै मानव अधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी आ-आफ्नो जिम्मेवारी पूरा गर्न गराउनका लागि थप बल पुऱ्याउने काम गर्दछ[३४]। सामान्यतया: कुनै संस्थाको स्थापना गर्नुको उद्देश्य विद्यमान संस्थाले गर्न नसक्ने कुनै काम गर्नका लागि हो। नयाँ बन्ने संस्थाको भूमिका राज्यका अङ्ग र विद्यमान संस्थाहरूको प्रतिस्थापन वा प्रतिस्प्रर्धा गर्ने गरी नभइ[३५]सहयोगी वा परिपूरकको रूपमा रहने गर्दछ।

प्रचलित कानुनी व्यवस्थाहरू अनुसार राष्ट्रिय मानव अधिकार आयोगको उजुरी संयन्त्रले जोसुकै व्यक्ति वा समुदाय पीडित भएको अवस्थाको सम्बन्धमा क्षेत्राधिकार ग्रहण गर्ने र राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा राष्ट्रिय मुस्लिम आयोगको उजुरी संयन्त्रले चाहिँ सम्बन्धित समुदाय वा समुदायका सदस्यहरू पीडित भएको अवस्थाको सम्बन्धमा क्षेत्राधिकार ग्रहण गर्ने गर्दछन्। त्यसैले एउटै घटनाका सम्बन्धमा पनि एकभन्दा बढी राष्ट्रिय संस्थाहरूको उजुरी संयन्त्रको क्षेत्राधिकार आकर्षित हुने अवस्थाहरू आउने र संवैधानिक निकाय र राष्ट्रिय संस्थाहरूको समन्वयका सम्बन्धमा संवैधानिक व्यवस्था गरिएको देखिँदैन। संवैधानिक निकाय र राष्ट्रिय संस्थाहरूको समन्वय आवश्यक छ। राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोगलगायतका आयोगहरू नेपालको संविधानले व्यवस्था गरेका विशिष्टिकृत आयोगहरू समन्वय गरी आ-आफ्ना समुदाय वा समुदायका सदस्यहरू पीडित भएको सम्बन्धमा उजुरी ग्रहण गरी जाँचबुझसम्बन्धी कारबाही अगाडि बढाउन सक्छन्।

### ५. निष्कर्ष

संवैधानिक निकायहरूमा राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने आधारभूत, नियमित र दीर्घकालीक प्रकृतिको राष्ट्रिय संस्था हो। नेपालका विशिष्टिकृत राष्ट्रिय संस्थाहरूलाई तोकिएका मानवअधिकार संरक्षण तथा संवर्द्धनसम्बन्धी कार्यहरू अन्तत: राष्ट्रिय मानव अधिकार आयोगको नियमित कार्यक्षेत्र भित्र नै पर्दछन्। आयोगको उजुरी संयन्त्रले जोसुकै व्यक्ति वा समुदाय पीडित भएको अवस्थाको सम्बन्धमा क्षेत्राधिकार ग्रहण गर्दछ। राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा राष्ट्रिय मुस्लिम आयोगको उजुरी संयन्त्रले भने सम्बन्धित समुदाय वा समुदायका सदस्यहरू पीडित भएको अवस्थाको सम्बन्धमा मात्र क्षेत्राधिकार ग्रहण गर्दछन्। आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानमा भने उजुरी संयन्त्र नै छैन। सिद्धान्तत: राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र राष्ट्रिय मुस्लिम आयोग अन्तर्गतका उजुरी संयन्त्रहरू राष्ट्रिय मानव अधिकार आयोगको उजुरी संयन्त्रलाई प्रतिस्थापन गर्ने वैकल्पिक उजुरी संयन्त्र नभइ परिपुरक उजुरी संयन्त्र हुन्। राष्ट्रिय मानव अधिकार आयोगको उजुरी संयन्त्र न्यायिक प्रकृतिको छ, अन्य आयोगहरूको चाहिँ वकालती प्रकृतिको छ। राष्ट्रिय मानव अधिकार आयोगले जस्तो पीडितको उद्दार गर्ने, क्षतिपूर्ति दिन आदेश नै दिने, मानव अधिकार उल्लङ्घनकर्ताको नाम अभिलेख गरी सार्वजनिक गर्ने कार्यादेश अन्य कुनै पनि राष्ट्रिय संस्थाले प्राप्त गरेको छैन। राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा संवैधानिक निकायहरूका समन्वयातमक भूमिका तथा पीडितलाई उपचार दिने तथा पीडक उपर कारवाही चलाउने सम्बन्धमा ठोस भूमिका निर्वाह गर्नु पर्दछ।

३५. हेर्नुस्, *A Handbook on the Establishment and Strengthening of National Institutions for the Promotion and Protection of Human Rights*, United Nations, 1995, p. 12, para. 91.

# बोक्सीको आरोपसम्बन्धी
# कानुनी व्यवस्था र प्रयोग



– टिकाध्वज खड्का
(एल..एल.एम., अन्तर्राष्ट्रिय कानुन)

**कसैले कुनै व्यक्तिलाई बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारका कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने, सामाजिक बहिष्कार गर्ने, बसोबास गरेको ठाँउबाट निकाला गर्ने, धामी झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक जस्ता माध्ययमबाट बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, अङ्गभङ्ग गर्ने, कसैको सम्पत्तिमा तोडफोड, हिनामिना वा हानि नोक्सानी पुऱ्याउने तथा उल्लेखित कुनै कार्य गर्न उद्योग गर्ने, (दुरुत्साहन दिन उक्साउने) वा मद्दत गर्ने तथा त्यस्ता कार्य गर्न भेला गरे गराएमा बोक्सीको आरोपसम्बन्धी कसुर गरेको मानिने व्यवस्था ऐनले गरेको छ।**

**विषय प्रवेश**

नेपालमा महिला अधिकार अभियानमा अग्रणी भूमिका निर्वाह गर्नु हुने स्वर्गीय प्रा.डा.शान्ता थपलियाले "लैङ्गिक आधारमा हुने कुनै पनि व्यवहारबाट महिलाको शारीरिक, मानसिक तथा यौनसम्बन्धी खतरा हुन्छ, जसद्वारा उसलाई कुनै किसिमको कु-प्रभाव पर्दछ, कुनै खतराहरू आई लाग्दछ भने र कुनै जोरजुलुमबाट उसको अधिकारलाई सार्वजनिक तवरले वा व्यक्तिगत रूपबाट वञ्चित गरिन्छ भने त्यसलाई महिला विरुद्ध हिंसा भनिन्छ[१]" भनी महिला हिंसाको परिभाषा गरेको पाइन्छ।

यसैगरी "महिला विरुद्ध हिंसा भन्नाले राज्यद्वारा हुने हिंसाका अतिरिक्त अङ्गभङ्ग हुने,बालिकामाथि यौन दुर्व्यवहार गर्ने, दाइजोसम्बन्धी हिंसा,वैवाहिक बलात्कार,स्त्री गुप्ताङ्ग विच्छेदन गर्ने तथा महिलाहरूलाई क्षति पुऱ्याउने अन्य परम्परागत हिंसा लगायतका पारिवारिक हिंसा,परिवारका अन्य सदस्यहरूबाट हुने हिंसा तथा शोषणसँग सम्बन्धित हिंसा, कुनै समुदायसँग भइरहेको बलात्कार, यौन दुर्व्यवहार तथा काम गर्ने स्थानमा तर्साइने घटना,महिलाहरूको बेचविखन, जबरजस्ती वेश्याबृत्तिमा लगाउने घटना लगायतका यौन तथा मानसिक हिंसालाई जनाउँछ।[२] उल्लेखित परिभाषाको आधारमा कुनै पनि कारणले महिलामाथि गरिने शारीरिक, मानसिक तथा यौनजन्य प्रताडना वा महिलामाथि पुऱ्याइने नकारात्मक असर वा कुप्रभावलाई महिला हिंसा भन्न सकिन्छ।

**महिला माथि हुने हिंसाको कारण र स्वरुप**

महिला माथि हुने हिंसा एवम् अत्याचारका घटनाहरूको अध्ययन तथा विश्लेषण गर्दा, शारीरिक हिंसाको रूपमा यौन हिंसाको रूपमा र मनोवैज्ञानिक तथा मानसिक हिंसाको रूपमा महिला माथि हिंसा हुने गरेको पाइन्छ।

महिला माथि हुने हिंसाको कैयौँ कारण र स्वरुपहरू मध्ये धार्मिक अन्धविश्वास, कुप्रथा तथा परम्पराको आधारमा महिलामाथि (बोक्सोको आरोपमा पुरुषमाथि पनि हिंसा हुने गरेको भए तापनि तुलनात्मक रूपमा महिलामाथि बढी हुने हुँदा लेखमा महिलाको सवाललाई बढी प्राथमिकता दिइएको छ) बोक्सीको आरोप लगाइ यातना दिने गरेको पाइन्छ।

**महिलामाथि हुने हिंसाको रूपमा बोक्सी**

महिलामाथि हुने हिंसाको विभिन्न स्वरुपहरू मध्ये आर्थिक अवस्था कमजोर भएका, वृद्ध अवस्थाका, पर्याप्त आहाराको अभावमा कमजोर शारीरिक बनावट र गाला चाउरिएका, संरक्षकविहीन भई समाज तथा राज्यबाट सामाजिक सुरक्षाको पर्खाईमा रहेका महिलालाई कथित बोक्सीको कपोलकल्पित अन्धविश्वासमा आधारित आरोप लगाई हत्या गर्ने, गाउँनिकाला गर्ने, सामाजिक बहिष्कार गर्ने, कुटपिट गर्ने, दिशापिसाब खुवाउने, कपाल मुण्डन गर्ने, शरीरमा तातोपानी खन्याउने, सिस्नो पानी लगाउने, कपडा च्यातिदिने, फलाम तताएर शरीरमा डाम्ने आदि पाशविक र अमानवीय तवरले महिलामाथि शारीरिक तथा मानसिक प्रताडना गरिने प्रचलन हाम्रो समाजमा अझै पनि कायम रहेको पाइन्छ।

चेतनास्तर कमजोर भएका र अन्धविश्वास तथा कुरीतिलाई सत्य मान्ने पछौटे समाजमा बसोवास गर्ने माथि उल्लेखित प्रकृतिका महिलालाई निजको छिमेकमा कसैको मृत्यु भएमा, धन सम्पत्ति

१. मानव अधिकार वर्ष सन् १९९८,राष्ट्रिय समितिको अन्तिम प्रतिवेदन,पृ.३६९
२. सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घद्वारा महिला विरुद्ध हुने हिंसा सम्बन्धमा गरिएको घोषणाको धारा- १

वा वस्तुभाउको नाश भएमा, लामो समयसम्म कुनै मानिस बिरामी भएमा बोक्सीको आरोपमा अमानवीय यातना दिने गरेको पाइन्छ।

**बोक्सीको आरोपसम्बन्धी कसुरलाई नियमन गर्ने कानुनी व्यवस्थाहरू**

विगतको कानुनी इतिहासको अवलोकन गर्दा बोक्सी आरोपका सम्बन्धमा विषेश व्यवस्था गर्ने विशेष कानुन नभए तापनि बोक्सी वा बोक्साको आरोपमा कसैलाई हिंसा गर्ने पीडकलाई छरिएर रहेका विभिन्न ऐनहरू जस्तै, सार्वजनिक अपराध र सजाय ऐन, २०२७ गालीबेइज्जती ऐन, २०१६ मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महल, कुटपिटको महल, अदलको महलअन्तरगत भएका कानुनी व्यवस्था अनुरुप पीडकलाई दण्डित गरिन्थ्यो।

विशेष ऐनको अभावमा पीडितलाई प्रभावकारी उपचार तथा क्षतिपूर्तिको क्षतिपूर्तिको व्यवस्था हुन नसक्दा बोक्सीको आरोपसम्बन्धी कसुरलाई नियमन गर्न कठिनाइ भइरहेको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले नेपाल सरकार तथा व्यवस्थापिका संसद्को नाममा "महिला वर्ग माथि बोक्सीको आरोपमा हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवम् सजाय गर्ने प्रभावकारी ऐनको तर्जुमा गर्न तथा सामाजिक चेतना अभिवृद्धि गरी रुढिवादी, अन्धविश्वासी अज्ञानता हटाउने उद्देश्यले (Awareness Programme) समेत सञ्चालन गर्न सरकारको नाउमा निर्देशनात्मक आदेश जारी हुने।[३] आदेश जारी गरेको एक दशक पश्चात व्यवस्थापिका संसद्ले २०७२ साल साउन १८ गते देखि लागु हुने गरी ५ वटा परिच्छेद र २२ वटा धारा भएको बोक्सीको आरोपसम्बन्धी कसुर तथा सजाय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन पारित गरेको छ। उक्त ऐनमा भएका कानुनी व्यवस्थाहरूको निम्न अनुसार चर्चा गरिन्छ :

**बोक्सीको आरोप सम्बन्धी कसुर तथा सजाय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**ऐनको उद्देश्य[४]**

कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले यातना दिने जस्तो अमानवीय कार्यलाई दण्डनीय बनाई सामाजिक कुरीति तथा अन्धविश्वासको रूपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने ऐनको मुख्य उद्देश्य रहेको छ। अन्य व्यवस्थाहरू निम्न बमोजिम छन :

**बोक्सीको आरोपसम्बन्धी कसुर मानिने अवस्थाहरू:**

बोक्सा,बोक्सी वा त्यस्तै नामबाट लान्छाना लगाउने कार्यलाई ऐनले बोक्सीको आरोप भनी परिभाषित गरेको छ भने कसैले कुनै व्यक्तिलाई बोक्सीको आरोप लगाई निम्न लिखित कार्य गरेमा बोक्सी सम्बन्धी आरोपको कसुर मानिने व्यवस्था गरेको छ:

कसैले कुनै व्यक्तिलाई बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारका कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने, सामाजिक बहिष्कार गर्ने, बसोबास गरेको ठाँउबाट निकाला गर्ने, धामी झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक जस्ता माध्ययमबाट बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, अङ्गभङ्ग गर्ने, कसैको सम्पत्तिमा तोडफोड, हिनामिना वा हानि नोक्सानी पुऱ्याउने तथा उल्लेखित कुनै कार्य गर्न उद्योग गर्ने (दुरुत्साहन दिने उक्साउने ) वा मद्दत गर्ने तथा त्यस्ता कार्य गर्न भेला गरे गराएमा बोक्सीको आरोपसम्बन्धी कसुर गरेको मानिने व्यवस्था ऐनले गरेको छ।[५]

**पीडकलाई सजाय र पीडितलाई क्षतिपूर्तिसम्बन्धी व्यवस्था[६]**

बोक्सीको आरोपसम्बन्धी कसुर गर्ने व्यक्तिलाई निम्नअनुसारको दण्ड सजाय गर्ने व्यवस्था ऐनले गरेको छ:

(क) बोक्सीको आरोप लगाउनेलाई ६ महिनादेखि २ वर्षसम्म कैद र ५ हजारदेखि २० हजार रुपियाँसम्म जरिवाना।

(ख) बोक्सीको आरोपमा कसैलाई गाली बेइज्जती गरेमा वा निजको परिवारका सदस्यप्रति अपमानजनक व्यवहार गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई १ वर्षदेखि ३ वर्षसम्म कैद र १० हजारदेखि ३० हजार रुपियाँसम्म जरिवाना।

(ग) बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने वा बसोबास गरेको ठाउँबाट निकाला गरेमा त्यस्तो गर्ने पीडकलाई २ वर्षदेखि ५ वर्षसम्म कैद र २० हजारदेखि ५० हजार रुपियाँसम्म जरिवाना।

(घ) धामी झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक जस्ता माध्ययमबाट बोक्सीको आरोप लगाउने व्यक्तिलाई ३ वर्षदेखि ७ वर्ष सम्म कैद र ३० हजार देखि ७५ हजार रुपियाँसम्म जरिवाना।

(ङ) बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर,अमानवीय वा अपमानजनक व्यवहार गर्ने व्यक्तिलाई ५ वर्षदेखि ८ वर्षसम्म कैद र ५० हजारदेखि १ लाख रुपियाँसम्म जरिवाना।

(च) बोक्सीको आरोपमा कुनै व्यक्तिलाई अङ्गभग गर्ने व्यक्तिलाई प्रचलित

---

३. ने.का.प.२०६२, नि.नं.७४९८, अङ्क २, पृ.२०५

४. बोक्सीको आरोप सम्बन्धी कसूर तथा सजाय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको प्रस्तावना

५. उही ऐनको दफा ३

६. उही ऐनको दफा ११

कानुनबमोजिम हुने सजायमा थप १० प्रतिशत सजाय हुने। (प्रचलित कानुन भन्नाले सम्बन्धित कसुरमा आकर्षित हुने मुलुकी ऐन,२०२० को कुटपिटको महललाई जनाउँछ)

**बोक्सीको आरोप लगाउने कसुर गर्न प्रोत्साहन गरेमा**

(छ) बोक्सीको आरोपसम्बन्धी कसुर ठहर्ने कुनै कार्य गर्न उद्योग गर्ने, दुरुत्साहन दिने (उक्साउने) वा मद्दत गर्ने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय।

(ज) बोक्सीको आरोपसम्बन्धी कसुर हुने कार्यलाई मद्दत पुग्ने गरी कुनै भेला गरे गराएमा त्यस्तो व्यक्तिलाई ६ महिनादेखि २ वर्षसम्म कैद र ५ हजारदेखि २० हजार रुपियाँसम्म जरिवाना।

**कसुर दोहोऱ्याएमा**

एक पटक बोक्सीको आरोपमा सजाय पाइसकेको व्यक्तिले पुन:सोही कसुर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुने व्यवस्था ऐनले गरेको छ।

**संरक्षक वा सार्वजनिक पदमा रहेको व्यक्तिले कसुर गरेमा**

कसैले आफ्नो संरक्षण वा अविभावकत्वमा रहेको व्यक्तिविरुद्ध बोक्सीको आरोपसम्बन्धी कसुर गरेमा वा सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले बोक्सीको आरोपसम्बन्धी कसुर गरेमा त्यस्तो व्यक्तिलाई अन्य व्यक्तिलाई हुने सजायमा २५ प्रतिशत थप सजाय हुने व्यवस्था ऐनले गरेको छ।

**क्षति भराई दिनेसम्बन्धी व्यवस्था**

कसैले बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानि नोक्सानी गरी क्षति पुऱ्याएमा त्यस्तो कसुरदारलाई ऐन बमोजिमको सजाय गरी निजले पीडितको सम्पत्तिमा पुऱ्याएको क्षति वापतको रकम भराई दिने व्यवस्था पनि ऐनले गरेको छ।

**अदालतले दिन सक्ने आदेश**

अदालतले मुद्दाको अन्तिम निर्णय नहुन्जेलको लागि पीडितलाई संरक्षण दिन आवश्यक देखेमा पीडकलाई पीडितलाई निम्न अनुसार गर्न आदेश दिन सक्छ :

(क) पीडित बसी आएको घरमा बस्न दिन।

(ख) पीडितलाई खान लाउन दिन।

(ग) कुटपिट नगर्न र शिष्ट र सभ्य व्यवहार गर्न।

(घ) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भए उचित उपचार गर्न वा उपचारको लागि रकम दिन।

(ङ) गाली बेईज्जती गर्ने,धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न र नगराउन।

(च) पीडित बसेको ठाउँ,बाटो घाटो वा कार्यालयमा गई कुनै किसिमको संचार माध्ययमबाट वा अन्य प्रकारले दु:ख दिने वा सताउने कार्य नगर्न।

(छ) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपर्युक्त कार्य गर्न र गराउन।

(ज) पीडितको सदस्य वा अन्य कुनै व्यक्तिलाई संरक्षण दिन आवश्यक देखेमा सो बमोजिमको आदेश।

**आदेशको पालना नगरेमा हुने सजाय**

अदालतले दिएको माथि उल्लेखित आदेशको पालना नगरेमा वा कसैले बोक्सीको आरोपसम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकातसम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई ३० हजार देखि ५० हजार रुपियाँसम्म जरिवाना वा ३ महिनादेखि ९ महिनासम्म कैद वा दुवै सजाय हुन सक्छ।

**क्षतिपूर्तिसम्बन्धी व्यवस्था (पीडकबाट भराई दिने)**[७]

अदालतले बोक्सीसम्बन्धी मुद्दाको फैसला गर्दा आरोपसम्बन्धी कसुरको प्रकृति,मात्रा,पीडितलाई पुगेको पीडा र पीडकको आर्थिक हैसियत समेतलाई विचार गरी पीडकबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने व्यवस्था ऐनले गरेको छ।

**नेपाल सरकारले क्षतिपूर्ति व्यहोर्ने अवस्था**

पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडितलाई क्षतिपूर्ति भराई दिन नसक्ने अवस्था भएको अदालतलाई लागेमा अदालतले उपयुक्त ठहऱ्याए बमोजिमको रकम नेपाल सरकारले व्यहोर्ने गरी अदालतले आदेश गर्न सक्नेछ। यसरी आदेश प्राप्त भएको ६० दिन भित्र सरकारले पीडितलाई क्षतिपूर्ति भराइ सक्नुपर्नेछ।

**उपचार तथा घा जाँच गराउनुपर्ने**[८]

कुनै पीडित शारीरिक वा मानसिक रूपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनुपर्ने व्यवस्था ऐनले गरेको छ।

**उपचार रकमसम्बन्धी व्यवस्था**[९]

पीडित शारीरिक वा मानसिक रूपमा अशक्त भएको कारणले अस्पताल वा उपचार केन्द्रमा उपचार गराउँदा निजले उपचार खर्च व्यहोर्न नसकेमा निजको उपचार खर्च र निजले कुरुवा राख्दा भएको खर्च समेत पीडकले व्यहोर्नु पर्दछ।

पीडकको आर्थिक अवस्था कमजोर भएको कारणले निजले उपचार खर्च व्यहोर्न नसकी पीडित आफैँले उपचार खर्च गरेको वा प्रहरीले उपचार खर्च व्यहोरेको भए त्यस्तो उपचार खर्चको रकम लैङ्गिक हिंसा निवारण कोषबाट सोध भर्ना लिनसक्ने व्यवस्था ऐनले गरेको छ।

पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्था गर्नुपर्ने देखिएमा प्रहरी कार्यालयले घरेलु हिंसा (कसुर र सजाय) ऐन,२०६६ बमोजिम स्थापना भएको नजिकको सेवा केन्द्रमा

७. उही ऐनको दफा १२
८. उही दफा ५
९. उही दफा १३
१०. उही दफा १५

**पीडित शारीरिक वा मानसिक रूपमा अशक्त भएको कारणले अस्पताल वा उपचार केन्द्रमा उपचार गराउँदा निजले उपचार खर्च व्यहोर्न नसकेमा निजको उपचार खर्च र निजले कुरुवा राख्दा भएको खर्च समेत पीडकले व्यहोर्नु पर्दछ।**

**पीडकको आर्थिक अवस्था कमजोर भएको कारणले निजले उपचार खर्च व्यहोर्न नसकी पीडित आफैले उपचार खर्च गरेको वा प्रहरीले उपचार खर्च व्यहोरेको भए त्यस्तो उपचार खर्चको रकम लैङ्गिक हिंसा निवारण कोषबाट सोध भर्ना लिनसक्ने व्यवस्था ऐनले गरेको छ।**

**पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्था गर्नुपर्ने देखिएमा प्रहरी कार्यालयले घरेलु हिंसा (कसुर र सजाय) ऐन,२०६६ बमोजिम स्थापना भएको नजिकको सेवा केन्द्रमा राख्नुपर्ने व्यवस्था ऐनले गरेको छ।**

राख्नुपर्ने व्यवस्था ऐनले गरेको छ।

**सचेतना कार्यक्रम सञ्चालन गर्ने[१०]**

नेपाल सरकारले बोक्सीको आरोपसम्बन्धी कसुर हुन नदिन विभिन्न किसिमका सचेतना (जनचेतनामूलक) कार्यक्रम सञ्चालन गर्ने गराउने व्यवस्था समेत ऐनले गरेको छ।

**बोक्सीको आरोपमा उजुरी गर्ने हदम्याद[११]**

बोक्सीको आराप भए गरेको मितिले ९० दिन भित्र जाहेरी दरखास्त वा सूचना दिनुपर्ने व्यवस्था ऐनले गरेको छ।

**बोक्सीको आरोपमा उजुरी कसले र कहाँ गर्नु पर्छ[१२]**

कुनै ठाउँमा बोक्सीको आरोपसम्बन्धी कसुर भएको,भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सोसम्बन्धी विवरण खुलाई यथासक्य छिटो सो कुराको लिखित जाहेरी वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्दछ।

**निष्कर्ष**

सामाजिक कलङ्कको रूपमा रहेको अन्धविश्वासमा आधारित बोक्सीको आरोपमा आर्थिक अवस्था कमजोर भएका बृद्ध-बृद्धालाई राज्यले संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्दा गर्दै पनि चेतनास्तरको कमीले बोक्सा-बोक्सीको आरोपमा प्रताडित भईरहेका छन्। विद्यमान प्रचलित कानुनहरूले प्रभावकारी रूपमा बोक्सीसम्बन्धी प्रचलनको अन्त्यको लागि पीडकलाई दण्ड र पीडितलाई प्रभावकारी उपचार र क्षतिपूर्ति उपलब्ध गराउन नसकी रहेको सन्दर्भमा विशेष कानुनको रूपमा ढिलै भए पनि यो विशेष ऐन आउनु महत्वपूर्ण र महिला हिंसाविरुद्धको कोसेढुङ्गाको रूपमा लिनु पर्दछ। यतिमात्र होइन आम जनताको सहभागितामा संविधानसभाले निर्माण गरेको नेपालको संविधान को धारा २९ मा शोषण विरुद्धको हक अन्तरगत धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन भन्ने व्यवस्था र धारा ३८ मा महिलाको हक अन्तरगत महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने प्रावधानले बोक्सा,बोक्सी सम्बन्धी प्रचलनको अन्त्यको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ। यद्यपि कानुनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कानुनी संयन्त्रहरूको निर्माण,कानुनी प्रावधानको बारेमा र अन्धविश्वासकाविरुद्ध सरोकारवालाहरूको साझेदारीमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नसके कानुनको प्रभावकारी कार्यान्वयन हुनसक्ने हुदाँ बोक्सा,बोक्सी सम्बन्धी कसुरमा कमी आउन सक्छ। त्यतिमात्र होइन पछौटे र अविकसित समाजमा अन्धविश्वास व्याप्त हुने हुँदा कानुन जतिसुकै राम्रो भए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा चुनौती भई नै रहने हुँदा बोक्सा,बोक्सी जस्तो अन्धविश्वासमा आधारित कुरीति तथा प्रचलनको अन्त्यका लागि समृद्ध र शिक्षित समाजको निर्माण त्यतिकै आवश्यक छ।

**सन्दर्भ सामग्री सूची**

नेपालको संविधान

बोक्सीको आरोप सम्बन्धी कसुर तथा सजाय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७२

मानव अधिकार वर्ष सन् १९९८,राष्ट्रिय समितिको अन्तिम प्रतिवेदन

संयुक्त राष्ट्रसङ्घद्वारा महिला विरुद्ध हुने हिंसा सम्बन्धमा गरिएको घोषणा, सन् १९९३

बोक्सी प्रचलन र तत् सम्बन्धी कानुनी व्यवस्थाहरूको पुनरावलोकन,राष्ट्रिय मानव अधिकार आयोग,२०६२

११. उही दफा १७
१२. उही दफा ४

# क्रसर उद्योग चुरे संरक्षणमा चुनौती बन्दै

- अजयकुमार साह



समुन्द्री सतहदेखि ६१० मिटर उचाइबाट सुरु भई १८७२ मिटरसम्म फैलिएको भू-क्षेत्रलाई चुरे क्षेत्र भनिन्छ। चुरे क्षेत्र जैविक र प्राकृतिक दृष्टिबाट अति नै महत्वपूर्ण र उपयोगी क्षेत्र हो। यहाँको हावापानी पनि समसशितोष्ण किसिमको भएकै कारण यहाँ विभिन्न प्रजातिका वन्यजन्तु पाइन्छन्। यहाँ साल, सिसौ, खयर, सतिसाल जस्ता वनस्पति पाइन्छन् साथै अमला, हर्रो वर्रो जस्ता औषधी जन्य बहुउपयोगी बिरुवा पनि प्रशस्त रूपमा पाइन्छन्।

चुरे वन क्षेत्रको भू-बनोट बलौटे र गेग्राङ माटोबाट बनेको हुँदा यहाको भू–बनोट खुकुलो किसिमको छ। त्यसैले पनि यो चुरे वन क्षेत्रलाई एक संवेदनशील क्षेत्रको रूपमा लिइन्छ। यो क्षेत्र भौगोलिक, प्राकृतिक र जैविकलगायत सम्पूर्ण क्षेत्रबाट बहुउपयोगी क्षेत्र मानिन्छ। चुरे क्षेत्र तराई र पहाडी क्षेत्रको बीच भागमा रहेको क्षेत्र हो। यस क्षेत्र तराईको उर्वर भूमिलाई सिञ्चित गर्नको लागि पानीको मूल श्रोत पनि बन्न पुगेको छ। चुरे वन क्षेत्र संरक्षण गर्नुपर्ने निकै कारणहरू छन्। यहाँका बहुमूल्य वनस्पति, लोप हुन लागेका, जीवजन्तु र सम्पूर्ण प्राकृतिक सौन्दर्यले गर्दा नै आज नेपाल विश्व सामु जलश्रोतको धनी देशको रूपमा परिचित छ।

यो चुरे वन क्षेत्रले यस क्षेत्र आसपासमा बसोवास गर्ने अधिकांश जनताको जीवन चलाउन मद्दत गरेको छ। चुरे वन क्षेत्रकै बोटबिरुवा, वनस्पति, जिव जनावरको उपभोग गरी उनिहरूको जीवन गुजारा भइरहेको छ। चुरे वन क्षेत्रले दिएको अनेकौं सुविधाको कारण नै हामीले यस क्षेत्रको संरक्षण गर्नु आवश्यक छ।

चुरे वनक्षेत्र संवेदनशील हुँदा हुँदै पनि यसलाई विभिन्न किसिमले दुरुपयोग गरेको पाइएको छ। यसको संरक्षणमा सरकारी तथा गैरसरकारी नीति नियमहरू प्रभावकारी छैनन्। यस क्षेत्रको संरक्षण नगरेमा हाम्रो " हरियो वन नेपालको धन" भन्ने उखान पनि उखान नै बनेर सीमित हुने छ र हाम्रो अन्नको भण्डार भनिने तराई क्षेत्र उराठ मरुभूमि बन्न पुग्नेछ। हाम्रो प्राकृतिक सौन्दर्य र भू-स्वरुप ओरालो लाग्ने छ। र हाम्रो देश जल श्रोतको धनि नभई जल श्रोतको अभाव भएको देशमा परिणत हुने छ।

सरकारले चुरे संरक्षणको लागि लाखौं रुपियाँ खर्च गर्ने गरेको भए पनि वन जङ्गल र खोला किनारमा अवैध रूपमा खुल्ने गरेका क्रसर उद्योगको कारण चुरे संरक्षणमा चुनौती बन्दै गएका छन्।

धनुषा र महोत्तरीको सीमानामा रहेको रातु खोला किनारमा मात्रै चार वटा क्रसर उद्योग अवैध रूपमा सञ्चालनमा छन्। अवैध रूपमा बालुवा, गिट्टी उठाउने गरेका कारण वन जङ्गल विनास भइरहेको छ। सरोकारवाला निकाय यसलाई रोक्नको लागि गम्भीर नदेखिएका कारण समस्या बढ्दै गएको छ। वन विनास अत्यधिक रूपमा बढेको छ भने क्रसर उद्योगले जथाभावी रूपमा नदीबाट बालुवा, गिट्टि निकाल्ने गरेका छन्। क्रसर उद्योगका कारण तटबन्ध जोखिममा परेको छ। रोक्नुपर्ने निकायले नै

ती उद्योगसँग लाभ लिँदा समस्या देखिएको हो।

किसान नगरका निलबहादुर लुम्रे खोला किनारमा रहेको क्रसरले बालुवा लिएर जाँदा आफ्नो घरमा समेत बालुवा पसेको बताउँछन्। उनले भने- "राति राति बालुवा ओसार्दा हैरान भएको छु। जथाभावी बालुवा झिक्दा तटबन्ध नै भत्किने खतरा रहेको छ।"

धनुषा र महोत्तरीको सीमामा रहेको रातु पुल दुई वर्षअघि भत्किनुको कारण पनि यही क्रसरहरू रहेको लालगढका स्थानीयवासी कुमारी तामाङले बताइन्। उनले भनिन्- 'अहिले पनि ३५ घरधुरी जोखिममा छन्।'

क्रसर उद्योग सञ्चालन गर्दा घरेलु तथा साना उद्योग कार्यालयले तोकेको मापदण्डअनुसार खोला किनार तथा राजमार्गदेखि ५०० मिटर टाढा हुनुपर्ने, शिक्षण संस्था, स्वास्थ्य संस्था, सांस्कृतिक पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज, आरक्ष र घनाबस्तीदेखि २०० मिटर तथा चुरे क्षेत्रदेखि एक किलोमिटर टाढा हुनुपर्ने प्रावधान छ। तर, यस्ता मापदण्ड पूरा नगरी क्रसर उद्योग सञ्चालन गरिएका छन्। घरेलु तथा साना उद्योग कार्यालयले त्यसतर्फ चासो नदिँदा समस्या भएको स्थानीयहरूको आरोप छ।

खोला उत्खनन् गरी ढुङ्गा, गिट्टी, बालुवा, जिल्ला बाहिर तथा भारत समेत निकासी हुने गरेको छ। जिल्ला विकास समितिले आन्तरिक आम्दानीका लागि खोला ठेक्का लगाउने र एक्साभेटर प्रयोग गर्न दिने, उद्योगको नियमन गर्ने जिम्मा पाएको घरेलु तथा साना उद्योग कार्यालयले कानुनी अधिकार प्रयोग नगर्दा खोलाको दोहन नरोकिएको हो। चुरे आफैमा कमलो हुन्छ। चुरे क्षेत्रबाट अनियन्त्रित तरिकाले उत्खनन् गरिएपछि नदी तथा खोलाको बग्ने दिसा नै परिवर्तन हुन्छ भने कटान बढ्दै जान्छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ महोत्तरीका अध्यक्ष कुमार घिमिरे चुरे क्षेत्रमा जथाभावी रूपमा बढेको क्रसर उद्योगको कारण तराईमा भू-क्षयको खतरा बढ्दै गएको बताउँछन्। उनले भने "यसलाई रोक्न ठोस नीतिको आवश्यकता छ। अवैध रूपमा सञ्चालनमा रहेका क्रसर उद्योगलाई बन्द गरिनुपर्छ।"

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको सीमादेखि दक्षिणमा नेपाल भारतको सीमानासम्मको सम्पूर्ण ( चुरे, भावर र तराई) परिदृश्यलाइ चुरे क्षेत्र भन्ने बुझिन्छ। नेपाललाई प्राकृतिक रूपमा धनी हो भनेर चिनाउने चुरे क्षेत्र पनि हो। तराई सकिएर उठेको पहिलो तथा महाभारतबाट ओर्लिंदा अन्तिम पहाडबीचमा रहेको भू-भाग चुरे हो। यो पूर्व-पश्चिम फैलिएको पहाडी भू-भाग हो। यसले नेपालको कुल भू-भागको करिब १२.७८% ओगटेको छ। यो क्षेत्र पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म फैलिएको छ। यसले ३६ जिल्ला छोएको छ। चूरे पहाड कमलो एवम् सबैभन्दा कान्छो पर्वतीय प्रणालीको नामले परिचित छ। कमजोर भू बनौट भएको चूरे पहाडमा प्राकृतिक कारणबाट नै ह्रास हुँदै गएको अवस्थामा यस प्रकृयालाई अदुरदर्शी मानवीय कृयाकलापका कारण जनधन र जैविक विविधता तीव्र गतिमा क्षति हुँदै गएकाले उपल्लो तटीय र तल्लो तटीय जनतालाई यसबाट हुने नकारात्मक प्रभाव परिरहेको छ। तराई क्षेत्रको लागि पानीको रिचार्ज र तल्लोतटीय उर्वर भूमिकोलागि जलीयचक्रको व्यवस्था गर्ने भावर क्षेत्र तथा वन पैदावर र जैविक विविधताको धनी क्षेत्र चुरे पहाडको संरक्षण अपरिहार्य रहेको छ।

चुरे विनाशको सामाजिक आर्थिक प्रभाव मूल्याङ्कन अध्ययन कार्य हालै नेपाल वन प्राविधिक सङ्घले सम्पन्न गरेको छ। पाँच वटा खोला प्रणाली जलाधार क्षेत्रको ( पसाहा, भेडाहा, चाँदी, चारनाथ र तावा खोला) अध्ययनको सिलसिलामा प्राप्त तथ्याङ्कका आधारमा सामाजिक र आर्थिक प्रभाव मूल्याङ्कन गरिएको छ। तावा खोलाको वहावका कारण बर्सेनी दुई तीन जनाले ज्यान गुमाउनु परेको स्थलगत तथ्याङ्कबाट देखिन्छ। खोला तटीय क्षेत्रका प्रभावित पाँच प्रमुख सूचनादाता किसानहरूको २ सय ३६ कठ्ठा जमिन बगर भएको छ भने ६ लाख ४० हजार वार्षिक बालीनाली क्षति भएको देखिन्छ। यसको आधारमा ती खोलाहरूको सन् १९९४ र २०१० बीचको भूउपयोग परिवर्तन विश्लेषणबाट अनुमानित कुल ४ हजार ३ सय ८९ हेक्टर अर्थात एकलाख एकतीस हजार ६ सय सत्तरी कठ्ठा कृषि जमिन कटान डुबान भई रु ४६ करोड ६९ लाख २४ हजार ५ सय वार्षिक नोक्सानी भएको अनुमान गरिएको छ।



*- इन्सेक जिल्ला प्रतिनिधि, महोत्तरी*

# खाद्य सङ्कटको मारमा कर्णाली

**– कालीबहादुर मल्ल**

गएको साउन महिनादेखिको लामो खडेरीले कर्णाली क्षेत्र पुन खाद्य सङ्कटको मारमा परेको छ। भौगोलिक हिसाबले सुख्खा क्षेत्र कर्णालीमा यो वर्ष लामो समयको चर्को खडेरीले धान, मकै, कोदो, चिनो, कागुनो, फापर, सिमी लगायतका प्रमुख बालीहरूको उत्पादनमा निकै कमी आए पछि खाद्यन्न सङ्कटको समस्या झन विकराल बन्दै गएको हो। खडेरीले विगतका वर्षहरूको तुलनामा यो वर्षको उत्पादन २५ देखि ९० प्रतिशतले कमी आएको कर्णाली क्षेत्रका जिल्ला कृषि विकास कार्यालयको तथ्याङ्कमा उल्लेख छ। गएको वर्षको हिउँदे बालीको उत्पादन सकिएको र वर्षे बालीको उत्पादन निकै घटेका कारण समस्या थप जटिल बन्दै गएको हो।

आकाशे पानीको भरमा खेती हुने कर्णाली क्षेत्रमा लामो समयदेखि वर्षा नभएका कारण कात्तिक र मङ्सिरमा छरेको हिउँदे बालीसमेत उम्रिएको छैन। कर्णालीको हुम्ला, मुगु, डोल्पालगायतका क्षेत्रमा अधिकांश खेती योग्य जमिन बाँझै छन्। कर्णाली क्षेत्रको कूल खेती योग्य जमिन मध्ये करिब ८० प्रतिशत जमिनमा सिँचाइ सुविधा नभएकाले कृषक आकाशे पानीको भरमा खेती गर्न बाध्य छन्। लामो समय पानी नपरेकाले वर्षे बालीको उत्पादनमा अनपेक्षित रूपमा कमी आएपछि कर्णाली क्षेत्रमा लगाइएको हिउँदे बाली जौ, उवा र गहुँ उम्रिएको छैन। त्यसैले गर्दा आफूलाई थप निराश बनाएको हुम्ला कालिका गाविस-४ करगैंका दीपबहादुर रोकायाले बताए। गएको असारमा सामान्य वर्षा भए पनि त्यसयता पटक्कै पानी नपरेपछि बालीसमेत राम्रोसँग लगाउन नपाएका कर्णालीबासीलाई चरम खाद्य सङ्कट सुरु भएको हो। लामो खडेरीले स्थानीय कृषि उत्पादनमा कमी आएपछि सबै जिल्लाका खाद्य सुरक्षा समितिले सरकार तथा विभिन्न दातृ निकायलाई अपुग खाद्यन्न आपूर्तिका लागि मौखिक र लिखित रुपमै हारगुहार समेत गरिसकेका छन्।

खडेरीले हरेक वर्ष कार्तिकदेखि लगाउने गहुँ, जौ र उवासमेत लगाउन कृषकले पाएका छैनन्। मैला हुम्लाका कृषक ज्ञाने रोकायाले भने- 'हरेक कार्तिकमा पाक्ने वर्षे बाली त खडेरीले सोत्तर भयो। जेठ बालीसमेत लगाउन नपाएका कारण चरम भोकमरीका डरले हुम्लाको दक्षिण भेगका गाउँबाट सयौँको सङ्ख्यामा युवा युवती भारततर्फ गएका छन्।' गाउँमा बसेकाहरूले साँझ बिहानको छाक टार्न बाजुराको सदरमुकाम मार्तडीमा एक हप्ताको पैदलबाट चामल किनेर छाक टार्नुपर्ने बाध्यता रहेको मदना हुम्लाका धनरुप बोगटी बताउँछन्। उनी भन्छन्- 'गाउँमा चामल किन्दा मोटो अदुवा चामलको प्रतिकेजी १ सय २० रुपियाँ पर्छ। त्यसैले परिवार पाल्न बाजुराको मार्तडीदेखि भारी बोकेर चामल ल्याउनुपर्ने बाध्यता भएको छ।' २७ गाविस भएको हुम्लामा खडेरीले १८ गाविस उच्चतम खाद्य असुरक्षित छन् भने नौ गाविस मध्यम खाद्य असुरक्षित गाविसका रूपमा रहेको जिल्ला

## पेट पाल्ने विकल्पमा भारत पलायन

यो वर्ष परेको चर्को खडेरीले स्थानीय उत्पादनमा कमी आएपछि कर्णालीका विभिन्न गाउँवाट भारत जानेको सङ्ख्या बढेको छ। कृषि उत्पादन कम भएको र घर परिवार पाल्ने वैकल्पिक उपाय नभएकोले कर्णालीबाट यस वर्ष भारततर्फ जानको सङ्ख्या गएका वर्षका तुलनामा बढेको हो। आफ्नै उत्पादनले घरपरिवार पाल्न नपुग्ने र पैसा कमाउने सम्भवना नभएकाले कालीकोटको नानिकोट उखाडीको बस्तीका अधिकांश स्थानीय भारत पलायन भएका छन्। खडेरीले कार्तिकमा पाक्ने बाली नष्ट भएको र जेठमा पाक्ने बाली छर्नै नपाएपछि ३० घरधुरी भएको उक्त गाउँ सुनसान भएको स्थानीय कटक बमले बताए। गएको साउनदेखिको खडेरीले बोराका बोरा धान हुने खेत पुरै सोत्तर भएपछि पारिवारिक गुजारा चाल्न गाउँका प्राय युवा भारत गएका हुन्। नानिकोटको उखाडी जस्तै सिपखाना, मुम्रा, खिन, धौलागोह, थ्रिपु, राम्नाकोट, जाँफे, छलाँहा, लार्फालगायतका गाउँ पनि अहिले पुरुष विहीन छन्। गएको कार्तिकदेखि भारतमा बसेर घर आएका सिपखानाका लाले दमाईले हिउँदे बाली लगाउन कालीकोटको घर आएपनि बाली लगाउने कुनै सम्भावना नदेखेपछि पुन: भारत फर्कन लागेको बताए। खडेरीले घरमा मङ्सिरमा के खाउँ ? को अवस्था भएपछि आफ्नो र घरपरिवारको पेट पाल्न आफू भारत जान लागेको उनले बताए।

लामो समयको खडेरीले आहत भएका हुम्लाका दक्षिण भेगका श्रीनगर, मैला, मदना, कालिका, जैर र दार्मा क्षेत्रका वासिन्दाले पनि यो वर्षको गुजारा टार्ने विकल्पका रूपमा भारत नै रोजेका छन्। घरमा उत्पादन न्यून भएको र अन्य रोजगारमूलक काम केही नभएपछि अधिकांश पुरुष र केही महिला मिलेर भारत गएको मैला हुम्लाका मानबहादुर रोकायाले बताए। उनका अनुसार हरेक गाउँबाट कम्तीमा १० देखि बढीमा २५ जनाका दरले भारत गएका छन्। उनका अनुसार हुम्लाको तल्लो क्षेत्रबाट मात्रै ६ सय ५० जनाभन्दा बढी यस वर्ष भारत गएका छन्। श्रीनगर र कालिकामा भने ग्रामीण पहुँच कार्यक्रम अन्तर्गतको लिङ्क रोड निर्माण कार्य सञ्चालन भएकाले अन्य गाविसको तुलनामा भारत जानेको सङ्ख्या केही कम रहेको जनकल्याण निम्न माध्यमिक विद्यालयका प्रधानाध्याक परबहादुर थापाले जानकारी दिए। हरेक घरबाट एक जनाका दरले काम गर्ने उक्त सडक निर्माणमा गए वापत कमाएको रकमले मङ्सिर देखि नै खच्चरमा ल्याएको चामल किन्दै खाने गरेको श्रीनगर गाविस-५ का दत्त विष्टले जानकारी दिए। खडेरीको चरम मारमा परेको मुगुको सोरु र खत्याड क्षेत्रका गाउँबाट समेत ठूलो सङ्ख्यामा भारत गएका छन्। घरमा स्थानीय बालीको उत्पादनले घरका दुईजनालाई समेत खान नपुग्ने भएपछि आफू कार्तिक महिनामा भारत तर्फ गएको मुगु भिईका सम्तपी बुमीले बताए। उनकाअनुसार भारतको श्रीनगरमा भिइका मात्रै १ सय २३ जना भन्दा बढीले आफ्नो गुजाराका लागि कुल्ली काम गरिरहेका छन्।

खाद्य सुरक्षा समितिका अध्यक्ष समेत रहेका प्रमुख जिल्ला अधिकारी डा. कृष्णबहादुर घिमिरेले बताए। चरम खाद्य सङ्कट भएको बताउने प्रमुख जिल्ला अधिकारी घिमिरेले सिमीकोट डिपोमा १५ हजार ७ सय, श्रीनगर डिपोमा ५ हजार र सर्केघार्ड डिपोका लागि ६ हजार क्विन्टल चामल थप आवश्यक पर्ने बताए। उनका अनुसार खडेरीले हुम्लाका गाविसको उत्पादन ३० प्रतिशतदेखि ९८ प्रतिशतले कमी आएको छ।

मुगुको शोरु र खत्याड क्षेत्रका बासिन्दाले पनि खच्चड र आफैंले बोकर खाद्यान्नको गुजारा चलाइरहेको मार्तडीबाट खच्चडमा चामल ल्याइरहेका मुगु भिईका माघे कार्कीले जानकारी दिए। स्थानीय सरोकारवालाले सम्भावित खाद्य सङ्कट टार्न मुगुलाई खाद्य सङ्कटग्रस्त जिल्ला घोषणा गर्ने तयारी गरेका छन्। लामो खडेरीका कारण वर्षे बालीको उत्पादनमा ह्रास आएको बेला माघ महिनासम्ममा पनि वर्षा र हिमपात नहुँदा किसानले हिउँदे बालीसमेत छर्न नपाएपछि यस्तो तयारी भएको हो। खडेरीले मुगुको शोरु र खत्याड क्षेत्रका गाविस निकै मारमा परेको मुगुका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले जानकारी दिए। आउँदा दिनमा जिल्लाभर चरम खाद्य सङ्कट निम्तिने भन्दै जिल्ला खाद्य सुरक्षा सञ्जालले खाद्य सङ्कटग्रस्त जिल्ला घोषणाको तयारी गरिरहेको जिल्ला कृषि विकास कार्यालय मुगुका प्रमुख चन्द्रप्रकाश रिसालले बताए। 'जिल्लाका ह्याँग्लु, भिई, नार्थपु, जिमा, रुगा, धैनकोट, कालै, कोटडाँडा, गम्था, श्रीकोट, श्रीनगर, डोल्फुलगायतका गाविसमा चरम खाद्य सङ्कट सिर्जना भएको छ।' उनले भने। रिसालले थप्दै भने- 'जिल्लाभरका २४ गाविसबाट परिवार पाल्नका लागि युवा भारत पसेपछि अहिले गाउँ युवा विहीन जस्तै भएका छन्।' मुगु जिल्लामा वार्षिक ११ हजार २ सय ५६ मेट्रिक टन खाद्यान्न चाहिन्छ। जिल्लाको कुल उत्पादन १२ हजार १५ मेट्रिक टन खाद्यान्न उत्पादन हुने भएपनि खान योग्य प्रशोधित खाद्यान्न ५ हजार ९४ मेट्रिक टन रहँदा जिल्लाका लागि ७ हजार १ सय ६२ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको जिल्ला कृषि विकास कार्यालयका कृषि प्रसार अधिकृत रामसुरथ पालले बताए।

खडेरीले कालीकोट जिल्ला पनि निकै प्रभावित भएको छ। कालीकोटमा यस वर्षको वर्षे बाली उत्पादनमा औषत ४१ प्रतिशतले कमी आएको कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत सुनिलकुमार सिंहले जानकारी दिए। यस वर्ष स्थानीय उत्पादनमा निकै कमी आएको र बजारबाट खाद्यान्न किन्ने रकम समेत पर्याप्त नभएपछि कालीकोटको पलाता क्षेत्रका गाविसमा चरम खाद्य सङ्कट भएको जिल्ला खाद्य सुरक्षा समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी प्रदिप श्रेष्ठले बताए। खडेरीले कालीकोट सदरमुककाम मान्म पश्चिम उत्तरी भेगका अधिकांश गाविसका कृषकले हिउँदे बाली समेत लगाउन नपाएको कृषि विकास कार्यालय कालीकोटले जनाएको छ। खाद्य सङ्कट टार्नका लागि कालीकोट जिल्लाले विभिन्न निकायसँगको पहल थालिसकेको प्रमुख जिल्ला अधिकारी श्रेष्ठले दावी गरे। कालीकोटको कुल एक लाख ८ हजार ९ सय २१ जनसङ्ख्यालाई प्रति व्यक्ति एक सय ९१ केजीका दरले २० हजार ८ सय ४ मेट्रिक टन खाद्यान्न आवश्यक पर्दछ। जसमा यस वर्ष १९ हजार ४ सय ६१ मेट्रिक टन मात्रै उत्पादन भएको बताइएको छ।

डोल्पामा पनि यस वर्षको चर्को खडेरीले रैथाने बाली फापर, कोदो, चिनो कागुनोको उत्पादन निकै घटेको छ। गएका वर्षहरू भन्दा यो वर्ष धान उत्पादनमा १० प्रतिशतले कमी आएको डोल्पा जिल्लाका वरिष्ठ कृषि विकास अधिकृत भीमबहादुर धरालाले जानकारी दिए। उनका अनुसार वर्षे बालीमा वर्षेनी १४ हजार ४ सय २९ टन उत्पादन हुने डोल्पामा यस वर्ष खडेरीका कारण ५० प्रतिशत भन्दा बढीले घटेको छ। गएको वर्षभन्दा निकै कम हिमपात र वर्षात भएको डोल्पामा यस वर्षको हिउँदे बाली ७० देखि ९० प्रतिशतले घट्ने पूर्वानुमान कृषि विकास कार्यालय, डोल्पाले गरेको छ।

जुम्ला जिल्लामा समेत खडेरीका करण स्थानीय धानको उत्पादनमा २० प्रतिशतले कमी आएको जिल्ला कृषि विकास कार्यालयका प्रवक्ता बालकराम देवकोटाले जानकारी दिए। जुम्लाको २ हजार ९ सय ५० हेक्टरमा मात्र धान उत्पादन हुन्छ। जिल्लाबाट निकासी हुने दलहन बाली सिमी उत्पादन अहिले ३० प्रतिशतले घटेपछि कृषकको आम्दानीमा समेत कमी आएको छ। जुम्लाको कूल जनसङ्ख्या १ लाख ८ हजार ९ सय २१ जनालाई १ सय ९१ केजीका दरले एक वर्षमा २० हजार ८ सय ४ मेट्रिक टन खाद्यान्न आवश्यक पर्दछ। तर, स्थानीय उत्पादन भन्दा माग ३० प्रतिशतले बढी भएको जिल्ला कृषि विकास कार्यालय जुम्लाले जानकारी दिएको छ।

*कर्णालीको जिल्लागत उत्पादनको तत्थयाङ्क निम्नानुसार छ :*

| **बालीको नाम** | **हुम्ला** | | **मुगु** | | **जुम्ला** | | **कालिकोट** | | **डोल्पा** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन मे.ट. | घटेको प्रतिशत | उत्पादन मे.ट. | घटेको प्रतिशत | उत्पादन मे.ट. | घटेको प्रतिशत | उत्पादन मे.ट. | घटेको प्रतिशत | उत्पादन मे.ट. | घटेको प्रतिशत |
| धान | ४४३ | ५०.३४ | ५७९.७५ | ५२ | १४७५ | २५ | ४७७५ | ४१ | २२९ | १० |
| कोदो | ६५४ | ४९.८५ | ७४६ | ४९ | ६३६० | १ | १२५६ | ४० | ७१.० | २५ |
| मकै | ९४ | ५१.६५ | ९७ | ७६ | ४४१५ | ०.९१ | ४२६६ | ३२ | ३५० | ३० |
| चिनो | १६१ | ७५.३५ | ५७१ | ३८ | १७६ | १९.३१ | ८५ | ६५ | २१० | ३० |
| कागुनो | ५३ | ७४.६५ | ५०३ | ३५ | ८ | ३८.४६ | ५५ | ६० | ४३ | १५ |
| फापर | ३८४ | ७५.०० | ३०३ | ५५ | ४५ | २५ | १०५ | ४५ | ४१५ | २५ |
| सिमी | ८३३ | १०२.५९ | ३०८ | ६५ | ३३८० | ३१.४७ | १६० | ३५ | ९३७ | ३० |
| भटमास | २३ | ७६.६७ | ४७.५ | ५४ | ३५ | ० | १२३ | २५ | ४१ | २२ |

श्रोत: जिल्ला कृषि विकास कार्यालय (हुम्ला, मुगु, जुम्ला, कालीकोट र डोल्पा)

*- इन्सेक जिल्ला प्रतिनिधि, कालिकोट*


## पुस्तक समीक्षा

नेपाल मानव अधिकार वर्ष पुस्तक राज्य तथा गैरराज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका साथै राज्य र तिनका निकायले मानव अधिकारको संरक्षण र संवर्द्धनमा खेलेको भूमिकाका बारेमा विश्लेषणात्मक चर्चा गरिएको महत्वपूर्ण पुस्तक हो। सन् १९९२ देखि नियमितरूपमा प्रकाशन हुँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकमा देशका ७५ जिल्लामा भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको तथ्य तथ्याङ्क समावेश हुन्छन्। सन् २०१६ को नेपाल मानव अधिकार वर्ष पुस्तकमा अधिकारसम्बन्धी ठूला महासन्धिहरूका आधारमा घटनाको विश्लेषणका साथै मानव अधिकारको संरक्षण र संवर्द्धनमा राज्यले निर्वाह गरेको भूमिकाहरूको विश्लेषण गरिएको छ।

तीन परिच्छेद र ६ अनुसूचीमा विभाजित नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६ मा देशको मानव अधिकार अवस्थाको विश्लेषण गरिएको छ।

परिच्छेद एकमा "सन् २०१५ को मानव अधिकार स्थिति: समग्र मूल्याङ्कनमा संविधानले जगाएको आशा" शीर्षकअन्तर्गत जननिर्वाचित प्रतिनिधिमार्फत संविधान निर्माण भएकाले सन् २०१५ नेपालको इतिहासमा सर्वाधिक महत्वपूर्ण वर्षका रूपमा अङ्कित भएको, १४ जिल्लाको जनजीवन भूकम्पबाट अति प्रभावित भएको, संविधान निर्माणपश्चात् असन्तुष्टी पक्ष तराई मधेसीहरूले देखाएको बन्दको कारण भारतीय पक्षले गरेको अघोषित नाकाबन्दीले गर्दा देशको सम्पूर्ण जनजीवन कष्टकर भएको, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक-२०७१, बोक्सीसम्बन्धी (कसुर र सजाय) विधेयक-२०७१ ले मानव अधिकार उल्लङ्घनमा कमी जस्ता विषयवस्तुहरूको विवेचना गरिएको छ। त्यसैगरी यस परिच्छेदमा संविधानमा जनप्रतिनिधिको उच्चतम् समर्थन, भूकम्पपश्चात् पुनर्निर्माण र पुनर्स्थापना, तराई-मधेशद्वारा आन्दोलन तथा अधिकारको प्रश्न जस्ता विषयहरूलाई गम्भीरतापूर्वक बुझाउन खोजिएको छ। साथै यसमा प्रयोग गरेको नक्शा, चार्टहरूले पनि समग्र मूल्याङ्कनको मुख्य शीर्षकलाई बुझ्न सजिलो भएको र सन् २०१५ मा भएको आरोह र अवरोहलाई प्रष्ट्याएको छ। सन् २०१५ मा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू प्रतिबिम्बित हुने गरी फोटोहरू प्रकाशन गरिएको छ।

परिच्छेद दुई न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकामा विभाजन गरिएको छ। न्यायपालिकाअन्तर्गत नेपालको संविधान २०७२ ले विधिको शासन वा कानुनी राज्यको प्रवर्धन, मौलिक हक तथा कानुनी हकलगायतका मानव अधिकारको संरक्षण तथा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादनका लागि स्वतन्त्र र सक्षम रहेको, यस न्यायपालिका




जनताको न्याय, विधिको शासन र कानुनी राज्यको अन्तिम धरोहर भएको जानकारी दिनुको साथै यसले मानव अधिकार क्षेत्रमा पुऱ्याएको योगदानको लेखाजोखा गरिएको छ।

कार्यपालिकाअन्तर्गत संविधान निर्माण प्रक्रिया सुरु हुनासाथ विपक्षमा रहको नेकपा माओवादीले संविधानसभा बैठकमा गरेको भौतिक अवरोधका कारण संविधान निर्माण प्रक्रिया बिना नै सरकार र संविधानसभा चार महिनासम्म निष्क्रिय रहेको, वैशाख १२ गते विनाशकारी भूकम्पले गरेको धनजनको क्षति, प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा चार दल नेपाली काङ्ग्रेस, नेकपा एमाले, एकीकृत माओवादी तथा मधेशी जनअधिकार फोरम लोकतान्त्रिकबीच भएको १६ बुँदे सहमतिपछि संविधान २०७२ जारी भएको सो लगत्तै तराई मधेसको भू-भागलाई पहाडमा नजोडी प्रदेश बनाउनुपर्ने भन्दै मधेसी मोर्चाले मधेसमा आन्दोलन गर्दा बन्दको कारण भारतीय सीमा र भन्सार नाका ठप्प पार्ने आन्दोलनलाई नै समर्थन गर्दै भारतले अघोषित नाकाबन्दी गरेको विषयलाई यस परिच्छेदमा वर्णन गरिएको छ। साथै संविधान जारी भएपछिको सरकार, संविधान निर्माण प्रक्रिया र जारी भएपछिका हिंसात्मक घटना, भूकम्पपीडितलाई राहत तथा पुनर्निर्माणका प्रयास, मानव अधिकार राष्ट्रिय कार्ययोजना, राष्ट्रिय मानव अधिकार संयन्त्रहरू, जनसरोकारका विषय, सामाजिक सुरक्षा, सुकुम्बासी समस्या, अपाङ्गता अधिकारका विषयमा उल्लेख गर्नुको साथै सुशासन र कानुन कार्यान्वयनको अभावमा बढेको भ्रष्टाचार र तराई मधेसको आन्दोलन र नाकाबन्दीका कारणले मौलाएको कालोबजारी नियन्त्रण गरी अर्थतन्त्रलाई सरकारी नियन्त्रणमा राख्नुपर्ने सुझावहरू पनि जानकारी गराएको देखिन्छ।

व्यवस्थापिकाअन्तर्गत संविधान जारीपछि संविधानसभाको कार्य समाप्त भई २०७२ असोज ४ गतेदेखि संविधानसभा व्यवस्थापिका संसदमा रूपान्तरित भएको, व्यवस्थापिका संसदमा पेश भएका विधेयकमध्ये मानवअधिकारसँग प्रत्यक्ष सम्बन्धित र अन्य विधेयकको मानवअधिकारसँगको सरोकार सङ्क्षेपमा वर्णन गरिएको छ।

परिच्छेद पाँचमा पाँच विकास क्षेत्रको जिल्लागत छुट्टाछुट्टै उपशीर्षक राखेर वर्णन गरिएको छ। उपशीर्षक एकमा ओखलढुङ्गा जिल्लाका द्वन्द्वपीडित र हानिपूरणको अवस्थाको विषयमा जानकारी दिन खोजिएको छ। उपशीर्षक दुईमा रामेछाप जिल्लाको हायु जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाको विषय समेटिएको छ। यसैगरी, उपशीर्षक तीनमा मुस्ताङ जिल्लामा प्रचलित मुखिया प्रथा विशेष गरी समाज र समुदायमा उत्पन्न विवाद समाधान गर्नका लागि प्राचीनकालदेखि निरन्तररूपमा चल्दै आएको एउटा माध्यम रहेको र यदि कसैसँग विवाद भएमा सरकारी निकायमा नगई मुखियामा नै गई समस्या समाधान गर्ने गरेको विषयलाई जोडेर मुखिया प्रथाको उत्पत्तिदेखि मुखिया प्रथाका काम, कर्तव्य आदिको विषयमा यस उपशीर्षकमा अति सुक्ष्म ढङ्गले प्रस्तुत गरिएको छ।

उपशीर्षक चारमा दाङ जिल्लाको मुक्त कमलरीको विषयलाई लिएर कमलरी हुनुको विकासदेखि सरकारले देशमा कमलरी मुक्त घोषणा गरिए पनि कार्यान्वयन प्रभावकारी हुन नसकेको उल्लेख गरिएको छ।

उपशीर्षक पाँचमा कञ्चनपुरका सुनाहा जातिको बासस्थान, परम्परागत पेशा र भाषासंस्कृति आदिको विवेचना गर्नुको साथै दयनीय आर्थिक, सामाजिक, तथा सांस्कृतिक अवस्थाका विषयमा उल्लेख छ।

यस पुस्तकमा राखिएको अनुसूचीहरूमध्ये अनुसूची एकलाई यस पुस्तकको महत्वपूर्ण पाटोको रूपमा लिन सकिन्छ। जसले यस पुस्तकलाई चिनाएको छ भन्दा भनी अत्युक्ति नहोला। यस अनुसूचीमा ७५ ओटा जिल्लालाई पाँच विकास क्षेत्रमा विभाजन गरी मानव अधिकार उल्लङ्घन र ज्यादतीका तथ्याङ्कहरूलाई विभिन्न शीर्षकअन्तर्गत राखी अभिलेखिकरण गरिएको छ।

अनुसूची तीनमा यस पुस्तकको बारेमा विभिन्न राजनीतिक पार्टीगत धारणा, चारमा विभिन्न सरकारी क्षेत्रको धारणा र पाँचमा विभिन्न पेशामा संलग्न व्यक्तिहरूको आ-आफ्नो विचार समेटेको छ। साथै, अनुसूची छ मा यस पुस्तकको मूर्त रूप दिनको लागि खटिएका व्यक्तिहरूको नामावली राखिएको छ।

यो पुस्तक समग्र देशको मानव अधिकार अवस्था कस्तो छ भन्ने जानकारी पाउने एक मानव अधिकार दस्तावेजको रूपमा लिन सकिन्छ। साथै, कतिपय अवस्थामा अन्यायमा परेका पीडित पक्षलाई न्याय दिलाउन पनि ठूलो हतियारको रूपमा लिन सकिन्छ।

*पृष्ठ - ४३२, मूल्य- ५००, प्रकाशक- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)*

**प्रस्तुति - गीता माली**

लघु कथा

# लाचार कार्यदल



आत्माराम शर्मा पुडासैनी

मित्र राष्ट्रहरूले नेपाललाई ठूलो आर्थिक अनुदान र सहयोग दिए पनि बालुवामा पानी हाले जस्तै भएको थियो। आ-आफ्नो स्वार्थ अनुसार दिनेले दिइरहेकै थियो, लिनेले लिइरहेकै थिए। मुलत: दाता राष्ट्रहरूले सहयोग दिँदा देशको विकास निर्माण, शिक्षा, स्वास्थ्य आदिमा जोड दिएका थिए। पछिल्लो पटक शिक्षा र स्वास्थ्यको क्षेत्रमा उल्लेख्य अनुदान आएको थियो। तर लगानीको प्रतिफल भने धेरै नै न्यून थियो। लक्षित वर्गको जीवनस्तरमा कुनै ठोस प्रभाव परेको थिएन। दाता राष्ट्रहरूसँगको बैठकमा यो विषय बारम्बार उठ्ने गर्दथ्यो। मन्त्री र सचिवहरू भन्ने गर्दथे- हामीलाई तालिम लिन तपाईंहरूको देशमा पठाउनु पर्‍यो अनिमात्र समस्या समाधान गर्न सजिलो हुन्छ।

दाता राष्ट्रहरूले यस अगाडि नै पटक पटक तालिम दिइसकेका थिए। धूर्त सचिव र मन्त्रीहरूका यस्ता कुरा सुनेर विदेशीहरू छक्क पर्दै मनमनै सोच्ने गर्दथे- नेपालीहरूले हामीलाई नबुझेको हो कि ? नेपाललाई हामीले नबुझेको हो ? अन्तत उनीहरूले आपसमा लामो छलफल गरेर निचोड निकाले- नेपालीहरूलाई अनुदान मात्र दिएर भएन, नेपालको ठोस समस्या के हो ? हामी आफै गएर अध्ययन गर्नु पर्‍यो। यो विचारलाई सबै राष्ट्रका प्रतिनिधिले सहमति जनाए र उनीहरू नेपालको शहर र गाउँ गाउँ पसे।


करिब चार पाँच हप्ताको अध्ययन भ्रमणबाट फर्केपछि उनीहरूले बैठकमा प्रश्न राखे- हामीले स्कुल र स्वास्थ्य चौकी बनाउन दिएको सहयोग कहाँ गयो ? धेरै जसो गाउँ र शहरमा प्रत्येक पाँच मिनेटको दूरीमा भट्टि पसल भेटिन्छन् तर स्कूल, औषधि पसल र स्वास्थ्य चौकीको दूरी तीन चार घण्टा भन्दा बढी छ, यस्तो कसरी भयो ?

मिटिङमा सरकारका लाचार मन्त्री र सचिवहरूले आपसमा सल्लाह गर्दै भने- "मित्रहरूले उठाएको कुरा ठीक हो, अब तपाईहरूले गतिलो अनुदान दिएमा भट्टीहरूको दूरी किन यति नजिक भयो र स्कूल, स्वास्थ्य चौकीको दूरी किन टाढा भयो ? यही विषयमा अध्ययन गर्न विज्ञहरूको एउटा कार्यदल बनाउने छौं । र त्यसको रिपोर्ट तयार भएपछि त्यो कार्यदललाई तपाईहरूको देशमा पठाउने छौं"

*चावहिल, काठमाडौं*

कविता

# अहंकारको व्यापार



लेखनाथ भण्डारी

भन के हो जनको जगतमा सबको एक थोक  
जान यही हो जन सबमा पैसाको भोक चित्त ।  
माद उन्माद सत्ता शक्ति र स्वार्थ लिप्त  
जाने सन्देश सबमा थुपार जति सक्छौ टिप्न ।

हा-हाकर पानीको नै पनि जन जगतमा कतै  
डुबि मर्छौ पानीकै गर बन्द व्यापार खुबै ।  
आकासकै फल भो खाना र नानाको जता ततै  
अजिर्ण भै डकार्दै तिमी त्यागछौ ज्यान आफ्नै ।

सुन्ने को हो जब शुन्य छौ तिमी गुन्ने नै  
आँशु त झार्नै पर्छ सक्छौ कति झार्न थाम्नै ।  
नगरी व्यापार रगतको हाँस्ने हो कि सब जन अब  
रोक छेक ती तिम्रा अहंकारको हतियार व्यापार ।

*- वाशिंगटन डिसी, सयुंक्तराज्य अमेरिका*


**मानवअधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको**

**मानवअधिकार शिक्षा कार्यक्रम**

***देशभरका विभिन्न एफएम स्टेशनहरूबाट प्रत्येक शनिबार बिहान ७:३० बजे***


- सप्तकोशी एफ एम, ९० मेगाहर्ज सुनसरी
- रेडियो भिजन, ९१.६ मेगाहर्ज झापा
- नेपाल एफएम, ९१.८ मेगाहर्ज काठमाडौं
- रेडियो शैलुङ, ९२.७ मेगाहर्ज दोलखा
- हेटौडा एफ एम, ९६.६ मेगाहर्ज मकवानपुर
- रेडियो तनहुँ, ९७.२ मेगाहर्ज तनहुँ
- माछापुच्छ्रे एफ एम, ९१ मेगाहर्ज कास्की
- कृष्णसार एफ एम, ९४ मेगाहर्ज बाँके
- रेडियो रोल्पा, ९३.८ मेगाहर्ज रोल्पा
- धनगढी एफ.एम, ९०.५ मेगाहर्ज कैलाली
- शैलेश्वरी एफएम, १०५.९ मेगाहर्ज डोटी

**मानवअधिकार शिक्षा रेडियो कार्यक्रमः www.insec.org.np, www.inseconline.org र www.nepalmediaonline.com लग अन गरी संसारका जुनसुकै स्थानमा पनि सुन्न सक्नुहुन्छ ।**

अन्तर्वार्ता

# नेपालमा बिक्री वितरण गरिने सबै वस्तु गुणस्तरयुक्त छैनन्

**अधिवक्ता ज्योति बानियाँ उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष हुनुहुन्छ । उपभोक्ताको हकहित संरक्षणमा क्रियाशील बानियाँसँग नेपालमा उपभोक्ता अधिकारको अवस्था, चुनौती र समस्याका बारेमा प्राचीका लागि *विवेक ढुङ्गाना*ले गर्नु भएको कुराकानी यहाँ प्रस्तुत गरेका छौं ।**



**उपभोक्ता र उपभोक्ता अधिकार भनेको के हो ?**

उपभोक्ताको अधिकार भनेको जनजीविकाको अधिकारलाई भनिन्छ। उपभोक्ता अधिकार अधिकारहरूको पनि अधिकार हो। प्रत्येक वस्तु र सेवा किन्दा उपभोक्ताले कस्तो खाले अधिकार पाउँछन् भनी परिभाषित गरेको विषयलाई उपभोक्ता अधिकार भनिन्छ। उपभोक्ताको छनोटको अधिकार, उपभोक्ताको सुनुवाइको अधिकार, उपभोक्ताको सूचानसँग सम्बन्धित अधिकार, स्वच्छ सुनुवाइको अधिकार, क्षतिपूर्तिको अधिकार, शिक्षाको अधिकार, स्वच्छ वातावरणको अधिकार र आधारभूत वस्तु र सेवामा पहुँचको अधिकारलाई दुनियाभर उपभोक्ता अधिकारको रूपमा परिभाषित गरिएको अवस्था छ। यी अधिकारहरू तल्लो तहका जनताका लागि राखिएको अधिकार हो।

उपभोक्ता बिना बजार असम्भव छ। त्यसैले बजारको सार्वभौम उपभोक्ताहरू हुन्। सार्वभौम उपभोक्ताहरूको अधिकार निपेक्षण गर्नुपर्छ भन्ने मान्यताका साथ उपभोक्ताको अधिकारलाई प्रतिपादन गरिएको हो। नेपालमा निकै पछि यस अधिकारसम्बन्धी ऐन आयो। तर विश्वमा धेरै अघि नै यस अधिकारलाई संरक्षण गरिएको पाइन्छ।

**नेपालका उपभोक्ताहरूले आफ्नो अधिकारको उपयोग गर्न पाएका छन् त ?**

कानूनत २०५४ सालमा उपभोक्ता संरक्षण ऐन आयो। उक्त ऐनको दफा ६ मा उपभोक्ता अधिकारलाई राखिएको थियो। उक्त दफाले ६ ओटा उपभोक्ता अधिकारलाई समेटेको थियो। यद्यपि हालसम्म उपभोक्ताहरूले ती अधिकारहरूको उपभोग गर्न पाएका छैनन्। बजारबाट घर फर्कँदा उपभोक्ता अमिलो मन पारेर फर्कनुपर्ने अवस्था छ।

१० रुपियाँ मूल्य पर्ने सामान १ सय रुपियाँमा बेचिएका छन्। वस्तुको बिक्री, गुणस्तर, नापतौल जताजतै समस्या छ। नागरिकहरू सबैभन्दा बढी अन्याय, ठगी र मर्कामा परेको क्षेत्र उपभोक्ता क्षेत्र भएको छ। उपभोक्ताको मर्काको सुनुवाइ गर्ने, अधिकार संरक्षण गर्नुपर्ने दायित्व सरकारले पूरा गरेको छैन।

**नेपालमा बिक्री वितरण गरिने सबै उपभोग्य वस्तु वा सेवा गुणस्तरीय छन् त ?**

नेपालमा बिक्री वितरण गरिने सबै वस्तु गुणस्तरयुक्त छैनन्। सेवा गुणस्तरहीन छ। नयाँ संविधानमा बजारमा रहेका प्रत्येक वस्तु र सेवा गुणस्तरीय हुने, उपभोक्तालाई प्रत्येक वस्तु र सेवा गुणस्तरयुक्त प्राप्त हुने, वस्तु र सेवाको गुणस्तरको मानक तोकिने व्यवस्था गरिएको छ। यसकारण संविधान कार्यान्वयनकै पाटोमा यस विषयलाई लिएर जान आवश्यक छ।

**गुणस्तरहीन वस्तु वा सेवाले उपभोक्तामाझ कस्ता समस्या देखा पर्छन् ?**

गुणस्तरहीन वस्तु र सेवाले उपभोक्ता माझमा गम्भीररूपले असर गरिरहेको छ। जसकारण नयाँ-नयाँ रोगको विकास र क्रय शक्तिहरू समाप्त हुँदै गएका छन्। विदेशबाट डम्पीङ साईडको रुपमा र म्याद सकिएका सामाग्रीहरूलाई नयाँ लेवलिङका साथ नेपालमा सामान ल्याइएका छन्। यस्ता कार्यले सोझै रोग नित्याउने काम गर्छ।

**उपभोक्ता अधिकार र मानव अधिकारबीचको सम्बन्ध के हो ?**

चौथो पुस्ताको मानव अधिकारलाई उपभोक्ता अधिकार भनिन्छ।

**बजार अनुगमनका लागि ४७ जनाको उद्योग, वाणिज्य तथा उपभोक्ता हितसम्बन्ध संसदीय समिति गठन भएको अवस्था छ। तर, विडम्बना यसले सोचेझैं काम गर्न सकिरहेको छैन। जसरी बजार अनुगमन मौसमी हुने गरेको छ त्यसरी नै संसदीय समिति पनि मौसमी हुन पुगेको छ। कसैले घान लगाइदिए मात्र यसले काम गर्ने नत्र नगर्ने समितिको अवस्था छ। हाल बजार माफियाहरू अत्यधिक बलिया देखिएका छन्। माफियाहरू बलिया हुँदा त्यसको असर संसदीय समितिमा समेत परेको पाइन्छ। अझ राजनीतिक नेता र व्यापारीबीच फरक छुट्टयाउन नै गाह्रो पर्ने अवस्था आएको छ। यो देश, बजार र उपभोक्ताका लागि बिडम्बनाको विषय हो।**

मानवअधिकारको पाटो नै उपभोक्ता अधिकार हो। उपभोक्ता अधिकार आर्थिक अधिकारको मात्र पाटो नभई यो आधारभूत मानवअधिकारको पाटो हो। जति बढी उपभोक्ताको हित संरक्षण गर्न सकियो त्यति बढी मानव अधिकारको संरक्षण हुन्छ। पछिल्लो अवधिमा मानव अधिकार आयोगले उपभोक्ताको मानव अधिकार संरक्षणको छुट्टै निर्देशिका जारी गरेको छ। आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको खण्डमा पहिलो पटक यस्तो निर्देशिका जारी भएको हो। निर्देशिकाले उपभोक्ताको अधिकारलाई थप परिस्कृत गर्ने काम गरेको छ। जसले उपभोक्ता अधिकार मानव अधिकार हो भन्ने सत्यलाई प्रष्ट पारेको छ।

**नयाँ संविधानले उपभोक्ता अधिकार बारे कस्तो व्यवस्था गरेको छ ? यसको कार्यान्वयनमा के कस्ता चुनौतीहरू आउन सक्लान् ?**

नयाँ संविधान निर्माण अघिसम्म २०५४ सालको उपभोक्ता संरक्षण ऐनले नै उपभोक्ताको अधिकारलाई समेटेको थियो। केही देशहरूले उपभोक्तासम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा राखेका छन्। २०६३ सालमा अन्तरिम संविधान निर्माण गर्ने क्रममा उपभोक्ता हित संरक्षण मञ्चले राज्यको नीति, मौलिक हकमा उपभोक्ताको अधिकार राख्न र उपभोक्ता अधिकारको सुनिश्चितताका लागि छुट्टै आयोग गठन गर्न माग गरेको थियो। त्यसलाई केही राजनीतिक पार्टीहरूले सहज रूपमा लिँदै आफ्ना घोषणा पत्रमा उपभोक्ता अधिकारको विषलाई समेटेका थिए। संविधानसभाबाट पारित भएको नयाँ संविधानमा यिनै व्यवस्थाहरू राखिएको छ। तीन वर्ष भित्र केही नयाँ कानूनहरू निर्माण गनुपर्ने, कानुनहरू परिपूरणका लागि केही नीति र नियमहरू बनाउन आवश्यक छ। जसको कार्यायोजनामा हामी समावेश भईरहेका छौँ। यद्यपि यसको कार्यान्वयनमा चुनौतीहरू पनि धेरै छन्। विशेषगरी बजार केही ठूला व्यापारीहरूको हातमा छ। ती व्यापारीहरूको चङ्गुलबाट बजारलाई निकाल्नुपर्ने धेरै ठूलो चुनौती हाम्रा सामु छन्। त्यसैले उपभोक्ता अधिकारको कार्यान्व्यनमा चुनौतीको सामना गर्न सरकार र सरोकारवाला निकाय तयार रहनु पर्दछ।

**नेपालमा बिक्री वितरण गरिने सबै वस्तु गुणस्तरयुक्त छैनन्। सेवा गुणस्तरहीन छ। नयाँ संविधानमा बजारमा रहेका प्रत्येक वस्तु र सेवा गुणस्तरीय हुने, उपभोक्तालाई प्रत्येक वस्तु र सेवा गुणस्तरयुक्त प्राप्त हुने, वस्तु र सेवाको गुणस्तरको मानक तोकिने व्यवस्था गरिएको छ। यसकारण संविधान कार्यान्वयनकै पाटोमा यस विषयलाई लिएर जान आवश्यक छ।**

**उपभोक्ता हकहितका लागि भन्दै बजार अनुगमन र नीति, नियम कार्यान्वयनका लागि गठित संसदीय समितिहरूको कामप्रति यहाँको कस्तो विश्लेषण छ ?**

बजार अनुगमन जुनरूपले हुनुपर्ने थियो, त्यो हुन सकेको छैन। बजार अनुगमन गर्ने मुख्य जिम्मेवारी सरकारको हो। अपराध भईसकेपछि कानुनले आफ्नो बाटो लिन्छ। त्यसकारण अपराध हुनु पूर्व नै बजार ठिक छ की छैन भन्ने कुराको अनुगमन गरिनुपर्दछ। बजारमा सरकारको उपस्थिति हुन जरूरी छ। चाडबाड र बजारमा समस्या आएपछि मात्रै बजार अनुगमन गर्दा त्यसको प्रभावकारिता हुँदैन। यस्तो स्थिति रहिरहनु हुँदैन र २४ सै घण्टा बजार अनुगमन हुनु आवश्यक छ।

बजार अनुगमनका लागि ४७ जनाको उद्योग, वाणिज्य तथा उपभोक्ता हितसम्बन्ध संसदीय समिति गठन भएको अवस्था छ। तर, विडम्बना यसले सोचेभैm काम गर्न सकिरहेको छैन। जसरी बजार अनुगमन मौसमी हुने गरेको छ त्यसरी नै संसदीय समिति पनि मौसमी हुन पुगेको छ। कसैले घान लगाइदिए मात्र यसले काम गर्ने नत्र नगर्ने समितिको अवस्था छ। हाल बजार माफियाहरू अत्यधिक बलिया देखिएका छन्। माफियाहरू बलिया हुँदा त्यसको असर संसदीय समितिमा समेत परेको पाइन्छ। अझ राजनीतिक नेता र व्यापारीबीच फरक छुट्टयाउन नै गाह्रो पर्ने अवस्था आएको छ। यो देश, बजार र उपभोक्ताका लागि बिडम्बनाको विषय हो।

१ सय ३५ रुपियाँ पर्ने खाने तेललाई तीन सय रुपियाँ तिरी किन्न उपभोक्ताहरू बाध्य छन्। राजनीतिक पार्टीका नेता, मन्त्री महामन्त्रीहरू नै ठूला व्यापारमा मुछिएका कारण बजारमा महँगी र कर छलीले जरा गाडेको पाइन्छ। विगतमा बजार माफियाको तार नेतासँग खासै पुग्दैन थियो। तर अहिले हाई भोल्टेजको तार संवैधानिक निकायका प्रमुखहरूसँग जोडिन थालेको छ। यस्तो कार्यले नेपालमा कसरी कालो बजारीको अन्त्य हुन्छ ? त्यसकारण त्यो हाइ भोल्टेजको तार छिनाल्न जरूरी छ।

**उपभोक्ता अधिकारको पूर्ण कार्यान्वयनका लागि के गनुपर्ला ?**

उपभोक्ता अधिकारको पूर्ण कार्यान्वयनका लागि सर्वप्रथम उपभोक्ता आफै सजग रहनु पर्दछ। आजका उपभोक्ता सचेत मात्रै रहेका छन् तर, सक्रिय छैनन्। उपभोक्ता अधिकारको पूर्ण कार्यान्वयनका लागि उपभोक्तालाई मार्का पर्दा जाने ठाँउ चाहिन्छ। त्यसका लागि न्यायिक सनुवाइ गर्ने अदालतको खाँचो छ।

छिमेकी मुलुक भारतमा उपभोक्ताका लागि फास्ट ट्र्याक अदालतको व्यवस्था छ। तर नेपालमा हालसम्म उपभोक्ताको मार्का बुझ्ने न्यायिक निकाय छैन। यस्तै उपभोक्ता अधिकारको संरक्षण गर्न राज्यबाट बजेट विनियोजन हुन आवश्यक छ। हालसम्म उपभोक्ता अधिकारको संरक्षणका लागि शुन्य बजेटको अवस्था छ। त्यसैले राज्यले उपभोक्ता अधिकारको संरक्षणका लागि प्राथमिकता साथ बजेट बिनियोजन गर्नुपर्दछ। किनकी केवल अधिकार लेखिदिएर मात्र त्यसको प्रत्याभूति हुन सक्दैन त्यसका लागि तौल, तरिका र काम गर्न बजेटको आवश्यकता पर्दछ। यसैगरी व्यपारीहरूले पनि उपभोक्ता अधिकारको विषय मेरोविरुद्ध होइन भन्ने बुझी स्वच्छ बजार र प्रतिप्रर्स्धाका लागि सहजिकरणको भूमिका निर्वाह गर्दै आफ्नो दायित्व पूरा गर्नुपर्दछ। उपभोक्ताहरू जति बलिया हुन्छन् तबमात्र स्वच्छ बजार बलियो बन्दै जान्छ।

# इन्सेकका केही प्रकाशनहरू



# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal